# गन्धर्व जातिको विवाह प्रणाली

## (पो.उ.म.न.पा.-१६, बाटुलेचौरका गन्धर्वहरूमा आधारित एक समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस पोखरा, मानविकी सङ्काय
समाजशास्त्र/मानवशास्त्र विभागको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका निमित्त
प्रस्तुत गरिएको

# शोध-पत्र


प्रस्तुतकर्ता

ओमबहादुर थापा

रोल नं. ४०७/०५९

र.नं. ९६९९-९३

त्रिभुवन विश्वविद्यालय

मानविकी सङ्काय समाजशास्त्र/मानवशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा


२०६५

**त्रिभुवन विश्वविद्यालय**

**पृथ्वीनारायण क्याम्पस**

**समाजशास्त्र/मानवशास्त्र विभाग**

**पोखरा, कास्की**

# भाषा सम्पादकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय पृथ्वीनारायण क्याम्पसअन्तर्गत स्नातकोत्तर तह समाजशास्त्र/मानवशास्त्र विभाग, दोस्रो वर्षको दशौं पत्रको प्रयोजनका लागि समूह २०५९ क्रमाङ्क ४०७ का विद्यार्थी ओमबहादुर थापाले निकै परिश्रमपूर्वक तयार पार्नुभएको पो.उ.म.न.पा- १६ बाटुलेचौरका गन्धर्व जातिको समाजशास्त्रीय अध्ययन अन्तर्गतको 'गन्धर्व जातिको विवाह प्रणाली' शीर्षकको प्रस्तुत शोधपत्र भाषिक दृष्टिकोणले सन्तोषजनक रहेको कुरा प्रमाणित गर्दछु ।

....................................

डा. विष्णुप्रसाद पौडेल

सह-प्राध्यापक

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस

पोखरा

# सिफारिस–पत्र

त्रिभुवन विश्वविद्यालयबाट समाजशास्त्र विषयको स्नातकोत्तर उपाधिको आंशिक आवश्यकता पूर्तिका लागि मेरो निर्देशन र सुपरिवेक्षणमा श्री ओमबहादुर थापाले तयार गर्नुभएको **"गन्धर्व जातिको विवाह प्रणाली : पो.उ.म.न.पा. वडा नं १६ बाटुलेचौरमा आधारित एक समाजशास्त्रीय अध्ययन"** विषयक यस शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

..............................

शङ्करनाथ पौडेल

शोध-निर्देशक

पृथ्वीनारायण क्याम्पस

समाजशास्त्र⁄मानवशास्त्र विभाग

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी सङ्काय तथा सामाजशास्त्र/मानवशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह दशौं पत्रको प्रयोजनका लागि श्री ओमबहादुर थापाले यस विभागमा प्रस्तुत गर्नुभएको **"गन्धर्व जातिको विवाह प्रणाली : पो.उ.म.न.पा. वडा नं १६ बाटुलेचौरमा आधारित एक समाजशास्त्रीय अध्ययन"** विषयक यस शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| १. विभागीय प्रमुख : डा. विश्वकल्याण पराजुली | ................................ |
| २. विशेषज्ञ : डा. दीर्घमान गुरुङ | ................................ |
| ३. शोध-निर्देशक : शङ्करनाथ पौडेल | ................................ |

मिति : २०६६/२/१७

# कृतज्ञता-ज्ञापन

त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस पोखरा मानविकी सङ्काय समाजशास्त्र/मानवशास्त्र विभागको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि मात्रै प्रस्तुत शोधपत्र तयार पारिएको हो ।

अनुसन्धान आकारमा सानो, ठूलो जत्रो भए पनि जटिल कार्य हो । यस कार्यलाई सम्पन्न गर्नका लागि हरपल मस्तिष्कलाई व्यस्त राख्नुपर्दछ । नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषतायुक्त एक स्वतन्त्र र सार्वभौम राष्ट्र हो । विविध जाति-जनजातिहरूमध्ये दलित र पिछडिएको जातिको रूपमा रहेको पोखरा उपमहानगरपालिका वडा नं १६ बाटुलेचौरका गन्धर्व जातिको विवाह प्रणालीलाई प्रस्तुत शोध-पत्रको विषयवस्तु बनाएको छु ।

नेपाली सामाजिक संरचनामा गन्धर्व जाति एउटा छुट्टै लोकसंस्कृति बोकेको जाति हो । यहाँको गन्धर्व जातिको पुर्ख्यौली पेशा गीत गाउने, माग्ने, माछा मार्ने रहेको छ । यिनीहरू परापूर्व कालदेखि नै गीत गाउने, नाच्ने गर्दै आएको पाइन्छ । त्यसकारण नेपाली लोक सङ्गीतको जगेर्ना गर्न गन्धर्व जातिको पनि कम योगदान छैन । राष्ट्रिय एकीकरणमा र पटकपटकका राजनैतिक परिवर्तनमा पनि यिनीहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । प्रस्तुत शोध-पत्रले यहाँका गन्धर्व जातिको विवाह प्रणालीका बारेमा जान्न, बुझ्न उत्सुक हरेक व्यक्तिहरूलाई निश्चय नै सघाउ पुऱ्याउने छ भन्ने विश्वास लिएको छु ।

प्रस्तुत शोध-पत्रका शोध-निर्देशक आदरणीय गुरु श्री शङ्करनाथ पौडेलज्यूले शोध-कार्यसम्बन्धी आफ्नो विशेष अनुभवद्वारा मलाई सुसज्जित बनाई यस अनुसन्धान कार्यलाई सरलता एवं गहनतापूर्वक सम्पन्न गराउनमा विशेष भूमिका निभाउनुभएको हुँदा यसका निम्ति म वहाँप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

यस क्याम्पसका मानविकी सङ्काय समाजशास्त्र/मानवशास्त्र विभागका विभागीय प्रमुख आदरणीय गुरु डा. विश्वकल्याण पराजुलीज्यूप्रति आफ्नो कार्यव्यस्तताका बाबजुद सम्पूर्ण आवश्यक सहयोग र सर-सल्लाह दिनुभएकोमा हार्दिक आभार प्रकट गर्दछु ।

प्रस्तुत शोध-पत्रको सङ्कलित तथ्याङ्कहरूलाई आफ्नो कार्य व्यस्तताका बाबजुद पनि क्रमवद्ध रूपमा विश्लेषण गरी सहयोग गरिदिनुहुने आदरणीय गुरु अमृतकुमार भण्डारीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु । साथै शोध-पत्र तयार गर्न सैद्धान्तिक जानकारीका बारेमा सरसल्लाह एवं सुझाव दिनुहुने आदरणीय गुरु जनार्दन थापाज्यूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

यस अध्ययनको सिलसिलामा अध्ययनको क्षेत्रमा तथ्याङ्क सङ्कलन गर्ने क्रममा स्वयं आफैले प्रश्नावली भरिदिने र मौखिक जवाफ दिनुहुने गन्धर्व समुदायका सम्पूर्ण महिला तथा पुरुष उत्तरदाताहरूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। वहाँहरूको सहयोगबिना यो शोध-पत्र अपूरो हुने थियो। यो शोध-पत्र तयार गर्न आवश्यक सामग्री उपलब्ध गराउनु हुने अनन्य मित्र किरण थापाको गुन कहिल्यै बिर्सने छैन। त्यसै गरी गन्धर्व समुदाय विकास केन्द्रबाट प्राप्त सहयोगका लागि त्यस संस्थाप्रति पनि आभारी छु। साथै आवश्यक सहयोग गर्नुहुने मेरा सम्पूर्ण साथीहरूप्रति पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

अन्त्यमा प्रस्तुत शोध-पत्रलाई कम्प्युटर टाइप गरी सहयोग गरिदिनुहुने अमृत कम्प्युटर सर्भिसका मेरा मित्र श्री रामबहादुर वि.क.ज्यू पनि धन्यवादका पात्र हुनुहुन्छ।

शोधार्थी

..................................

ओमबहादुर थापा

पोखरा-१६, बाटुलेचौर

२०६५, चैत्र

# विषय-सूची

**अध्याय : एक**
सामान्य परिचय १
१.१. अध्ययनको पृष्ठभूमि १
१.२. समस्याको कथन ४
१.३. अध्ययनको उद्देश्य ५
१.४. अनुसन्धानको महत्त्व ५
१.५. अध्ययनको सीमा ७

**अध्याय : दुई**
२.१. सन्दर्भ साहित्यको अध्ययन ८
२.२. अवधारणागत ढाँचा १३
२.३. शब्दावलीको व्याख्या १४

**अध्याय : तीन**
अनुसन्धान विधि १६
३.१. अनुसन्धानको ढाँचा १६
३.२. अध्ययन क्षेत्रको छनोट १६
३.३. तथ्याङ्कका स्रोतहरू : १७
३.३.१. प्राथमिक स्रोत १७
३.३.२. द्वितीय स्रोत १८
३.४. समग्र जनसङ्ख्याको आकार १८
३.५. तथ्याङ्क सङ्कलनका तरिकाहरू १८
३.६. तथ्याङ्कको प्रकृति १९
३.७. तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण २०

**अध्याय : चार**
अध्ययन क्षेत्र र गन्धर्व समूहको परिचय २१
४.१. परिचय २१

४.२. कास्की जिल्लाको भौगोलिक परिचय २१
४.३. अध्ययन क्षेत्रको जानकारी २३
४.४. गन्धर्व जातिको उत्पत्ति र विकास २५
४.५. नेपालमा गन्धर्व जातिको जनसङ्ख्या २६
४.६. अध्ययन क्षेत्रका गन्धर्व जातिको जनसङ्ख्या २७
४.७. गन्धर्व जातिको लिङ्गको आधारमा वर्गीकरण २८
४.८. उमेरको आधारमा वर्गीकरण २९
४.९. शिक्षाको आधारमा वर्गीकरण २९
४.१०. पेशागत आधारमा वर्गीकरण ३०
४.११. पुर्ख्यौली पेशाका आधारमा वर्गीकरण ३१
४.१२. परम्परागत पेशामा आएको परिवर्तन ३२
४.१३. परम्परागत पेशामा परिवर्तन आउनुका कारणहरू ३३
४.१४. आर्थिक अवस्था ३४
४.१४.१. दैनिक आम्दानीको अवस्था ३४
४.१४.२. मासिक आम्दानीको अवस्था ३४
४.१५. सारांश ३५

**अध्याय : पाँच**

गन्धर्व जातिको विवाह प्रणाली ३६
५.१. परिचय ३७
५.२. विवाहका लागि केटा-केटी खोज्ने विधि ३८
५.३. विवाह छिन्दा गरिने विधि ३९
५.४. विवाह गर्ने विधि ३९
५.५. विवाह गरेको उमेरको विवरण ४५
५.६. विवाह संस्कार ४६
५.६.१. मागी विवाह ४६
५.६.२. प्रेम-विवाह ४६
५.६.३. सजातीय तथा विजातीय विवाह ४७

५.६.४. नातागत विवाह ४८

५.६.५. अन्तर्जातीय विवाह ४९

५.७. विवाहमा लागेको खर्च ५१

५.८. दाइजो प्रथा ५२

५.९. भोजभतेर ५३

५.१०. सारांश ५३

**अध्याय : छ**

गन्धर्व जातिको विवाह प्रणालीमा आएका परिवर्तनहरू ५५

६.१. विवाहको प्रचलनमा आएको परिवर्तन ५५

६.२. विवाह गर्ने उमेरमा आएको परिवर्तन ५५

६.३. आधुनिक शिक्षा ५६

६.४. पेशामा आएको परिवर्तन ५६

६.५. विवाह गर्ने विधिमा आएको परिवर्तन ५७

६.६. विवाह गर्ने निर्णयमा महिलाको स्थानमा आएको परिवर्तन ५९

६.७. दाइजो तथा भोजमा आएको परिवर्तन ६०

६.८. विधुर/विधवा विवाहप्रतिको धारणामा आएको परिवर्तन ६०

६.९. संस्कृतीकरण ६१

६.१०. राजनीतिक चेतनाको विकास ६१

६.११. सारांश ६२

**अध्याय : सात**

सारांश, उपसंहार र सुझाव ६४

७.१. सारांश ६४

७.२ उपसंहार ६६

७.३ सुझाव ६७

सन्दर्भ सामग्रीहरू ६९

परिशिष्ट

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ |
|---|---|---|
| तालिका नं. ४.१ | नेपालमा गन्धर्व जातिको जनसङ्ख्या | २७ |
| तालिका नं. ४.२ | अध्ययान क्षेत्रको गन्धर्व जातिको जनसङ्ख्या | २७ |
| तालिका नं. ४.३ | लिङ्गको आधारमा वर्गीकरण | २८ |
| तालिका नं. ४.४ | उत्तरदाताहरूको हालको उमेरको विवरण | २९ |
| तालिका नं. ४.५ | उत्तरदाताको शैक्षिक स्थिति | ३० |
| तालिका नं. ४.६ | हाल गन्धर्वहरूको पेशागत विवरण | ३१ |
| तालिका नं. ४.७ | गन्धर्व जातिको पुर्ख्यौली पेशाको विवरण | ३२ |
| तालिका नं. ४.८ | पुर्ख्यौली पेशा छाडेको विवरण | ३२ |
| तालिका नं. ४.९ | पुर्ख्यौली पेशामा परिवर्तन आउनुको कारण | ३३ |
| तालिका नं. ४.१० | दैनिक आम्दानीको अवस्था | ३४ |
| तालिका नं. ४.११ | मासिक आम्दानीको अवस्था | ३५ |
| तालिका नं. ५.१ | उत्तरदाताहरूको विवाह गर्दाको उमेर | ४६ |
| तालिका नं. ५.२ | मागी तथा प्रेम-विवाहको अवस्था | ४७ |
| तालिका नं. ५.३ | सजातीय तथा विजातीय विवाहको विवरण | ४८ |
| तालिका नं. ५.४ | नातागत विवाहको विवरण | ४८ |
| तालिका नं. ५.५ | नाताभित्र गरिएको विवाहको विवरण | ४९ |
| तालिका नं. ५.६ | अन्तर्जातीय विवाहको अवस्था | ५० |
| तालिका नं. ५.७ | अन्तर्जातीय विवाहप्रतिको धारणा | ५० |
| तालिका नं. ५.८ | उत्तरदाताहरूको विवाहमा लागेको खर्च विवरण | ५१ |
| तालिका नं. ५.९ | हाल विवाहमा गरिने खर्चको विवरण | ५२ |
| तालिका नं. ५.१० | दाइजोसम्बन्धी विवरण | ५२ |
| तालिका नं. ६.१ | हाल विवाह गरिने उमेर | ५६ |
| तालिका नं. ६.२ | आधुनिक पेशा हुँदा गरिने विवाहको अवस्था | ५७ |
| तालिका नं. ६.३ | विवाह गर्ने इच्छाको विवरण | ५८ |
| तालिका नं. ६.४ | जोडी खोज्ने बारेको विवरण | ५८ |
| तालिका नं. ६.५ | विवाह निर्णयमा महिलाको स्थान | ५९ |
| तालिका नं. ६.६ | विधुर/विधवा विवाहप्रतिको धारणा | ६१ |

# अध्याय : एक

# सामान्य परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

"विश्व मानचित्रमा एशिया महादेशमा अवस्थित नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषतायुक्त समान आकांक्षा र नेपालको राष्ट्रिय स्वतन्त्रता, राष्ट्रिय हित तथा समृद्धिप्रति आस्थावान रही एकताको सूत्रमा आबद्ध सबै नेपाली जनता समष्टि रूपमा राष्ट्र हो" (ने.अ.स. २०६३)। दुई ठूला राष्ट्र चीन र भारतको बीचमा अवस्थित यो देश भूपरिवेष्ठित भएर पनि तुलनात्मक रूपमा सानो छ। यसको उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत तथा पश्चिम, दक्षिण र पूर्वमा भारत पर्दछ। यस देशले विश्वको ०.०३ प्रतिशत र एसियाको ०.३ प्रतिशत भू-भाग ओगटेको छ। यस देशको भौगोलिक अवस्थिति उत्तरी आक्षांश २६°२२" देखि ३०°२७" र पूर्वी देशान्तर ८०°४" देखि ८८°१२" सम्म छ। समुद्रको सतहबाट अर्थात् बंगालबाट यो देश करिब ११२७ किमी टाढा रहेको छ। कुल क्षेत्रफल १४७१८१ वर्ग किमी रहेको छ। यस देशको आकार झट्ट हेर्दा चतुर्भुज आकारको छ। यस देशको पूर्व पश्चिम लम्बाइ औसतमा ८८५ किमी र चौडाइ २५१ किमी देखि १४५ किमी रहेकाले औसत चौडाइ १९३ किमी रहेको छ (के.त.वि. २००१)।

क्षेत्रफल सानो भए तापनि सामाजिक, सांस्कृति तथा भौगोलिक विविधताले भरिपूर्ण रहेको र यही विशेषताले विश्वसामु चिनिएको छ। उत्तरको हिमाली भन्ज्याङ पार गरेर उत्तरपूर्व क्षेत्रबाट आउने मंगोल जाति, दक्षिणको घनघोर जंगलको औलो जंगली जन्तुको शिकार हुनबाट बचेर आउने र पश्चिमको पहाडै-पहाड भएर पूर्व लागेका खस आर्यहरू साथै व्यापारिक उद्देश्यबाट नेपाल पसेका मुसलमानहरू आज एकै नेपाली धरातलमा अटाएर बसेका छन्। यहाँ विभिन्न जातजाति भए पनि आर्थिक, सामाजिक, सांस्कृतिक आदि सम्पर्कले सबै एकआपसमा नजिक हुन पुगेका छन्। सोहीअनुरूप आज नेपालमा हेर्ने हो भने १०२ (राष्ट्रिय जनगणना २०५८ : ७२-७३) जातजातिहरू बसोबास गर्दै आइरहेका छन्।

नेपालमा बहुजातिको स्थिति आउनमा धेरै कारणहरूले भूमिका खेलेको आभास हुन जान्छ। इतिहासका विभिन्न कालखण्डमा यहाँ विभिन्न दिशाबाट विभिन्न जातजातिका मानिसहरूसँग मिसिने प्रक्रिया निरन्तर चल्दै जानुले पनि नेपालमा बहुजातिको स्थिति रहन

गएको हो । यी विभिन्न जातिहरूमा आ-आफ्नै प्रकारका भाषा, संस्कृति, चाड, पर्व, लवाइखवाई रहेको छ । यहाँ ठूलो सङ्ख्यामा हिन्दू धर्मावलम्बी देखिन्छन् । अद्वितीय र अतुलनीय धार्मिक र सांस्कृतिक सहिष्णुताका कारण नै हाम्रो देश अनेकतामा एकताको उदाहरण बनेको छ भन्दा अत्युक्ति नहोला । संस्कृतिले भाषा, कला, धर्म आदि समेतलाई अँगालेको हुन्छ । कुनै पनि जाति वा समुदायमा प्रचलित राम्रा रीतिथितिहरू परम्परा बनेर लामो समयसम्म जीवित रहन्छन् । पछि गएर तिनै कुराहरू समाजमा प्रतिष्ठित भएर रहन्छन् । समयको गतिसँगै सामाजिक मूल्य-मान्यताहरू पनि परिवर्तन हुँदै जान्छन् । युगौंदेखि चल्दै आएका भएर ती कुराहरू परिमार्जित हुँदै जान्छन् र ती मूल्य-मान्यता, जीवनशैली, परम्परा आदि कुराहरू संस्कृति बनेर जाति र समुदायमा रहन्छन् तसर्थ कुनै पनि जाति वा समुदायको चिनारी त्यस जातिको संस्कृतिले दिन्छ ।

क्षेत्रीय विवरणका आधारमा हेर्दा विशेष क्षेत्रमा आ-आफ्नै जातिको बाहुल्यता भए तापनि परापूर्वकालदेखि नै हाम्रो एउटै भौगोलिक क्षेत्रको बसोबासले गर्दा एउटै धार्मिक आदर्श र मूल्यले गर्दा हामी एउटै नेपाली सामाजिक व्यवस्थामा आबद्ध हुँदै जाँदा साथै राष्ट्रिय एकीकरणपछिका परिवर्तन र गतिशीलताले सबैलाई एकआपसमा नजिक्याएको छ। जातीय बाहुल्यताले गर्दा यहाँ कति पेशागत आधारमा हामी जाति छुट्टिएका छौं । कति रक्त शुद्धता र परस्पर भौतिक र आध्यात्मिक मान्यताअनुरूप आफ्नो रीतिस्थिति र एकै ठाउँको बसोबासले गर्दा एकअर्कामा अलग रहन पुगेका छौं । यसै आधारमा हामी एक समूहबाट अर्को समूहमा केही अर्थमा फरक छौं । हाम्रो बसोबासको ढाँचा, चालचलन अलग-अलग भए पनि वर्तमानको तीव्र सम्पर्कले गर्दा हामी नेपाली एउटै सामाजिक संगठनको एकीकृत धरातलमा आबद्ध हुँदैछौं । नेपाल आकारमा सानो भौगोलिक रूपमा विविधता हुनुका साथै बसोबास गर्ने जातजातिको धर्म, संस्कृति, भाषा आदिमा पनि विविधता रहेको हुनाले यहाँ विभिन्न जातजातिहरू बसोबास गर्दछन् यसको बारेमा स्पष्ट गर्दै आजभन्दा करिब २०० वर्ष अगाडि शाहवंशीय राजा पृथ्वीनारायण शाहले नेपाललाई चार वर्ण छत्तीस जातको साझा फूलबारी हो भनेर नेपालको बहुजातीय स्थितिलाई स्पष्ट पारेका थिए ।

यसरी नेपाल विविध भाषाभाषी, जातजाति, धर्म, रीतिरिवाज, मूल्य, मान्यता, संस्कृति भएको राष्ट्र भए तापनि यहाँ मूल प्रवाहमा आउन नसकी पिछडिएका जातजातिहरूको खोज-अनुसन्धान गरी उनीहरूको जीवनस्तर उकास्न विभिन्न नीति-नियम तय गर्नु र उनीहरूको संस्कृति लोप हुन नदिनु आजको आवश्यकता हो । आजको विश्व द्रुतगतिमा परिवर्तन भए

तापनि यिनीहरूमा कुनै पनि खालका परिवर्तन देखा परेनन् तर पनि उनीहरूले आफ्नो संस्कृतिलाई संरक्षण र सम्बर्द्धन गरिरहेको पाइन्छ ।

नेपालमा २००७ सालपछि मात्र यी विभिन्न जातजातिहरूको अध्ययन-अनुसन्धान नगण्य रूपमा हुन थालेको पाइए तापनि त्यसभन्दा अघि केही अध्ययन-अनुसन्धान भए पनि ती समाजशास्त्रीय/ मानवशास्त्रीय उद्देश्यले गरिएका थिएनन् । त्यसैले सात सालपछि मात्र नेपालमा स्वदेशी तथा विदेशीले समाजशास्त्रीय/मानवशास्त्रीय दृष्टिकोणमा अध्ययन-अनुसन्धानको सुरुआत गरेको प्रष्ट हुन्छ । सीमित अध्ययनले गर्दा यहाँ सबै जातजातिको विस्तृत रूपमा अध्ययन हुन सकेको छैन ।

देशमा छरिएर रहेका विविध जातिहरूको दाँजोमा कथित अछूत जातिहरू जस्तो दमाई, कामी, सार्की, पोडे, गन्धर्व, वादीलगायत अन्य जातिहरू बढी पिछडिएको र अल्पसंख्यक जातिका रूपमा रहेका छन् । यी जातिहरू बहुसंख्यक माथिल्ला जातिको दाँजोमा चेतनाको कमी, गरिबी, अशिक्षा सरकारी नीतिको कमी एवं नागरिक अधिकारको ज्ञानको कमी जस्ता कारणले गर्दा गरिबीको रेखामुनि नै रहेका छन् । यी अल्पसंख्यामा रहेका जातिमध्ये गन्धर्व जाति पनि एक हो । समाजका अन्य जातिभन्दा छुट्टै किसिमको पेशा अपनाएका गाइने जातिको आफ्नै किसिमको विशेषता छ । यिनीहरूले पहिलेदेखि नै गायन पेशा आँगालेर वीररसले ओतप्रोत भएको कर्खा, धार्मिक भावनाले भरिपूर्ण माल-मङ्गल, मालश्री र झ्याउरे गीतहरूलाई सारङ्गीको सुमधुर धुनमा साधेर लोकमानसमा मनोरञ्जन प्रदान गर्ने, साथै नेपाली लोकसंस्कृतिको जगेर्ना, संरक्षण र सम्बर्द्धन गर्ने कलाकार हुन् । यिनीहरूले नेपालको राष्ट्रिय एकीकरणको महायज्ञमा युद्धको मोर्चामा गई वीररसको कर्खा गीत गाएर नेपाली योद्धाहरूको हृदयमा बलिदानी भावना जगाउने ऐतिहासिक महत्त्वको काम गरेका छन् । यिनीहरूका सङ्गीतका साधनमध्ये सारङ्गी र अरवाजो नै प्रमुख रहेका छन् । सञ्चारका साधनको यथेष्ट विकास नभएको तत्कालीन नेपाली समाजमा घटेका सामाजिक अपराध र सामाजिक घटनाहरू गाउँ-गाउँमा गएर सङ्गीतका माध्यमबाट व्यक्त गर्दथे । २०५८ सालको राष्ट्रिय जनगणनाअनुसार गन्धर्वहरूको जम्मा जनसङ्ख्या ५,८८७ रहेको छ । विशेष गरी गन्धर्व जातिको बसोबास गोर्खा, तनहूँ, कास्की, बागलुङ, पाल्पा जिल्लामा अन्य जिल्लामा भन्दा बढी रहेको पाइन्छ । यसमा पनि कास्की जिल्लाका बाटुलेचौर, हेमजा, रिट्ठेपानी, गगनगौंडा, वरसाम्मी, अर्घौं आदि ठाउँमा यस जातिले बसोबास गर्दै आएको पाइन्छ । यसअन्तर्गत कास्की जिल्लाको पोखरा उपमहानगरपालिका वडा नं. १६ बाटुलेचौरमा नेपालकै सबैभन्दा बढी घरधुरी

र जनसङ्ख्या रहेको पाइन्छ । नेपालमा अन्य अछूत जातिहरू जस्तै गन्धर्व पनि एक अछूत र विशेष पेशा भएको जाति हो । माथिल्ला जाति भनेर चिनिने ब्राह्मण, क्षत्री र मतवाली जातिको घरमा भित्र पस्न यिनीहरूलाई प्रतिबन्ध छ । त्यसै गरी देवीदेवताको मन्दिरभित्र पनि पस्न र पूजा-आजा गर्न प्रतिबन्ध छ तर नेपालको अन्तरिम संविधान २०६३ मा समानताको हक साथै छुवाछूत तथा जातीय भेदभाव विरुद्धको हक प्राप्त भएको छ । हाम्रो देशमा समाज विकासको बाधकको रूपमा जातीय उचनिचता रहेको भनेर भन्दा अतियुक्ति नहोला । गन्धर्वलाई गाइने वा गायक भनेर पनि भन्ने गरिन्छ । उनीहरूको मुख्य पेशा सारङ्गी बजाई गीत गाउनु, नाच्नु र माग्नु हो । यसरी मागेर ल्याएको अन्नपातले आफ्नो गर्जो टारेको पाइन्छ तर हाल जागिर र दैनिक व्यापारको कारणले आफ्नो परम्परागत पेशा छोडी आधुनिक पेशामा बढी मात्रामा लागेको पाइन्छ । त्यसैले अहिले उनीहरूको पेशामा परिवर्तन आएको छ ।

यिनीहरूको वैवाहिक संस्कार पनि अन्य जातिको भन्दा छुट्टै खालको रहेको छ । त्यसैले आफ्नो छुट्टै खालको सांस्कृतिक पहिचान राख्न सफल रहेका गन्धर्व जातिको वैवाहिक प्रणालीको अध्ययन-अनुसन्धान हुनु नितान्त आवश्यक पक्ष हो ।

## १.२. **समस्याको कथन**

नेपाल आकारमा सानो भए तापनि विभिन्न जातिहरूको बसोबास भएकाले यो देशलाई बहुजातीय राष्ट्र भनेर चिनिन्छ । नेपालमा भएका सबै जातिहरूका आ-आफ्नै छुट्टै किसिमका भाषा, संस्कृति, रहनसहन, मूल्य-मान्यता रहेका छन् । यी विभिन्न सांस्कृतिक विविधता भएको जातिहरूमध्ये गन्धर्व जाति पनि एक हो । यो जाति लोकसंस्कृतिका दृष्टिले पनि धनी छ । गन्धर्व जाति लोकसंस्कृतिमा सम्पन्न हुनका साथै उनीहरूमा आफ्नै रीतिरिवाज, विवाह संस्कार, दाहसंस्कारलगायत  अन्य सामाजिक, संस्कार, चाडपर्व, पूजा-आजा आदि पर्व छ तर आज यी सबैको विस्तारै लोप हुँदै गएको हुनाले गन्धर्व जातिको मात्र नभई देशको सम्पत्ति नै गुम्ने अवस्थामा पुगेको स्थिति छ । यसको पूर्ण रूपमा संरक्षण र सम्बर्द्धन नगरेमा लोप हुने निश्चित छ । यिनीहरूको मौलिक रीतिरिवाज लोप हुनुमा वर्तमान परिवेशीय कारण पनि एक प्रमुख कारण हो । गन्धर्व जातिको कृषियोग्य जमिनको पहिलादेखि नै अभाव, अशिक्षाको कारणले गाउँ-गाउँमा चाहार्दै सारङ्गीको धुनसँगै गीत गाएर अन्नपात माग्दै जीवन चलाएको पाइन्छ तर हाल विभिन्न ठाउँमा जागिर र दैनिक व्यापारले गर्दा परम्परागत पेशामा परिवर्तन आएको छ । यसले गर्दा उनीहरूको आर्थिक, सामाजिक, सांस्कृतिकलगायत अन्य क्रियाकलापमा परिवर्तन आएको देखिन्छ । गन्धर्व जातिको अन्य पक्षमा अनुसन्धान भए पनि यस विषयमा पूर्णरूपले

भएको पाइँदैन। त्यस्तै सरकारी स्तरबाट पनि यिनीहरूको जीवनस्तर उकास्न तथा विविध अधारभूत सुविधाहरू उपलब्ध गराउनु साथै यिनीहरूको मौलिक संस्कृतिलाई जोगाउन ठोस योजना तथा प्रयत्न भएका छैनन्। गन्धर्व जातिको विवाह प्रणालीका बारेमा अहिलेसम्म कुनै पनि अध्ययन अनुसन्धान नभएको हुँदा यस विषयमा शोध गर्न लागिएको छ। पेशागत रूपमा चिनिने गन्धर्व जातिको मुख्य पेशा सारङ्गी बजाई गीत गाउने, नाच्ने, माग्ने र माछा मार्ने रहेको छ। जागिर, व्यापार र शिक्षाले परम्परागत पेशामा प्रभाव पारेको छ। यस अध्ययनले तल उल्लेख गरिएका प्रश्नसहित अन्य प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिएको छ।

(क) गन्धर्व जातिको विवाह प्रणाली र त्यसमा परिवर्तन ल्याउने कारक तत्त्वहरू के के हुन् ?

(ख) पेशागत परिवर्तनले विवाह प्रणालीमा कस्तो प्रभाव पारेको छ ?

(ग) आधुनिकीकरणले गन्धर्व जातिको विवाह प्रणालीमा कस्तो प्रभाव पारेको छ ?

(घ) अन्य जातिको विवाह प्रणालीले के कति प्रभाव पारेको छ ?

(ङ) गन्धर्व जातिको पहिचानको रूपमा रहेको परम्परागत विवाह प्रणाली किन लोप हुँदै गएको छ ?

## १.३. अध्ययनको उद्देश्य

नेपाल विविध जातजाति, भाषाभाषीहरूका साथै विभिन्न सांस्कृतिक विशेषताले सु-सम्पन्न एक राष्ट्र हो। यहाँ आ-आफ्नै सांस्कृतिक रीतिरिवाज, रहनसहन, मूल्य-मान्यताहरू छन्। यहाँका विभिन्न जातजातिहरूको बारेमा विभिन्न अध्ययनहरू भएका छन्। नेपाली सामाजिक संरचनामा एक दलित र उत्पीडित जातिका रूपमा रहेको गन्धर्व जातिको बारेमा समग्र रूपमा खासै अध्ययन भएको देखिँदैन। यस जातिको पनि नेपाली राष्ट्रिय एकतामा महत्त्वपूर्ण योगदान रहेकोले यिनीहरूका बारेमा अध्ययन हुनु आवश्यक छ। अनुसन्धान प्रतिवेदन तयार गर्न निम्न उद्देश्य राखिएको छ :

(क) गन्धर्व जातिको विवाह प्रणालीको बारेमा पहिचान गर्ने।

(ख) गन्धर्व जातिको विवाह प्रणालीमा आएको परिवर्तनलाई लेखाजोखा गर्ने।

## १.४. अनुसन्धानको महत्त्व

नेपाल बहुजाति, बहुभाषिक र बहुसांस्कृतिक मुलुक हो। समाजको अध्ययन निरन्तर चलिहरन्छ किन भने समाज गतिशील हुन्छ। त्यसकारण समाजको अध्ययन गर्नु आफैमा एक महत्त्वपूर्ण कार्य हो। सामाजिक तथा सांस्कृतिक विविधताले भरिएको समाजको संरचनामा

यहाँका प्रत्येक जाति-जनजातिहरूको समान योगदान रहेको पाइन्छ। यहाँका सम्पूर्ण जातजातिहरूलाई मूल प्रवाहमा ल्याउनु नितान्त आवश्यक रहेको छ। यहाँको वस्तुस्थिति, सामाजिक एवं सांस्कृतिक अन्तरसम्बन्धलाई बुझ्न यहाँका सम्पूर्ण जाति तथा जनजातिको समग्र पक्षको अध्ययन-अनुसन्धान निरन्तर रूपमा भइरहनु अति जरुरी छ। यहाँ सम्पूर्ण जातिका आ-आफ्नै किसिमका धर्म, संस्कृति, परम्परा, भाषा, मूल्य मान्यता, प्रथा, रीतिरिवाज रहेको पाइन्छ। नेपाली समाजको एक महत्त्वपूर्ण तर पिछडिएको जातिको रूपमा रहेका गन्धर्वहरूको सांस्कृतिक जीवनलाई प्रस्तुत अध्ययनको विषयवस्तु बनाइएको छ। यिनीहरूको सामाजिक, आर्थिक, सांस्कृतिक परम्परा र जीवन जिउने शैली अन्य जातिको भन्दा फरक रहेको छ।

गायन पेशाप्रति पूर्ण रूपमा समर्पित भई जीवन यापनको मुख्य आधार बनाउनुको साथै नेपाली लोकसंस्कृतिको संरक्षणमा समेत महत्त्वपूर्ण योगदान दिएका छन्। समाजमा घटेका घटनालाई आफ्नो स्वरमा परिणत गरी गाउँ-गाउँ डुल्दै प्रचार-प्रसार गर्नमा यिनीहरूको महत्त्वपूर्ण योगदान रहेको छ। नेपालको एकीकरणको सन्दर्भमा पनि युद्धको मोर्चामा रही वीररसले ओतप्रोत 'कर्खा' गीत गाउँदै सारङ्गी बजाउँदै नेपाली सपुतहरूलाई युद्धमा जान हौसला दिने काममा पनि गन्धर्वहरूले महत्त्वपूर्ण भूमिका खेलेका थिए। गीत गाउने, मागी खाने, माछा मार्ने यिनीहरूको प्रमुख पेशा रहेको र समाजको जातीय संरचनाअनुसार 'अछूत' जातिको रूपमा रहेकाले यिनीहरूको छुट्टै खालको संस्कृति रहेको छ। यिनीहरू धार्मिक दृष्टिकोणले हिन्दू धर्मावलम्बी हुन्, जसले गर्दा अध्ययन गर्नलायक विषय बन्न पुगेको छ। यस अध्यनको सैद्धान्तिक र व्यावहारिक महत्त्व रहेको छ। सैद्धान्तिक महत्त्वअन्तर्गत यस अध्ययनबाट प्राप्त हुने जानकारीहरूले यस जातिको सामाजिक, सांस्कृतिक पक्षको वर्तमान अवस्थाको ज्ञान हुनुका साथै विगतका अवस्थाको बारेमा समेत थाहा हुनेछ। यस जातिको परम्परा, रीतिरिवाजको बारेमा भइरहेको परिवर्तन र यस परिवर्तनको दिशा, स्वभाव र गति आदिका बारेमा पनि सैद्धान्तिक ज्ञान प्राप्त हुन्छ। यस जानकारीका सहायताबाट देशका विभिन्न योजना तथा विकासका कार्यक्रमहरू बनाउन, नीतिनिर्माण गर्न, योजनाको उद्देश्य तय गर्न र योजनाहरू बनाउन आदि कुराहरूमा यस अध्ययनले सहयोग पुर्‍याउने व्यावहारिक महत्त्व रहेको छ।

यसरी यस अनुसन्धानले समग्र गन्धर्व जातिको पहिचानको साथै विवाह प्रणालीको बारेमा आएको परिवर्तन बुझ्न मद्दत मिल्दछ। साथै आउँदा दिनहरूमा गन्धर्व जातिको विषयमा अध्ययन गर्ने समाजशास्त्री/मानवशास्त्रीहरूलाई समेत गन्धर्व जातिको विवाह प्रणालीका बारेमा प्रारम्भिक जानकारी दिन सक्नेछ।

## १.५. अध्ययनको सीमा

प्रत्येक अध्ययन अनुसन्धानको आफ्नै सीमा हुने भएकाले यही सीमाको आधारमा अध्ययनलाई सीमाबद्ध गर्नुपर्ने आवश्यकता हुन्छ । अध्ययन अनुसन्धान कार्य सरल र सहज हुँदैन । यो कार्य भनेको नै कुनै निश्चित अवधिमा, निश्चित ठाउँमा, निश्चित उद्देश्य प्राप्त गर्न गरिने कार्य भएकाले यसबाट प्राप्त परिणाम पनि सोही अनुसारको हुन्छ । त्यसैले यो अध्ययन अनुसन्धानको पनि निश्चित सीमाभित्र मात्र यसको परिणाममूलक निष्कर्षहरू मान्य हुन्छन् । त्यसैले यस अध्ययनका पनि आफ्नै किसिमका सीमा रहेका छन् ।

(क) यो अध्ययन बाटुलेचौरका गन्धर्व समुदायमा सीमित रहेर गरेको हुनाले यसबाट प्राप्त निष्कर्षहरू अन्य क्षेत्रका गन्धर्व समुदायसँग मेल नखान सक्छ । वर्तमान परिवेशबमोजिम समाज परिवर्तनशील भएको कारणले अध्ययन अनुरूप लागू नहुन सक्छ ।

(ख) यो अध्ययन छोटो अवधिमा गरिएको हुनाले प्राप्त गर्नुपर्ने सबै तथ्याङ्कहरू प्राप्त गर्न समय पर्याप्त नभएको हुँदा अवलोकन र विभिन्न चरित्र भएका व्यक्तिहरूसँग लिइने अन्तर्वार्ता, घरधुरी सर्वेक्षणबाट निकालिएको निष्कर्ष शतप्रतिशत ठीक नहुन पनि सक्छ ।

(ग) यो अध्ययन सीमित खर्च र स्रोतसाधनबाट गर्नुपर्ने भएकाले अनुसन्धानलाई आवश्यक पर्ने सबै सामग्रीहरूको अभावमा पनि अनुसन्धानलाई बढी वर्णनात्मक र विश्लेषणात्मक बनाउने प्रयास गरिएको छ ।

(घ) यो अध्ययन कुनै सिद्धान्त लागू नगरी यसमा वर्णनात्मक र व्याख्यात्मक रूपमा पोखरा उपमहानगरपालिका वडा नं. १६ बाटुलेचौरका गन्धर्व जातिको विवाह प्रणालीको बारेमा अध्ययन गरिएको छ ।

(ङ) यो अध्ययन त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस पोखरा समाजशास्त्र/ मानवशास्त्र विभागको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि मात्रै तयार गर्न लागिएको हो । यसमा वर्णनात्मक र व्याख्यात्मक रूपमा गन्धर्व जातिको विवाह प्रणालीका बारेमा अध्ययन गरिएको छ ।

# अध्याय : दुई

## २.१. सन्दर्भ साहित्यको अध्ययन

विवाह समाजको एउटा सबभन्दा पुरानो र बढी महत्त्वपूर्ण सामाजिक संस्था हो। समाजलाई सङ्गठित गर्न र स्थायित्व प्रदान गर्न यसको महत्त्वपूर्ण भूमिका रहेको छ। प्राचीन समयमा महिला-पुरुषबीच सम्बन्ध कायम हुन्थ्यो, जसलाई समाजसापेक्ष विकास गराउने कार्य विवाह प्रथाको विकास पछि मात्र भयो। विवाहले गर्दा नाता सम्बन्धको विकासका साथै अपनत्व भन्ने भावनाको विकास गर्‍यो, जसको कारण समाजको विकास द्रुत गतिमा अगाडि बढ्यो। विवाहले एउटा निश्चित उद्देश्य बोकेको हुन्छ र महिला-पुरुषको त्यो उद्देश्य पूरा गर्नका लागि सामाजिक नियम र संस्कारभित्र रहेर अधिकार र दायित्व निर्वाह गर्दछन्।

परम्परादेखि प्रत्येक समाजमा प्रचलित विवाह महत्त्वपूर्ण संस्थाका रूपमा रहेको छ। विवाहपछि के-के गर्न हुन्छ र के-के गर्न हुँदैन भनेर समाजले सङ्केत गरेको पाइन्छ र त्यसैमा रहेर महिला-पुरुषले कार्य गर्दछन्। समाजले यौन सम्बन्ध राख्ने, बच्चा जन्माउने, पालनपोषण गर्ने कार्य विवाहपश्चात् मात्र स्वीकृति प्रदान गर्छ। विवाह सर्वव्यापक साथै परम्परादेखि समाजमा अविछिन्न रूपमा विकास भएको पद्धति हो। विवाहलाई समाजको एउटा स्थायी संस्था हो भनेर भन्नु अत्युक्ति नहोला। विवाह गर्ने सन्दर्भमा समाजमा प्रचलित मूल्य, मान्यता, रीतिरिवाज, प्रथा आदि कुराको अधीनमा रहेर गर्नुपर्दछ। एउटा कोरा मानिस विवाहपश्चात् परिपक्व हुन्छ साथै समाजका हरेक कार्य गर्न ऊ सक्षम हुन्छ भन्ने हाम्रो समाजको मान्यता रहेको छ। त्यसैले विवाह हाम्रो समाजमा सामाजिक संस्थाका रूपमा स्थापित भएको पाइन्छ।

हाम्रो समाज विविध जातजाति, भाषा, संस्कृतिले भरिएको छ। समाजपिच्छे हरेक क्रियाकलापहरू फरक-फरक रहेको पाइन्छ। हाम्रो समाज मात्र नभई विवाह कहिलेबाट शुरु भयो भनेर किटान साथ भन्न सकिने अवस्था छैन। यसको विकासको सम्बन्धमा भने विभिन्न समाजशास्त्री/मानवशास्त्रीहरूले आ-आफ्नो धारणा राखेको पाइन्छ। शुरुको अवस्थामा विनारोकटोक महिलासँग यौन सम्बन्ध कायम राख्दथे। त्यसले गर्दा यौन अनियन्त्रित अवस्थामा रहेको थियो। केही समय स्वास्नीलाई ऋणमा लिने चलनको विकास भयो। त्यति बेला बाबुको कुनै स्थान थिएन। त्यसैले बच्चाहरू आमाको नामबाट चिनिने चलन थियो र त्यस बेला समाज मातृसत्तात्मक थियो।

मानवशास्त्री Lewis Morgan ले विवाहको विकासक्रम निम्नानुसार उल्लेख गरेका छन् :

(क) रक्तसम्बन्धमा आधारित विवाह : यसअन्तर्गत आफ्नै रगत, नाताभित्र विवाह हुने गर्दथ्यो । यसलाई मानव समाजको पहिलो तहको विवाह भन्न सकिन्छ ।

(ख) समूह विवाह : यो दोस्रो तहको विवाह हो । यस बेला एक समूहका पुरुषहरूले अर्को समूहका महिलाहरूसँग विवाह गर्दथे । यिनीहरूबीच यौन सम्बन्ध समूहभित्र खुला थियो ।

(ग) अस्थायी प्रकृतिको विवाह : एउटी महिला र पुरुषबीच वैवाहिक सम्बन्ध कायम हुन्थ्यो भने यसमा स्थायित्व भने हुने थिएन । विवाहपश्चात् पनि यौन इच्छा भए अन्य कसैसँग पनि सम्बन्ध राख्न सक्दथे ।

(घ) पितृप्रधान विवाह : यसमा एउटा पुरुषले धेरै जना महिलासँग वैवाहिक सम्बन्ध कायम राख्दथे । वंशको धारणा विकास भएको कारणले यस बेला धेरै विवाह गर्दथे ।

(ङ) एकलगामी विवाह : यो भनेको एउटा पुरुष र एउटी महिलाबीच मात्र विवाह गर्ने प्रचलन हो । हाल हाम्रो समाजमा यस्तै खालको विवाह प्रणाली बढी प्रचलनमा छ ।

प्राचीन समयमा विवाहले औपचारिक रूप लिएको थिएन । त्यस बेला महिला-पुरुषबीच स्वतन्त्र जैविकीय सम्बन्ध मात्र कायम हुने गर्दथे तर त्यस सम्बन्धले विवाहको रूप लिएको थिएन । समय बित्दै जाँदा विवेकको पनि विकास भयो र महिला-पुरुष सँगै बस्ने र स्वतन्त्र यौन सम्बन्ध पनि नियन्त्रित हुँदै गयो । त्यसपछि महिला-पुरुष सँगै बस्ने, सुख-दुःखमा एकअर्कालाई साथ दिने प्रचलनको विकास भयो र विवाहले औपचारिक रूप लियो । शुरुमा मातृसत्तात्मक समाज भएको कारणले जन्मेको बच्चा आमाको नामबाट चिनिने प्रचलन थियो । समय र समाजको विकास हुँदै जाँदा हरेक जातजाति, भाषाभाषी, विविध खालका मूल्य-मान्यता, रीतिरिवाज, प्रथा भएको समाजमा विवाह गर्ने प्रचलन पनि विविध खालको थियो । विवाह समाजमा एउटा सामाजिक संस्थाको रूपमा स्थापित भयो । यो संस्था सामाजिक नीति-नियमद्वारा सञ्चालित हुन्छ । समाजमा प्रचलित रहेका हरेक विवाहका स्वरूपहरूमा वर्तमान समयमा परिवर्तन आएको पाइन्छ ।

नेपाली हिन्दू समाजमा बालविवाहलाई स्वीकारिएको थियो । लगभग ७-८ वर्षको

उमेरमा विवाह गरिदिने प्रचलन थियो। रजस्वला हुनुभन्दा पहिला नै विवाह गरिदिने र चोखो जल खाँदा पवित्र हुन्छ भन्ने मान्यता थियो। त्यही मान्यताअनुरूप बाल-विवाह भएको पाइन्छ। हाल यस्तो विवाहमा परिवर्तन आएको छ भने यस्तो विवाहलाई कानुनले दण्डनीय मानेको छ। वर्तमान समयमा सबै समुदायमा बिहाबारी गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए १८ वर्ष र संरक्षकको मञ्जुरी नभए २० वर्ष नपुगी विहावरी गर्न गराउन हुँदैन भन्ने छ (मुलुकी ऐन, २०५९)। वर्तमान समाजमा जातभात हेर्ने कुरामा पनि कमी आएको छ। अभिभावकले आफ्ना छोराछोरीलाई औपचारिक रूपमा कुरा राखी विवाह गरिदिने प्रचलन बढेको पाइन्छ। मागी विवाहको साथ-साथै अन्तर्जातीय विवाह, प्रेम-विवाह गर्ने प्रचलन बढेको छ। सीमित जातमा रहेको बहुपति र बहुपत्नी विवाह प्रणालीमा कमी आएको पाइन्छ। छोरा नजन्मेमा अर्को विवाह गर्ने चलनमा पनि कमी आएको छ। छोरा र छोरीलाई समान रूपमा हेरिनुपर्छ भन्ने धारणाको विकास भएको छ। विवाहमा दाइजो प्रथाले समाजमा झनै ठूलो जरा गाडेको छ, जसले गर्दा कतिपय महिलाले ज्यान गुमाएका छन् भने जीवित रहेका कतिपय महिलाहरूले एक्लो र अन्धकारमय जीवन यापन गरेका छन्। धनाढ्य समुदायले तडकभडकपनले विवाह गरिदिएर सामान्य आर्थिक हैसित भएका व्यक्तिलाई ठूलो असर परेको छ। जनजाति समुदायमा मामाचेली फुपूचेला विवाह गर्ने प्रचलनमा परिवर्तन आएर त्यसभन्दा बाहिर विवाह गर्ने चलन बढेको छ। त्यसकारण हाम्रो नेपाली समाजमा रहेका विविध खालका विवाह पद्धतिमा परिवर्तन आएको पाइन्छ।

आधुनिक समाजमा परम्परादेखि चलनचल्तीमा रहेको विवाह पद्धतिमा परिवर्तन आएर समयसापेक्ष बनेको देखिन्छ। शिक्षित वर्गको वृद्धि, आधुनिकीकरण, पेशा, कानुनको विकास, महिला अधिकारको विकास आदि कारणले गर्दा विवाह पद्धतिमा परिवर्तन देखिएको छ। विवाहलाई समयसापेक्ष बनाउनका लागि कतिपय नकारात्मक कुराहरूलाई हटाएको पाइन्छ। वर्तमान समाजमा मागी विवाहको साथसाथै प्रेम-विवाह, अन्तर्जातीय विवाह गर्ने प्रचलन बढेको छ। प्रेम-विवाह तथा अन्तर्जातीय विवाहलाई हाम्रो समाज र घरपरिवारले स्वीकार गर्ने प्रवृत्तिको विकास भएको देखिन्छ। दाइजो प्रथामा केही हदसम्म परिवर्तन आएको छ। विभिन्न जाति-जनजातिमा रहेको विवाह पद्धतिमा परिवर्तन आएको देखिन्छ। आधुनिक समाजमा जीवनसाथीको छनौट गर्ने चलनमा वृद्धि भएको छ, जसले गर्दा सदियौंदेखि समाजमा रहेको लैङ्गिक विभेदमा पनि परिवर्तन आएको पाइन्छ।

शोध अध्ययन एवं अनुसन्धान गर्दा विषयगत सन्दर्भ सामग्रीहरूको अध्ययन गरी विस्तृत

जानकारी हासिल गर्न नितान्त जरुरी हुन्छ। यस गन्धर्व जातिका बारेमा धेरै नै अध्ययन अनुसन्धान भएका छन्। तर विवाह प्रणालीका बारेमा आजसम्म विस्तृत अध्ययन हुन सकिरहेको छैन। यहाँ केही विद्वान्हरूले आफ्नो अध्ययन साहित्यमा उल्लेख गरेका कुराको आधारमा सन्दर्भ सामग्रीहरू प्रस्तुत गरिएको छ।

नेपाल मानवशास्त्रीय दृष्टिकोणले अध्ययन-अनुसन्धानका निम्ति स्वर्ग नै मानिन्छ (विष्ट, १९७२)। नेपालमा आफ्नैपनको लोकसंस्कृतिको बहुमूल्य खानी नै छ र त्यसको बाहुल्य पनि नेपाली लोकसंस्कृतिको अन्वेषण र अध्ययनको निम्ति विश्वका विभिन्न शैक्षिक संस्था, अन्वेषण केन्द्र तथा निजी अनुसन्धानकर्ताहरूको अन्वेषणको केन्द्र बनेको छ।

जनकविकेशरी तथा लोकगायक धर्मराज थापाले बाटुलेचौरमा बसोबास गरेका गाइने जातिका बारेमा विभिन्न पुस्तक प्रकाशित गरेको पाइन्छ। जसमा 'हाम्रो लोक गीत' (२०२०), 'गण्डकीको सुसेली' (२०३०) र 'मेरो नेपाल भ्रमण' (२०३२) मा गाइने जातिको सामाजिक, सांस्कृतिक र सांगीतिक क्षेत्रका बारेमा उल्लेख गरेको पाइन्छ।

पृथ्वीनारायण शाहले राष्ट्रिय एकीकरण गर्दा समेत एकीकरणको समयमा गीत सङ्गीतको माध्यमबाट राष्ट्रिय एकीकरणलाई गाइनेहरू साथै तिनीहरूका अगुवा मणिराम गाइनेले दिलो ज्यान दिई मद्दत गरेका थिए। गाइनेहरूले नेपाली लोकगीत र सङ्गीतलाई ऐतिहासिक समयदेखि नै विकास र संरक्षण गर्दै आईरहेका छन्। त्यस्तै २००७ सालको प्रजातान्त्रिक जनक्रान्तिमा समेत गाइनेहरूले प्रजातन्त्रको लागि गीत र सङ्गीतको माध्यमबाट लडाईं लडेका थिए (दर्नाल, २०४३ : ४७)।

गाइने गीतलाई विशेष गरी तीन भागमा विभाजन गरी पुरुषार्थको गीतलाई कर्खा, धार्मिक धारणाबाट प्रभावित भएको गीतलाई माल-मङ्गल र लोक धुन समेटिएको गीतलाई लोकगीत भनेर गाउँदै हिँड्ने यी गाइनेहरूलाई मुखाकृतिको आधारमा एक विद्वान्ले आर्य सभ्यताको उपज मानेका छन् (म्याक्डोनाल्ड, १९७५: १६९)।

सामाजिक रूपले दलित र आर्थिक रूपले पीडितस्तरमा रहनु परेकोले उनीहरूमा हीनताबोध पलाएको र 'गाइने' शब्दमा हेय भाव झल्केको त्यसप्रति वितृष्णा उत्पन्न भएको र संस्कृतिकरणअन्तर्गत माथिल्लो जातिको नाम, रीतिरिवाज, संस्कृतिलाई अँगालेको कारण गाइने शब्दको सट्टा गन्धर्व वा गायक भन्न रुचाएको देखिन्छ (श्रेष्ठ, २०४४: ९१)। अनुसन्धाकर्ताले गन्धर्व जातिको सामाजिक र सांस्कृतिक जीवनको बारेमा अध्ययन गरेर पनि विवाह प्रणालीका बारेमा उल्लेख गरेका छैनन्।

बाटुलेचौरका गाइने जातिको मानवशास्त्रीय अध्ययनको क्रममा सामाजिक, आर्थिक अवस्थामा आएको परिवर्तन र परम्परागत पेशामा आएको परिवर्तनको बारेमा उल्लेख गरी जातीय उत्थानको बारेमा सुझावहरू पनि प्रस्तुत गरेको पाइन्छ (कार्की, २०५९)। अनुसन्धानकर्ताले गन्धर्व जातिका संस्कारअन्तर्गत विवाहका बारेमा छोटकरीमा लेखेका छन् भने विस्तृत खालको विवाह प्रणालीका बारेमा लेखेको पाइँदैन ।

'सबैका जातको फूलबारी' भन्ने पुस्तकमा विभिन्न जातजातिहरूका बारेमा विस्तृत रूपमा लेखिए पनि गन्धर्व जातिको बारेमा कहीँ कतै उल्लेख गरेको पाइँदैन (विष्ट, २०३०)।

पश्चिमका बादी-बदिनी र भाटहरूले जस्तै गाईनेहरूले पनि कर्खा र गाथाहरू राणाहरूलाई सुनाएर खुशी पारी पाएको नगद तथा जिन्सीबाट गुजारा गरेको पाइन्छ। यसको साथै त्यसबेला जनताको दैलो-दैलोमा गई मनोरञ्जन दिलाई मागी खानु भन्ने आदेश भएकोले उनीहरूले खेतीपाती वा अन्य व्यवसाय नगरेको र खाली मागेर मात्र आफ्नो जीविका चलाउने गरेको देखिन्छ (जिसी, २०४४: १५)। अनुसन्धानकर्ताले छोटो रूपमा भए पनि विवाहका बारेमा उल्लेख गरेको पाइन्छ। तर त्यो पनि पूर्ण खालको देखिँदैन ।

इन्द्रप्रसाद खैटूले अ फिल्ड रिपोर्ट अन द गन्धर्व कम्युनिटी भन्ने रिपोर्टमा पनि गन्धर्व जातिको परिचय, जनसङ्ख्या, पेशागत क्रियाकलाप, शैक्षिक अवस्थालगायत अन्य कुराको बारेमा छोटो रूपमा भए पनि गन्धर्व जातिको बारेमा महत्त्वपूर्ण कुराहरू उल्लेख गरेको पाइन्छ (खैटू, २००४)।

गाईनेहरूको जातमा हर प्रकारको विवाह प्रचलनमा रहेको भए तापनि पहिलो पिढिमा मागी विवाह भएको र आजका नयाँ पिढिमा बढी प्रेम-विवाह भएको पाइयो। मागी विवाहमा बाबुआमा या नातागोताले केटा खोजिदिने र प्रेमविवाहमा आफूले इच्छाएको व्यक्तिसँग राजीखुशी भई केटाकेटी स्वयंले विवाह गरेको पाइयो। यहाँ धेरैजसो गाइने पुरुषले आफ्नै पारामा र कसैले अन्तर्जातीय दमै, कामी आदि जातका महिलासँग विवाह गरेको पाइयो भने छोरीहरूले ब्राह्मण, क्षेत्री, गुरुङ आदि जातसँग विवाह गरेको पाइन्छ (खनाल, २०६०: ५६)।

गन्धर्व सङ्गीत र संस्कृति भन्ने किताबमा गन्धर्व जातिको सङ्गीत संस्कृतिको बारेमा सूक्ष्म रूपमा अध्ययन गरेको पाइन्छ। यसमा गन्धर्वहरूले विभिन्न समयमा गाउने गीतका बारेमा स्पष्ट रूपमा उल्लेख गरिएको छ। यसै अन्तर्गत गन्धर्वहरूको विवाहको बेलामा गाउने गीतको पनि स्पष्ट रूपमा उल्लेख गरिएको पाइन्छ (नेपाली, २०६०)।

विनोद बिन्दु शर्माले टोबाको कन्जम्प्सन प्याटर्न एमोङ्ग उमन अफ गन्धर्व कम्युनिटी एण्ड


इफेक्टिभनेस अफ एन्टी-टोबाको इनिसियटिभ्स भन्ने अनुसन्धान प्रतिवेदनमा बाटुलेचौरका गन्धर्व महिलाको बारेमा अनुसन्धान गरे पनि गन्धर्व जातिको सामाजिक संस्कार र संस्कृतिभन्दा फरक खालको अनुसन्धान भएको कारणले विवाहका बारेमा कुनै पनि चर्चा गरिएको छैन (शर्मा, २०६१)।

## २.२. अवधारणागत ढाँचा


अन्य जातिभन्दा छुट्टै खालको पेशा, भाषा र संस्कृति बोकेको गन्धर्व जाति जनसाङ्ख्यिकीय दृष्टिकोणले हेर्न हो भने अन्य जातिभन्दा थोरै नै पाइन्छ। थोरै भए पनि नेपालको एकीकरणदेखि लिएर नेपाली समाजको संस्कृतिलाई चिनाउने क्रममा यिनीहरूको महत्त्वपूर्ण योगदान रहेको छ। सम्बन्धित साहित्यको अध्ययन गरी उद्देश्य र समस्या कथनलाई समेत आधार मानी निम्नअनुसार अवधारणात्मक ढाँचा निर्माण गरिएको छ।

रेखाचित्र नं. १

गन्धर्व जातिको विवाह प्रणालीको अवधारणागत ढाँचा




पहिला-पहिला गन्धर्व समाजमा मूल्य, मान्यता, आर्थिक/सामाजिक संरचना, धर्ममा आधारित विवाह हुन्थ्यो र सानो उमेरमा विवाह गर्ने प्रचलन थियो। त्यस बेला मागी विवाह बढी हुने गर्दथ्यो भने प्रेम-विवाह यदाकदा हुने अवस्था थियो। वर्तमान गन्धर्व समाजमा परिवर्तन देखिएको विवाह प्रणालीलाई तल अर्को रेखाचित्रमा प्रस्तुत गरिएको छ।




गन्धर्व जातिको विवाह प्रणालीलाई परिवर्तन ल्याउन पेशागत परिवर्तन, संस्कृतीकरण, आधुनिक शिक्षा, राजनीतीकरण, परिपक्व उमेरमा विवाह गर्ने प्रचलनले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । मागी विवाहको साथ-साथै प्रेम-विवाह र अन्तर्जातीय विवाह गर्ने प्रचलन बढेको पाइन्छ । त्यस कारण गन्धर्व जातिको विवाह प्रणालीमा उल्लिखित कारणहरूले परिवर्तन ल्याएको पाइन्छ ।

## २.३. शब्दावलीको व्याख्या

| | | |
|---|---|---|
| उत्तरदाता | : | अध्ययनको सिलसिलामा प्रश्न सोधेपछि जवाफ दिने व्यक्ति |
| उमेर | : | उत्तरदातासँग अन्तर्वार्ता लिने बेलामा बताएको उमेर |
| पेशा | : | दैनिक आर्थिक आर्जनको लागि गरिने कार्य |
| शिक्षा | : | प्राथमिक, निम्नमाध्यमिक, माध्यमिक र उच्च शिक्षालाई जनाउँछ |
| अछूत | : | हिन्दू वर्णनुक्रमअनुसार तल्लो जात |
| वैवाहिक अवस्था | : | विवाहित वा अविवाहित |
| कर्खा | : | वीरतामा आधारित गीतको प्रकार |
| माल-मङ्गल | : | धार्मिक/पौराणिकतामा आधारित गीत |
| सारङ्गी | : | गन्धर्व जातिको पहिचान गराउने एक नेपाली बाजा |
| अर्वाजो | : | पुरुष गन्धर्वले बजाउने बाजा |
| विवाह प्रणाली | : | गन्धर्व जातिले विवाह गर्ने तरिका |
| मालश्री | : | शुभ कार्यमा गाईने गीत |
| रत्यौली | : | बेहुलाको घरमा महिलाहरूले मात्र गाउने गीत |

| | |
|---|---|
| सक्योनी | : विवाहमा गाउने एक प्रकारको गीत |
| तरबार नाच | : तरबार लिएर नाचिने नाच |
| बुकुवा | : पिनासहितको तोरीको तेल बेहुलालाई घस्ने एकप्रकारको विधि |
| सुपारी छाम्ने | : पानीले भरिएको तामाको ताउलोमा १ वटा सुपारी र धेरै नै कुटुसको पात हाली बेहुला बेहुलीलाई सुपारी खोज्न लगाउने विधि |
| सांस्कृतिक परिवर्तन | : गन्धर्व जातिको संस्कृतिमा आएको परिवर्तन |
| कुलीन विवाह | : केटीले आफूभन्दा माथिको जातसँग विवाह गर्ने |
| विधवा विवाह | : श्रीमान्को मृत्यु भएको महिलासँग विवाह गर्ने |
| जारी विवाह | : अर्काकी श्रीमतीलाई विवाह गर्ने |
| अन्तर्जातीय विवाह | : आफ्नो जातबाहेक अन्य जातसँग गर्ने विवाह |
| पुनर्विवाह | : पुनः विवाह गर्न पाउने अवसर |
| प्रतिलोम विवाह | : केटाले आफूभन्दा माथिको जातको केटीसँग विवाह गर्ने |
| प्याला | : रक्सी माग्ने गीत |
| हलेदीको कपडा | : विवाहको दिनमा लगाएका कपडा |
| छुराकर्म | : कपाल खौरने कार्य |
| भत्कौरो | : जन्ती जानुभन्दा पहिला दुलाहाको घरबाट दुलहीको घरमा जाने व्यक्ति |
| कन्यादान | : कन्यालाई गोत्र टुटाएर दुलाहालाई दान गर्ने काम |
| माडो घुम्ने | : जग्गियालाई दाहिने पारेर दुलाहा-दुलहीले घुम्ने कार्य |
| माहुर चटाउनु | : थालको दहीलाई आधा-आधा गरी एकअर्कालाई छर्कने काम |
| दुरानी | : विवाहको भोलिपल्ट दुलाहा-दुलही ससुराली जाने |
| लुठो | : पुरुषको कपडा लगाएर रत्यौलीमा नाच्ने महिला |

# अध्याय : तीन

# अनुसन्धान विधि

यस अध्ययनमा शोध अध्ययन अनुसन्धानका लागि प्रयोग गरिने अनुसन्धान विधिका बारेमा वर्णन गरिएको छ । अनुसन्धानको निम्न विधिको माध्यमबाट सम्बन्धित आवश्यक तथ्याङ्क सङ्कलन र उपयोग गरिएको छ ।

## ३.१. अनुसन्धानको ढाँचा

यहाँ जाति विशेषको अध्ययन गर्न अध्ययनका विभिन्न ढाँचाहरूमध्ये मूलतः वर्णनात्मक अनुसन्धान ढाँचालाई उपयुक्त एवं सापेक्ष ठानी आत्मसात गरिएको छ । साथै अन्वेषणात्मक अनुसन्धान ढाँचाको पनि सहयोग लिइएको छ । यस अध्ययनमा तथ्याङ्क सङ्कलन र तथ्याङ्क विश्लेषणको योजना बनाई अनुसन्धान ढाँचा तयार गरिएको छ । यस अध्ययन कास्की जिल्ला पोखरा उप-महानगरपालिकाका गन्धर्व जातिको विवाह प्रणालीमा केन्द्रित रहेको छ । गन्धर्व जातिका विवाह प्रणालीको समाजशास्त्रीय अध्ययनका लागि मुख्यः वर्णनात्मक, विश्लेषणात्मक र अनुसन्धनात्मक ढाँचालाई पनि समावेश गरिएको छ, जसले गर्दा यस अध्ययनको उद्देश्य र लक्ष्यमा पुग्न यो ढाँचा उपयुक्त ठानिएको छ ।

## ३.२. अध्ययन क्षेत्रको छनोट

यस अनुसन्धानको क्षेत्र नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत गण्डकी अञ्चल, कास्की जिल्ला पोखरा उपमहानगरपालिका वडा नं. १६ बाटुलेचौरमा बसोबास गर्ने गन्धर्व बस्ती नेपाल अधिराज्यको सबैभन्दा ठूलो बस्ती हो । यसैलाई प्रस्तुत अनुसन्धानको अध्ययन क्षेत्र बनाइएको छ । प्राकृतिक सौन्दर्यले भरिपूर्ण पोखरा शहरदेखि उत्तरी भेगमा अवस्थित यस क्षेत्र माछापुच्छ्रे हिमालको काखमा खेलिरहेको छ । यस क्षेत्रको ऐतिहासिक महत्त्व पनि रहेको छ, शाहवंशीय राजा कुलमण्डन शाहको हिउँदेकालीन दरबार यसै ठाउँमा थियो । यस किसिमको ऐतिहासिकता भएको बाटुलेचौरमा सांस्कृतिक कलाकर्मीको रूपमा चिरपरिचित गन्धर्वहरू धेरै पहिलादेखि नै बसोबास गर्दै आएका देखिन्छन् । यस क्षेत्रका अन्य जातजातिहरूभन्दा छुट्टै खालको सांस्कृतिक विशेषता बोकेको गन्धर्व जातिको प्रमुख परम्परागत पेशा मागेर हिँड्ने, माछा मार्ने र गाउने बजाउने थियो । हाल परम्परागत पेशामा परिवर्तन आएको छ । जसले गर्दा गन्धर्व जातिको सामाजिक, आर्थिक, सांस्कृतिक क्षेत्रमा परिवर्तन आएको छ । गन्धर्व

जातिको विवाह प्रणाली अन्य जातको भन्दा छुट्टै खालको सांस्कृतिक विशेषता बोकेको छ। गन्धर्व जातिको विवाह प्रणालीमा आएको परिवर्तनलाई बुझ्नको लागि अध्ययन क्षेत्रको छनोट गरिएको छ।

### ३.३. तथ्याङ्कका स्रोतहरू

कुनै पनि अनुसन्धान कार्यको प्रमुख अंश भनेको तथ्याङ्क सङ्कलन तिनीहरूको विश्लेषण एवं सामान्यीकरण हो। समान्यीकरणको आधारमा निष्कर्षमा पुगिन्छ तर त्यस कार्यको लागि सम्बन्धित घटना वा विषयमा विश्वसनीय र प्रमाणिक तथ्याङ्कहरू सङ्कलन गर्नुपर्दछ। प्राकृतिक रूपमा विद्यमान वातावरणबाट भौतिक रूपमा प्राप्त केही तथ्याङ्कहरूबाहेक अन्य तथ्याङ्कहरू व्यक्ति, समूह वा सम्बन्धित संस्थाको मेहनत र परिश्रमबाट मात्र प्राप्त गर्न सकिन्छ। यसका लागि कुन विधि उपयुक्त हुन्छ भन्ने कुरा पहिले नै योजना बनाई सोही विधिको प्रयोग गरी तथ्याङ्क सङ्कलन गर्नुपर्दछ। अध्ययन एवं अनुसन्धान गरिने विषयमा जति धेरै तथ्यहरू सङ्कलन गर्न सकिन्छ त्यति नै अध्ययन र अनुसन्धानको निष्कर्ष बलियो बनाउन सकिन्छ। यसरी सङ्कलन गर्दा गुणात्मक र सङ्ख्यात्मक दुवै प्रकारका तथ्यहरू प्राप्त हुन्छन्। सामान्यतया तथ्याङ्कका स्रोतलाई प्राथमिक स्रोत र द्वितीय स्रोतमा वर्गीकरण गरिन्छ।

#### ३.३.१. प्राथमिक स्रोत

अनुसन्धानकर्ता स्वयं वा सहयोगीको माध्यमबाट प्रत्यक्ष रूपमा अध्ययन क्षेत्रमा गई अध्ययन समस्यासँग सम्बन्धित व्यक्ति वा समूहबाट सङ्कलन गरिने तथ्याङ्कहरूलाई प्राथमिक तथ्याङ्क भनिन्छ। अर्थात् अध्ययनकर्ता वा अनुसन्धानकर्ताले अध्ययन समस्याका बारेमा प्रथम पटक सङ्कलन गरेको तथ्याङ्कहरू प्राथमिक तथ्याङ्क हुन्। प्राथमिक तथ्यहरू त्यसभन्दा पहिला प्रकाशित भएका हुँदैनन् वा प्रकाशित कृतिबाट उद्धृत गरिँदैन। यसलाई पनि दुई प्रकारबाट लिन सकिन्छ। जस्तो अध्ययन क्षेत्रभित्रका व्यक्तिहरूको प्रत्यक्ष निरीक्षणद्वारा उनीहरूको विचार बुझ्नु प्राथमिक सूचनाको पहिलो स्रोतअन्तर्गत पर्दछ भने विभिन्न व्यक्तिहरू, अनुसन्धान विषयको बारेमा जान्ने वा ज्ञातामार्फत लिइने प्राथमिक स्रोतको दोस्रो स्रोत हो।

प्राथमिक स्रोतबाट लिइएका तथ्याङ्कहरू बढी वैज्ञानिक र विश्वसनीय हुने हुँदा अनुसन्धान कार्यमा यसको महत्त्वपूर्ण स्थान रहन्छ। यसै अनुरूप यस अनुसन्धानमा प्राथमिक स्रोतलाई विशेष जोड दिइएको छ। प्राथमिक स्रोत अन्तर्गत अवलोकन, अन्तर्वार्ता, अनुसूचि, प्रश्नावली आदिको माध्यमबाट तथ्याङ्कहरू लिइएका छन्। यस्ता तथ्याङ्कहरू स्थलगत सर्वेक्षणमा आधारित भएकोले व्यक्तिको धारणा ज्ञान एवं मनोवृत्ति बुझ्न मद्दत पुऱ्याएको छ।

### ३.३.२. **द्वितीय स्रोत**

अध्ययन अनुसन्धान समस्याको सम्बन्धमा त्यो कार्यभन्दा अगाडि नै अन्य व्यक्ति, समूह वा संस्थाद्वारा प्राथमिक तथ्याङ्कको रूपमा सङ्कलन गरिएका तथ्याङ्कहरूलाई द्वितीय स्रोत भनिन्छ। एक पटक प्रयोग भइसकेको तथ्याङ्कले आफ्नो प्राथमिक विशेषता गुमाउँछ र द्वितीय तथ्याङ्क बन्दछ। गन्धर्व जातिको बारेमा विभिन्न समाजशास्त्री/मानवशास्त्रीहरूले लेखेका लेख-रचना, प्रकाशित पुस्तक, अनुसन्धान प्रतिवेदन, पत्रपत्रिकाको पनि सहायता लिइएको छ। साथै सरकारी तथा गैरसरकारी निकायद्वारा निकालिएका तथ्याङ्क तथा अध्ययनसँग सम्बन्धित सबै कुराहरूलाई लिइएको छ। पुस्तकालयीय स्रोत सामग्रीहरूको अध्ययन-विश्लेषण नै अध्ययनको मुख्य सहायक स्रोत हो।

## ३.४. समग्र जनसङ्ख्याको आकार

गन्धर्व जातिको ठूलो बस्ती वा बसोबास भएको पोखरा उपमहानगरपालिका-१६ बाटुलेचौरलाई अध्ययन क्षेत्रका रूपमा छनोट गरिएको छ। यस बस्तीमा ६० घरधुरी रहेका छन्। ६० घरधुरी तीन वटा टोलमा विभाजन भएका छन्, जसमा गन्धर्वटोल (पुरानो वस्ती), सिमलखोरिया र खोलाखेतमा रहेका छन्। त्यस बस्तीका विवाहित जोडीहरूलाई आवश्यकताअनुसार आफूले तयार गरेको निर्मित अनुसूची र चेकलिस्टको आधारमा प्रश्न सोधी परिमाणात्मक र गुणात्मक तथ्याङ्कहरू सङ्कलन गरिएको छ। यसरी तथ्याङ्क सङ्कलन गर्ने क्रममा सबै उमेर समूहका व्यक्तिहरूलाई समेटिएको छ। यसरी प्रश्न सोध्ने क्रममा प्रसङ्गवश थप अनिर्मित प्रश्नहरू समेत सोधी तथ्याङ्क सङ्कलन गरिएको छ।

## ३.५. तथ्याङ्क सङ्कलनका तरिकाहरू

शोध अध्ययन कार्यका लागि तथ्याङ्क सङ्कलन विधिको प्रमुख भूमिका हुन्छ। अध्ययनको आशातीत परिणाम पनि तथ्याङ्क सङ्कलन विधिमा निर्भर रहन्छ। गुणात्मक एवं सङ्ख्यात्मक तथ्याङ्कहरूको माध्यमबाट नै अनुसन्धान उपलब्धिमूलक हुने हुँदा त्यहाँका बासिन्दाहरूसँग सामीप्यता बढाई आत्मीयता र विश्वासपूर्ण सम्बन्ध कायम गरी अध्ययनलाई अगाडि बढाउने प्रयास गरिएको छ। यस अध्ययनमा निम्न तरिकाहरूबाट तथ्याङ्क सङ्कलन गरिएको छ।

**(क) अवलोकन**

प्रस्तुत अध्ययनमा गन्धर्व जातिको आर्थिक, सामाजिक, सांस्कृतिक अवस्था बुझ्नका लागि यो विधि अपनाइएको थियो। यसमा सहभागी/असहभागी अवलोकन पद्धतिलाई अपनाई

तथ्याङ्क सङ्कलन गरिएकाले कतिपय उनीहरूले व्यक्त नगरेका वा भन्न अप्ठ्यारो मानेका कुराहरूलाई यस विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

**(ख) अनुसूची**

यो विधिद्वारा गन्धर्व जातिका सामाजिक, आर्थिक, सांस्कृतिकलगायत विभिन्न पक्षहरू बुझ्नका लागि प्रयोग गरिएको थियो । जसको लागि आवश्यक सान्दर्भिक प्रश्नहरू सरल एवं स्पष्ट भाषामा तय गरिएको थियो । यसका माध्यमबाट परम्परागत पेशा, पेशामा परिवर्तन आउनका कारणहरू, शैक्षिक अवस्था, विवाहका प्रकार, विवाहमा प्रयोग गरिने गीत तथा सङ्गीतका साधनहरू आदिका बारेमा तथ्याङ्क सङ्कलन गरियो । शिक्षित युवा वर्गले अनुसूची स्वयं आफैले भरेका थिए भने निरक्षर र वृद्धवृद्धाहरूसँग शोधकर्ता स्वयं घरमा उपस्थित भई विवाहित जोडीमध्ये एक जनालाई प्रश्न सोधी आएका जवाफहरू शोधकर्ता स्वयंले भरेको थियो । शोधकर्ता स्थानीय भएको कारणले विवरण राम्रोसँग उत्तरदाताले दिए । यस अध्ययनका सिलसिलामा प्रयोग गरिएको अनुसूचीको नमूना परिशिष्टमा प्रस्तुत गरिएको छ ।

**(ग) अन्तर्वार्ता**

अन्तर्वार्ताको माध्यमबाट प्रभावकारी रूपमा उत्तरदाताबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यस विधिमा निर्मित अनिर्मित दुवै प्रकारको अन्तर्वार्ता प्रयोग गरिएको छ । अन्तर्वार्ताको क्रममा पहिला तयार गरिएको चेकलिष्टको आधारमा प्रश्नहरू सोधी तथ्याङ्क सङ्कलन गरिएको छ । यसरी प्रश्न सोध्ने क्रममा थप अनिर्मित प्रश्न पनि गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

**(घ) मुख्य व्यक्तिसँग अर्न्तवार्ता**

विषयगत जानिफकार व्यक्तिलाई मुख्य व्यक्तिको रूपमा लिइएको छ । जसबाट बढी भन्दा बढी जानकारी पाउने ध्येयले पुनः अन्तर्वार्ता लिएर गन्धर्व जातिको विवाह प्रणालीका बारेमा प्राथमिक तथ्याङ्क सङ्कलन गरिएको छ । यसले छुटेका कुराहरू अन्य उत्तरदातालाई थाहा नभएका तथा परम्परागत मुख्य कुराहरूको जानकारी हासिल गर्न मद्दत पुऱ्याएको छ ।

## ३.६. तथ्याङ्कको प्रकृति

यो अध्ययन एक समाजशास्त्रीय भएकाले गुणात्मक (Qualitative) तथा सङ्ख्यात्मक (Quantative) दुवै खालको तथ्याङ्कको प्रयोग गरिएको छ । सङ्ख्यात्मक तथ्याङ्कले अध्ययन क्षेत्रका उत्तरदाताहरूको उमेर, शैक्षिक अवस्था, लिङ्ग, आय आदिलाई जनाउँछ भने लैङ्गिक

भेदभाव, व्यवहार, मनोवृत्तिलगायत अन्य कुराहरू गुणात्मक तथ्याङ्क मुख्य उत्तरदातामार्फत लिइएको छ

## ३.७. तथ्याङ्क विश्लेषण एवं प्रस्तुतीकरण

अध्ययन अनुसन्धानको सफलता भनेको सङ्कलन गरिएका तथ्याङ्कहरूको प्रभावकारी विश्लेषण तथा प्रस्तुतीकरणमा निर्भर रहने गर्दछ। तथ्याङ्क सङ्कलनको क्रममा सङ्कलन गरिएका प्राथमिक तथा द्वितीय स्रोतको आधारमा सङ्कलन गरिएका तथ्याङ्कहरूको प्रकृतिअनुसार वर्गीकरण गरिएको छ। यसरी वर्गीकरण गरिएको तथ्याङ्कलाई बढीमात्रामा व्याख्या र विश्लेषण गरिएको छ। गुणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकतानुसार व्याख्या विश्लेषण गरी तथ्यपरक र बोधगम्य बनाउन त्यसलाई विश्लेषण र विस्तार गरिएको छ। परिमाणात्मक प्रकृतिका सूचनाहरूलाई आवश्यकताअनुसार टेबुल चार्ट बनाई सांख्यिकीय विधिको प्रयोग गरी व्याख्या विश्लेषण गरिएको छ।

# अध्याय - चार

# अध्ययन क्षेत्र र गन्धर्व समूहको परिचय

## ४.१. परिचय

यस अध्यायमा अध्ययनको विषयको गहिराई र प्रस्तुत अध्ययनको तुलनात्मक बोधका लागि अध्ययन क्षेत्रको भौगोलिक अवस्था, हावापानी, बसोबासलगायत अन्य कुराहरूका बारेमा प्रस्तुत गर्ने प्रयास गरिएको छ । त्यसका साथै अध्ययन क्षेत्रको जिल्लाको समेत सामान्य परिचय दिने प्रयास गरिएको छ । नेपाललाई भू-धरातलीय आधारमा हिमाली, पहाडी र तराई प्रदेश गरी तीन भागमा विभाजन गरिएको छ । यही भौगोलिक विभाजनका कारणले ती प्रदेशहरूको भू-धरातल, हावापानी, उत्पादन र जातजाति तथा जनजातिहरूको बसोबाससमेत फरक-फरक रहेको पाइन्छ । यो अध्ययन गर्न गएको गन्धर्वहरूको सबैभन्दा ठूलो बस्ती बाटुलेचौर पहाडी जिल्लाहरूमध्ये पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने गण्डकी अञ्चलको कास्की जिल्ला पोखरा उपमहानगरपालिकाको उत्तरी भागमा अवस्थित छ ।

## ४.२. कास्की जिल्लाको भौगोलिक परिचय

नेपाललाई ५ विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएको छ । भौगोलिक रूपले कास्की जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्र, गण्डकी अञ्चलको केन्द्रस्थलमा रहेको छ । यस जिल्लाको सदरमुकाम पोखरा रहेको छ भने यो जिल्ला भौगोलिक, प्राकृतिक सौन्दर्य, ऐतिहासिक, सांस्कृतिक एवं जातीय विविधताको सङ्गमस्थलको रूपमा रहेको छ । कुनै पनि ठाउँको समाज र संस्कृतिको बनौटमा त्यहाँको भौगोलिक अवस्था, हावापानी, उपलब्ध स्रोत र साधन आदिले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभाव पारेको हुन्छ भन्दा अत्युक्ति नहोला; साथै त्यहाँ बसोबास गर्ने विभिन्न जातजाति, सम्प्रदायहरूको आपसी सम्पर्क व्यवहारले समेत त्यस समाजको सांस्कृतिक विकास तथा सामाजिक विकास र परिवर्तनमा प्रभाव पारेको हुन्छ ।

यस जिल्लाको भौगोलिक अवस्था २८°२७" देखि २८°३६" उत्तरी आक्षांस र ८३°४०" देखि ८४°१२" पूर्वी देशान्तरभित्र अवस्थित छ । यो जिल्ला २०१७ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ । यो जिल्ला समुद्री सतहबाट ४५० देखि ७९६९ मिटर उचाइमा रहेको एक पहाडी

जिल्ला हो। यस जिल्लाको पूर्वमा लमजुङ, पश्चिममा म्याग्दी र पर्वत, दक्षिणमा तनहूँ र स्याङ्जा, उत्तरमा मनाङ जिल्लाहरू रहेका छन् (जि.वि.स. डकाब ब्रोसर, २०६१)।

यस जिल्लाको कूल क्षेत्रफल २०१७ वर्ग किमी मध्ये भू-उपयोगका दृष्टिले कृषियोग्य भूमिको क्षेत्रफल ४८,९६२ हेक्टर अन्तर्गत २६,१९६ हेक्टर खेत, २२,७६९ हेक्टर पाखो जमिन रहेको छ। जसअन्तर्गत बाह्रै महिना सिंचित १०४५१ हेक्टर वर्षे सिंचाई (आकाशे पानीमा भरपर्ने) १७०१७ हेक्टर रहेको छ। त्यसै गरी वनजंगलले ढाकिएको क्षेत्र ९९४३ हेक्टर बस्तीले ढाकिएको २२९०१ हेक्टर चट्टान र पहाडले ढाकेको क्षेत्र ३९९४ हेक्टर रहेको छ (खनाल, २०६०: १७)। यस जिल्लामा वनपैदावरअन्तर्गत, चिलाउने, कटुस, तिजु, साल, उत्तिस, सल्ला आदि पाइन्छ भने वन्यजन्तुमा बाघ, स्याल, मृग, चितुवा, बाँदर आदि पाइन्छ। पक्षीमा कालिज, वनकुखुरा, ढिकुर, लुइँचे आदि पाइन्छ। यो जिल्ला मोटामोटी हिसाबमा पश्चिमी भागमा साँगुरिएको र पूर्वी भागतिर फराकिलो हुँदै गएर चारपाटे आकारमा रहेको छ। यस जिल्लामा पाइने जलवायु औसत अधिकतम तापक्रम वैशाख महिनामा ३३° सेल्सियससम्म र न्यूनतम तापक्रम पुस-माघमा ५.६° सेल्सियससम्म रहन्छ। यस जिल्लाको वार्षिक वर्षा ३०६८ मि.लि. देखि ३३५३.३ मि.लि. सम्म वर्षा हुने यस क्षेत्रमा शीतोष्ण र समशीतोष्ण दुवै प्रकारको हावापानी पाइन्छ (खनाल, २०६०: १८)। नेपालमा सबैभन्दा बढी वर्षा हुने क्षेत्र लुम्ले यसै जिल्लामा पर्दछ। यसलाई नेपालको चेरापुन्जी भनेर पनि भनिन्छ।

यो जिल्ला पर्यटन र जलसम्पदाका दृष्टिले अति योग्य रहेको छ। सात तालको बगैंचा शहर लेखनाथ नगरपालिका र नेपालकै पर्यटकीय क्षेत्र पोखराको फेवाताललगायत, सेती नदी, फुस्रेखोला, मादी नदी, कालीखोलालगायत अन्य स-साना खोलाहरू रहेका छन्। ऐतिहासिक धार्मिक तथा पर्यटनस्थलमा पञ्चासे, विन्ध्यवासिनी, भद्रकाली, तालबाराही, महेन्द्रगुफा, पातालेछाँगो, सेती नदी, चमेरेगुफा, खारपानी, चिसापानीदेखि सराङकोट, शान्तिस्तुप, गुप्तेश्वर महादेव गुफा, सिक्लेस, धम्पुस, घान्द्रुक आदि रहेका छन्। शाहवंशीय राज्यका बेलामा कास्कीमा कुलमण्डन शाहले राज्य गरेको पाइन्छ।

२०५८ सालको जनगणनाअनुसार यस जिल्लाको कुल जनसख्या ३८०५२७ रहेको छ। जसमध्ये पुरुष १८४९९५ र महिला १९५५३२ रहेको छ भने ८५०७५ घरधुरी सङ्ख्या रहेको छ, यसमा जनघनत्व १८९ वर्गकिलोमिटर रहेको छ। वार्षिक जनसङ्ख्या वृद्धिदर २.६४ प्रतिशत रहेको छ। यस जिल्लाका मानिसहरूको औसत आयु पुरुषको ६० वर्ष र महिलाको ५६.५ वर्ष रहेको छ भने मुख्य तीनवटा धर्मअन्तर्गत हिन्दू ८१.७१%, बौद्ध १५.८८% र क्रिश्चियन ०.६५

रहेको पाइन्छ। यस जिल्लामा भाषिक विविधताको आधारमा नेपाली ७६.७९%, गुरुङ १४.७८%, क्षत्री १४.७% रहेको पाइन्छ। यस जिल्लाको प्रतिव्यक्ति आय रु. १३,७६१ रहेको छ। (जिविस डकाव ब्रोसर, २०६१)।

कास्की जिल्लालाई राजनैतिक तथा प्रशासकीय विभाजनका आधारमा ४ वटा निर्वाचन क्षेत्र, ४३ वटा गाविस, १ उपमहानगरपालिका, १ नगरपालिका र ४२० वडाहरू रहेका छन्।

यस जिल्लाको सामाजिक, सांस्कृतिक स्वरूप र बनावट बहुजातीय र बहुभाषिक छ। यहाँका केही ठाउँहरूमा जातीय बाहुल्यता रहेको छ भने अन्य ठाउँमा मिश्रित रूपमा विभिन्न जाति जनजातिहरूमा बाहुन, क्षत्री, गुरुङ, नेवार, मगर, कामी, सार्की, दमाई, थकाली, गन्धर्व आदि बसेको पाइन्छ।

## ४.३. अध्ययन क्षेत्रको जानकारी

यो अध्ययन क्षेत्र कास्की जिल्ला पोखरा उपमहानगरपालिकाको उत्तरतर्फ पर्दछ। नेपाली समाजमा अछूत जाति भनेर चिनिएका गन्धर्व जातिको नेपालमै सबैभन्दा ठूलो बस्ती र जनसङ्ख्या भएको ठाउँको रूपमा बाटुलेचौरलाई लिइन्छ। हाल आएर जातीय रूपमा कसैलाई अछूत भनेर भन्न नपाइने संवैधानिक प्रावधान रहेको छ। बाटुलेचौर पोखरा उपमहानगरपालिकाको वडा नं. १६ मा पर्दछ। यस वडाको सिमाना पूर्वमा कालीखोला, पश्चिममा अमलाबिसौनाडाँडा (पानीटंकी) देखि गण्डकी आवासीय विद्यालय हुँदै उपल्लो गोस्तेघाट, उत्तरमा घार्मीको डाँडादेखि घार्मीखोलासम्म र दक्षिणमा सेती नदी केआईसिंह पुल हुँदै कालीखोला र सेती नदीको सङ्गमस्थल दोभान पर्दछ। यो वडा दक्षिणतिर चुचो परेको वा साँघुरो र बीच भाग फुकेको छ भने फेरि उत्तरतर्फ साँघुरो हुँदै गएको छ। यस ठाउँको चौर बाटुलो आकारको भएकाले यसलाई बाटुलेचौर नामकरण गरिएको किंवदन्ती पाइन्छ। ऐतिहासिक दृष्टिले पनि यो ठाउँ कास्कीका राजा कुलमण्डन शाहको हिउँदकालीन दरबार रहेको ठाउँ हो। राजाको घोडाले पानी खाने भाँडाको रूपमा ठूलो ढुङ्गालाई खोपेर बनाइएको छ, जुन अझै पनि सुरक्षित छ र देख्न पनि सकिन्छ।

स्वदेश तथा विदेशमा चिरपरिचित पर्यटकीय स्थल महेन्द्रगुफा यस ठाउँको गहनाको रूपमा रहेको छ। यस ठाउँमा विभिन्न जाति तथा जनजातिहरूको बसोबास रहेको पाइन्छ। यस स्थानमा ब्राह्मण, क्षत्री, नेवार, गुरुङ, तामाङ, सार्की, दमाई, कामी आदिको बसोबास रहेको छ। शुरुमा गन्धर्वटोलमा ३२ घरधुरी थियो। त्यसैले यो टोललाई ३२ कुरिया भनेर पनि चिनिन्थ्यो। हाल जनसङ्ख्याको दृष्टिले त्यहाँ अटाउन नसकेपछि त्यस ठाउँदेखि केही टाढा

खोलाखेत, सिमलखोरिया भन्ने ठाउँमा बसाइसराइ गरी बसेका छन् । हाल ३२ बाट ६० घरधुरी भएको छ । यिनीहरू यस ठाउँमा कास्कीका राजा जगती खानसँग आएका र उनैले यस ठाउँमा बस्न लगाएका हुन् (जि.सी. २०४४: २४) ।

यस ठाउँको बस्ती तथा जनजीवनमा पहिलाको दाँजोमा धेरै नै परिवर्तन आएको देखिन्छ । यिनीहरूले परम्परागत पेशाबाट गुजारा चलाउने समयमा बस्ती तथा जनजीवन सामान्य थियो । घरहरू स-साना खालका खरको छानो भएका थिए । सबै जना एकै ठाउँमा मिलेर सुत्ने गर्दथे । लवाइखवाइमा सामान्य थियो मागी गुजारा चलाउँदथे । हरेक क्षेत्रमा पिछडिएको अवस्था थियो तर हाल उनीहरूको पेशामा परिर्वतन आएपश्चात् यिनीहरूको बस्ती तथा जनजीवनमा ठूलो परिवर्तन आएको देखिन्छ । ४-५ घर दुई तले ढलान गरी पक्की खालका छन् भने अन्य सबै घरहरू ढुङ्गा वा ब्लकको पर्खाल र जस्तापाताको छानो भएका छन् । पुराना खालका घर त एकादुई मात्र रहेको पाइन्छ । अधिकांश गन्धर्व महिला, पुरुषहरू जागिरे छन् भने जागिर नभएकाहरू भने दैनिक व्यापार (खेलो) गरेको पाइन्छ । त्यसैले यिनीहरूको बस्ती तथा जनजीवनमा परिवर्तन आएको छ भन्नु अत्युक्ति नहोला । केही घरका केही व्यक्तिहरू अझै पनि टाढा-टाढा गाउँ-गाउँ डुलेर मागेर ल्याउने पनि गरेको पाइन्छ । आम्दानीको स्रोत राम्रै भएको कारणले यिनीहरूले आ-आफ्नो छोराछोरीहरूलाई निजी विद्यालयमा पढाएको पाइन्छ । यिनीहरूसँग कृषियोग्य जमिन छैन भने पशुपालन पनि गर्दैनन् । यिनीहरूको आर्थिक अवस्थामा आएको परिवर्तनले राम्रै लगाउने र मिठो नै खाने प्रवृत्तिको विकास भएको पाइन्छ । खानपान र भेषभूषामा अन्य जातिसरहको छ । पहिला-पहिला महिलाहरूले घलेक बाँध्ने चलन थियो भने हाल त्यस्तो छैन । यिनीहरूमा गीत गाउने, नाच्ने र मादल, सारङ्गी बजाउने चलन अझै पनि यथावत छ । यहाँका गन्धर्व जातिहरू अधिकांश हिन्दू धर्मावलम्बी हुन् । त्यसमा केही घरमात्र क्रिश्चियन धर्मका अनुयायी छन् ।

अध्ययन क्षेत्र यातायातको दृष्टिले सुगम वा सुविधायुक्त ठाउँमा रहेको छ । केआईसिंह पुलदेखि महेन्द्रगुफा जाने बाटोको बीचमा हेल्थपोष्ट पर्दछ त्यसको नजिकै बाटोको छेउमा नै गन्धर्व बस्ती पर्दछ । यसले यो अध्ययन क्षेत्र यातायात, विद्युत, स्वास्थ्य, खानेपानी, सञ्चारका क्षेत्रमा सुविधा प्राप्त नै रहेको छ । यसरी समग्रमा हेर्दा बाटुलेचौरका गन्धर्व जातिहरू सुविधा सम्पन्न अवस्थामा जीवन निर्वाह गरिरहेका छन् ।

### ४.४. गन्धर्व जातिको उत्पत्ति र विकास

समाजका कुनै पनि जातिको जातीय उद्‌भवको इतिहास एक संवेदनशील विषय हो। कुनै पनि जातिको जातीय इतिहास क्रमबद्ध रूपले स्थिर गर्न वंशावली, अभिलेख, ऐतिहासिक विवरण जस्ता केही प्रमाणिक लेखोटहरू आवश्यक हुन्छन्। कतिपय जातिको उत्पत्तिका प्रसङ्गहरू किंवदन्ती र जनश्रुतिमा आधारित भएकाले ती त्यति विश्वसनीय लाग्दैनन्। लिखित विश्वसनीय आधारहरू गन्धर्वहरूको बारेमा स्पष्ट रूपमा कसैले पनि उल्लेख नगरेको र आफ्नो अस्तित्व जोगाइराखेको जातिको मूल थलो कहाँ हो ? यिनीहरूको नेपालमा आगमन कहिले भयो ? कहाँबाट आएका हुन् र सबभन्दा पहिले नेपालको कुन ठाउँमा यिनीहरूको बसोबास भएको हो भन्ने कुराको प्रष्ट उल्लेख गरी ठोस निष्कर्ष निकाल्न कठिन भएकाले यसलाई स्पष्ट गर्न अरू बढी अध्ययन र अनुसन्धानको खाँचो छ। गन्धर्व जातिका बारेमा केही विद्वान् समाजशास्त्री/ मानवशास्त्रीहरूले अध्ययन गरे तापनि यस प्रश्नको उत्तर अधुरो नै रहेको पाइन्छ। गन्धर्वहरूको जातीय उत्पत्तिको बारेमा प्रश्न सोध्दा बूढापाका गन्धर्वहरू पनि आफ्नो अनभिज्ञता प्रकट गर्दछन्।

गन्धर्व जातिको उत्पत्ति सम्बन्धमा अनेक जनश्रुतिहरू पनि पाइन्छन्। एक जनश्रुतिका आधारमा यिनीहरू आफूलाई गन्धर्व ऋषिका सन्तान मान्दछन्। ती ऋषि अरू ऋषिहरूभन्दा ज्यादै सोझा थिए, बाँकी ऋषिहरूले उनलाई आफ्नो समूहबाट हटाउने उद्देश्यले उनलाई गाईको खुट्टा प्रयोग गरी 'अवरिहा' भन्ने शब्द प्रयोग गरी मागेर ल्याउन भनी पठाए। उनले तिनीहरूले भनेअनुसार मागेर ल्याए। उनले गाईको खुट्टा प्रयोग गरी मागेर ल्याएको हुनाले उनी अब उप्रान्त अछूत भए र मागेर जीवनयापन गर्नुपर्छ भनिदिए। यसरी गाइनेहरू गन्धर्व ऋषिका सन्तान भएका हुनाले अछूत हुन जानुका साथै उनीहरूले प्रयोग गर्ने अर्वाजो भन्ने बाजाको उत्पत्ति भएको हो (श्रेष्ठ, २०४४: १७)। एक अर्को उखानअनुसार विभिन्न ऋषिहरूको कामको विवरण तयार गर्न लागेको बेलामा गन्धर्व ऋषि अप्सराहरूको नाच हेरिरहेर मस्त देखिएका हुनाले उनलाई गीत गाउने र मागेर खाने काम मात्र पर्‍यो (कार्की, २०५९: १६)। यस उखानमा उल्लेख भएको घटना प्रसङ्गबाट पनि गाइने जातिको उत्पत्ति गन्धर्व ऋषिबाट भएको हो भनेर बुझ्न सकिन्छ। गाइनेहरूको पौराणिकता कर्णाली प्रदेशमा पाइने भाट र वादीसँग सन्बन्धित रहेको छ। गाइनेहरूको समानता कर्णाली प्रदेशमा रहेका भाट र वादीसँग बढी समानता पाइएको छ। यसरी गाइने र भाट वादीको उत्पत्तिको समानता रहेको कुरामा गाइनेहरू पनि सहमत रहेका छन् (दर्नाल, २०४३: ४८)।

मानव समाजको इतिहासमा जुन श्रम विभाजन थियो, सोहीरूप नै पछि गएर त्यो पेशाले नै जातीय रूप लिएको हुनुपर्छ । जातिको मूल आधार पेशा नै भएकाले वैदिक कालदेखि नै मनोरञ्जनको निम्ति गाउने, बजाउने र नाच्ने परम्परा भएको मानव समाजमा उक्त सीप र क्षमता भएकाहरूले गर्दा पेशाका रूपमा विकास भयो । यसै क्रममा सारङ्गीको धुनमा विभिन्न लयका गीतहरू गाई ग्रामीण समाजमा मनोरञ्जन गराउने गाइनेहरूको पनि पेशाको आधारमा जाति निर्धारण गरिएको हुन सक्छ (शर्मा, २०३२: १६) । हिन्दू धर्मका विभिन्न पवित्र ग्रन्थहरू जस्तो रामायण, महाभारत, श्रीस्वस्थानीमा गन्धर्व शब्दको प्रयोग गरेको पाइन्छ ।

कास्कीका गन्धर्वका सन्दर्भमा शाहवंशीय राजा कुलमण्डन शाहले आफ्नो मनोरञ्जनका लागि लिएर आएको र बसोबासका लागि बिर्ता दिएको पाइन्छ (जिसी, २०४४: २४) । जनसङ्ख्याको वृद्धिसँगै उनीहरू कास्कीका विभिन्न ठाउँमा बसाइसराइ गरी गएको पाइन्छ । नेपालको कानुनी इतिहासमा पनि सुरुमा गन्धर्व जातिलाई छोइछिटो हाल्नुपर्ने भन्ने कानुनी प्रावधान राखी कानुनले नै अछूत बनाएको पाइन्छ । नेपाली समाजका विभिन्न अप्ठ्यारोलाई झेल्दै आएर हाल आफ्नो परम्परागत पेशाबाट अलि माथि उठेर अन्य पेशा अपनाएको पाइन्छ । अर्थात् गन्धर्व जातिमा पनि गतिशीलता बढेको पाइन्छ भनेर भन्न सकिन्छ । नेपालको अन्तरिम संविधान २०६३ ले मौलिक हकअन्तर्गत छुवाछूत विरुद्धको व्यवस्था गरेको पाइन्छ भने सरकारीस्तरका विभिन्न खाले अवसरहरूमा दलितहरूका नाममा कोटा प्रणाली लागू गरेको छ ।

## ४.५. नेपालमा गन्धर्व जातिको जनसङ्ख्या

राष्ट्रिय जनगणना २०४८ सालका अनुसार नेपाल अधिराज्यभरि गन्धर्वहरूको सङ्ख्या ४४८४ थियो भने २०५८ सालको जनगणनामा यो सङ्ख्यामा वृद्धि भई ५८८७ जना पुगेको पाइन्छ । १० वर्षको अवधिमा उनीहरूको सङ्ख्या १४०३ जनाले वृद्धि भएको देखिन्छ । क्षेत्रगत हिसाबले हेर्दा गन्धर्वहरूको जनसङ्ख्या निम्नानुसार रहेको छ ।

तालिका नं. ४.१

नेपालमा गन्धर्व जातिको जनसङ्ख्या

| क्र.सं. | विकास क्षेत्र | जनसङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पूर्वाञ्चल | ३०३ | ५.१ |
| २. | मध्यमाञ्चल | ७५९ | १२.९ |
| ३. | पश्चिमाञ्चल | २६७३ | ४५.४ |
| ४. | मध्यपश्चिमाञ्चल | २०४४ | ३४.८ |
| ५. | सुदूरपश्चिमाञ्चल | १०८ | ०.०१ |
| | जम्मा | ५८८७ | १०० |

(स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०५८)

माथि उल्लेख गरिएको तालिकाअनुसार सबैभन्दा बढी जनसङ्ख्या पश्चिमाञ्चल विकास क्षेत्रमा देखिन्छ, जहाँ २६७३ अर्थात् ४५.४ प्रतिशत रहेको छ। दोस्रोमा मध्यपश्चिमाञ्चल विकास क्षेत्रमा रहेको छ, जहाँ २०४४ अर्थात् ३४.८ प्रतिशत रहेको देखिन्छ। त्यसै गरी तेस्रोमा मध्यमाञ्चल रहेको छ, जहाँ ७५९ अर्थात् १२.९ प्रतिशत रहेको देखिन्छ। चौथो पूर्वाञ्चल, जहाँ ३०३ अर्थात ५.१ प्रतिशत देखिन्छ भने सबैभन्दा थोरै जनसङ्ख्या सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा रहेको छ, जहाँ १०८ जना अर्थात् ०.०१ प्रतिशत मात्र रहेको देखिन्छ। नेपालभरिको गन्धर्व जातिको कुल जनसङ्ख्यामध्ये २८५७ पुरुष र ३०३० महिला रहेको पाइन्छ, जसमा पुरुषको भन्दा महिलाको सङ्ख्या बढी देखिन्छ।

## ४.६. अध्ययन क्षेत्रको गन्धर्व जातिको जनसङ्ख्या

अध्ययन क्षेत्रको गन्धर्वहरूको जनसङ्ख्यालाई हेर्दा देशभरिकै सबैभन्दा बढी सङ्ख्या हुन आउँछ। यसलाई निम्नानुसार तालिकामा देखाइएको छ।

तालिका नं. ४.२

अध्ययन क्षेत्रको गन्धर्व जातिको जनसङ्ख्या

| क्र.सं. | लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | महिला | १४९ | ४७.९ |
| २. | पुरुष | १६२ | ५२.१ |
| | जम्मा | ३११ | १०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथि उल्लेख गरिएको तालिकामा गन्धर्व टोलको जनसङ्ख्यालाई देखाइएको छ, जसमा महिला १४९ अर्थात् ४७.९ प्रतिशत छन् भने पुरुष १६२ जना अर्थात् ५२.१ प्रतिशत रहेका छन् । तालिकाअनुसार महिला र पुरुषको सङ्ख्यामा त्यति फरक देखिँदैन ।

## ४.७. गन्धर्व जातिको लिङ्गको आधारमा वर्गीकरण

यो अध्ययन पोखरा उपमहानगरपालिका वडा नं. १६ बाटुलेचौरमा बसोबास गरेका गन्धर्व जातिसँग सम्बन्धित रहेको छ। अध्ययनका लागि ६० गन्धर्व घरपरिवारबाट ५४ विवाहित जोडीसँग लिइएको छ। अध्ययन गरिएको ५४ जोडीका सदस्यहरूको सङ्ख्यालाई लिङ्गको आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.३

लिङ्गको आधारमा वर्गीकरण

| क्र.सं. | लिङ्ग | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | पुरुष | ३७ | ६८.५ |
| २. | महिला | १७ | ३१.५ |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिकाअनुसार अध्ययन गरिएका ५४ विवाहित जोडीमा पुरुषको सङ्ख्या ३७ अर्थात् ६८.५ प्रतिशत र महिलाको सङ्ख्या १७ अर्थात् ३१.५ प्रतिशत रहेको छ। यसरी महिलाको भन्दा पुरुषको सङ्ख्या २० जना अर्थात् ३७.० प्रतिशतले बढी रहेको छ।

## ४.८. उमेरको आधारमा वर्गीकरण

अध्ययन गरिएको जोडीका सदस्यहरूलाई विभिन्न उमेरको आधारमा वर्गीकरण गरिएको छ। जसमध्ये २१-२५, २६-३०, ३१-३५, ३६-४०, ४१-४५, ४६-५०, ५१-५० र ६० भन्दा माथि गरी ८ वटा समूहमा वर्गीकरण गरिएको छ। अध्ययन गरिएका जोडीहरूको उमेरअनुसार जनसङ्ख्या यस प्रकार रहेको छ।

तालिका नं. ४.४

उत्तरदाताको हालको उमेरको विवरण

| क्र.सं. | उमेर (वर्षमा) | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | २१-२५ | ११ | २०.४ |
| २. | २६-३० | १५ | २७.८ |
| ३. | ३१-३५ | ५ | ९.२ |
| ४. | ३६-४० | ५ | ९.२ |
| ५. | ४१-४५ | ६ | ११.१ |
| ६. | ४६-५० | २ | ३.८ |
| ७. | ५१-६० | १ | १.९ |
| ८. | ६० भन्दा माथि | ९ | १६.६ |
| | जम्मा | ५४ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथि उल्लेख गरिएको उमेरको आधारमा प्राप्त सर्वेक्षण अनुसार २१-२५ वर्ष उमेर समूहमा ११ जना अर्थात् २०.४ प्रतिशत, २६-३० वर्ष उमेर समूहमा १५ जना अर्थात् २७.८ प्रतिशत, ३१-३५ वर्ष उमेर समूहमा ५ जना अर्थात् ९.२ प्रतिशत, ३६-४० वर्ष उमेर समूहमा ५ जना अर्थात् ९.२ प्रतिशत, ४१-४५ वर्ष उमेर समूहमा ६ जना अर्थात् ११.१ प्रतिशत, ४६-५० वर्ष उमेर समूहमा २ जना अर्थात् ३.८ प्रतिशत, ५१-६० वर्ष उमेर समूहमा १ जना अर्थात् १.९ प्रतिशत र ६० भन्दा माथि उमेर समूहमा ९ जना अर्थात् १६.६ प्रतिशत रहेको छ। यस समूहमा सबैभन्दा बढी १५ जना र सबैभन्दा कम १ जना रहेको छ।

## ४.९. शिक्षाको आधारमा वर्गीकरण

मानव-जीवनमा शिक्षा नभई नहुने कुरा हो। गन्धर्व जातिमा पहिला गरिबीको अथवा परम्परागत पेशा भएको समयमा शिक्षा त्यति राम्रो थिएन भने हाल पेशामा आएको परिवर्तनले

शैक्षिक अवस्थामा सुधार आएको छ । अध्ययन गरिएको सङ्ख्यालाई शैक्षिक स्थितिको आधारमा पनि वर्गीकरण गरिएको छ । जसमा पढ्न लेख्न नजान्ने निरक्षर, पढ्न लेख्न जान्नेलाई साक्षर, माध्यामिक तह, एसएलसी पास, आई.ए. पास, थाहा नभएको गरी ६ समूहमा वर्गीकरण गरिएको छ, जुन निम्नानुसार रहेको छ ।

तालिका नं. ४.५

उत्तरदाताको शैक्षिक स्थिति

| क.सं. | शिक्षा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १३ | २४.१ |
| २ | साक्षर | २४ | ४४.४ |
| ३ | माध्यामिक | १३ | २४.१ |
| ४ | एस.एल.सी. पास | १ | १.९ |
| ५ | आई.ए. पास | १ | १.९ |
| ६ | थाहा नभएको | २ | ३.७ |
| | | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

अध्ययन गरिएको गन्धर्व जातिको शैक्षिक स्थितिलाई हेर्दा निरक्षर सङ्ख्या १३ जना अर्थात् २४.१ प्रतिशत, साक्षर सङ्ख्या २४ जना अर्थात ४४. ४ प्रतिशत, माध्यामिक तहसम्म अध्ययन गर्नेको सङ्ख्या १३ जना अर्थात् २४.१ प्रतिशत, एसएलसी उत्तीर्ण गर्नेको सङ्ख्या १ अर्थात् १.९ प्रतिशत, आईए पास १ जना अर्थात् १.९ प्रतिशत रहेको छ भने शैक्षिक अवस्था थाहा नभएको सङ्ख्या २ जना अर्थात् ३.७ प्रतिशत रहेको छ । यसरी हेर्दा साक्षर सङ्ख्या बढी छ भने एसएलसी र आईए उत्तीर्ण गर्नेको सङ्ख्या बराबर रहेको छ ।

### ४.१०. पेशागत आधारमा वर्गीकरण

अध्ययन गरिएको ५४ जोडीका सदस्यहरूको हालको विभिन्न पेशालाई निम्नअनुसार राखिएको छ । व्यापार, जागिर, गीत गाउने नाच्ने, अन्य र थाहा नभएको गरी ५ भागमा वर्गीकरण गरिएको छ । जसलाई तल उल्लेख गरिएको छ ।

तालिका नं. ४.६

हाल गन्धर्वहरूको पेशागत विवरण

| क्र.सं. | पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | व्यापार | २ | ३.७ |
| २ | जागिर | ३१ | ५७.४ |
| ३ | गीत गाउने र नाच्ने | ४ | ७.४ |
| ४ | अन्य | १० | १८.५ |
| ५ | थाहा नभएको | ७ | १३.० |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथि उल्लेख गरिएको तालिकाअनुसार पेशालाई हेर्दा व्यापार (दैनिक व्यापार/खेलो) गर्ने सङ्ख्या २ जना अर्थात् ३.७ प्रतिशत रहेको छ। त्यसै गरी जागिर गर्ने सङ्ख्या ३१ जना अर्थात् ५७.४ प्रतिशत छ भने गीत गाउने र नाच्ने ४ जना अर्थात् ७.४ प्रतिशत रहेको छ। अन्य पेशामा १० जना अर्थात् १८.५ प्रतिशत छ भने थाहा नभएको ७ जना अर्थात् १३.० प्रतिशत रहेको छ। माथिको तालिकाअनुसार परम्परागत पेशालाई छाडी जागिर गर्ने प्रचलन बढेको देखिन्छ।

## ४.११. पुर्ख्यौली पेशाका आधारमा वर्गीकरण

बाटुलेचौरका गन्धर्वहरूले पुर्ख्यौली पेशा अपनाएको अवस्थामा उनीहरूको अवस्था ज्यादै नै दयनीय थियो। त्यस पेशाले खान-लाउन वा गुजारा चलाउन नै धौ-धौ पर्ने अवस्था थियो। गन्धर्वको पुर्ख्यौली पेशालाई गाउने बजाउने, माछा मार्ने, मागी खाने र अन्य गरी चार भागमा वर्गीकरण गरिएको छ। अध्ययन क्षेत्रको गन्धर्व जातिको पुर्ख्यौली पेशालाई निम्नअनुसार देखाइएको छ :

तालिका नं. ४.७

गन्धर्व जातिको पुर्ख्यौली पेशाको विवरण

| क्र.सं. | पुर्ख्यौली पेशा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गाउने बजाउने | ३२ | ५९.३ |
| २ | माछा मार्ने | ३ | ५.६ |
| ३ | मागी खाने | १६ | २९.६ |
| ४ | अन्य | ३ | ५.६ |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथि उल्लेख गरिएको तालिकाअनुसार गन्धर्व जातिको पुर्ख्यौली पेशामा गाउने, बजाउने भन्नेको सङ्ख्या ३२ जना अर्थात् ५९.३ प्रतिशत रहेको छ भने माछा मार्ने भन्नेको सङ्ख्या ३ जना अर्थात ५.६ प्रतिशत छ। साथै मागी खाने भन्नेको सङ्ख्या १६ जना अर्थात् २९.६ रहेको छ। अन्य पेशा भन्नेको सङ्ख्या ३ अर्थात् ५.६ प्रतिशत रहेको छ। पुर्ख्यौली पेशा गाउने बजाउने भन्नेको सङ्ख्या सबैभन्दा बढी ३२ जना छ भने माछा मार्ने भन्नेको सङ्ख्या सबैभन्दा कम ३ जना रहेको छ।

## ४.१२. पुर्ख्यौली पेशामा आएको परिवर्तन

गन्धर्व जातिको पुर्ख्यौली पेशाबाट दैनिक गुजारा चलाउन पनि गाह्रो भयो। अधिकांश गन्धर्वहरूले पुर्ख्यौली पेशालाई छाडेर अन्य पेशा अपनाएका छन् भने केहीले अझै पनि त्यसैलाई नै निरन्तरता दिँदै आएको पाइन्छ। गुजारा चलाउन गाह्रो, माग्दा हीनताबोध, अझै पनि गीत गाउनेको आधारमा वर्गीकरण गरी तल उल्लेख गरिएको छ।

तालिका नं. ४.८

पुर्ख्यौली पेशा छाडेको विवरण

| क्र.सं. | कारण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गुजारा चलाउन गाह्रो | ४७ | ८७.०४ |
| २ | माग्दा हिनताबोध | २ | ३.७० |
| ३ | अझै पनि परम्परागत पेशा अँगाली गीत गाउने | १ | १.८५ |
| ४ | अन्य | ४ | ७.४१ |
| | जम्मा | ५४ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथि उल्लेख गरिएको तालिकाअनुसार परम्परागत पेशा छाड्नुका कारणहरूमा गुजारा चलाउन गाह्रो भन्ने ४७ जना अर्थात् ८७.०४ प्रतिशत रहेको छ भने माग्दा हिनताबोध भन्ने २ जना अर्थात् ३.७० प्रतिशत रहेको छ। अझै पनि गीत गाउने गरेका छन् भन्ने १ जना अर्थात् १.८५ प्रतिशत रहेको छ भने अन्यमा ४ जना अर्थात् ७.४१ प्रतिशत रहेको छ। गुजारा चलाउन गाह्रो भएर पेशालाई छाडेको भन्नेको सङ्ख्या बढी अर्थात् ४७ जना छ भने अझै पनि गीत गाएर परम्परागत पेशालाई अँगालेको भन्नेको सङ्ख्या १ जना रहेको छ।

## ४.१३. परम्परागत पेशामा परिवर्तन आउनुका कारणहरू

अध्ययन गरिएको ५४ जोडी सदस्यहरूमा पुर्ख्यौली पेशामा परिवर्तन आउनुका कारणहरूलाई समयको परिवर्तन, शिक्षा, धनआर्जन गर्ने चाहना, हाल मागेर नपुग्ने र अन्य गरी ५ भागमा वर्गीकरण गरी तल उल्लेख गरिएको छ।

तालिका नं. ४.९

पुर्ख्यौली पेशामा परिवर्तन आउनुको कारण

| क.सं. | कारणहरू | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समयको परिवर्तन | १४ | २५.९३ |
| २ | शिक्षा | ३३ | ६१.११ |
| ३ | धन आर्जन गर्ने महत्त्वाकाङ्क्षा | ३ | ५.५६ |
| ४ | मागेर नपुग्ने | २ | ३.७० |
| ५ | अन्य | २ | ३.७० |
| | जम्मा | ५४ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

अध्ययन गरिएको गन्धर्व जातिमा परम्परागत पेशामा परिवर्तन आउनुका कारणहरूमा समयको परिवर्तनले भन्ने सङ्ख्या १४ जना अर्थात् २५.९३ प्रतिशत रहेका छन्। शिक्षित भएर भन्ने सङ्ख्या ३३ जना अर्थात् ६१.११ प्रतिशत साथै धन आर्जन गर्ने महत्त्वकाङ्क्षा भन्नेमा ३ जना अर्थात् ५.५६ प्रतिशत रहेका छन्। हाल मागेर नपुग्ने भन्नेमा २ जना अर्थात् ३.७० प्रतिशत रहेको छ। अन्यमा २ जना अर्थात् ३.७० प्रतिशत रहेको छ। शिक्षाका कारणले परम्परागत पेशामा परिवर्तन आएको प्रमुख छ भने हाल मागेर नपुग्ने कम रहेको देखिन्छ।

## ४.१४. आर्थिक अवस्था

### ४.१४.१. दैनिक आम्दानीको अवस्था

आर्थिक अवस्था भन्नाले धन आर्जन गर्ने माध्यम भन्ने बुझिन्छ। यसरी हेर्दा गन्धर्व जातिको आम्दानीको क्षेत्रमा/अवस्थामा सुधार आएको छ। यसरी अध्ययन गरिएको ५४ जोडीको दैनिक आम्दानीको अवस्थालाई निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.१०

दैनिक आम्दानीको अवस्था

| क्र.सं. | दैनिक आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १०० भन्दा तल | १ | १.८५ |
| २ | १००-२०० सम्म | ३१ | ५७.४१ |
| ३ | २००-३०० सम्म | ८ | १४.८१ |
| ४ | ३०० भन्दा माथि | ४ | ७.४१ |
| ५ | आम्दानी नभएका | १० | १८.५२ |
| | जम्मा | ५४ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

अध्ययन गरिएका ५४ जोडीको दैनिक आम्दानीको अवस्थाका आधारमा एक सय भन्दा तल आम्दानी हुने १ जना अर्थात् १.८५ प्रतिशत रहेको छ। एक सयदेखि दुई सयसम्म आम्दानी हुने ३१ जना अर्थात् ५७.४१ प्रतिशत छ भने दुई सयदेखि तीन सय सम्म आम्दानी हुने ८ जना अर्थात् १४.८१ प्रतिशत रहेको छ। तीन सयभन्दा माथि दैनिक आम्दानी हुने सङ्ख्या ४ जना अर्थात् ७.४१ प्रतिशत छ भने आम्दानी नभएको १० जना अर्थात् १८.५२ प्रतिशत रहेको छ। यसरी हेर्दा एक सयदेखि दुई सयसम्म दैनिक आम्दानी हुने ३१ जना छन्। त्यस्तै एक सयभन्दा कम आम्दानी हुने १ जना देखिन्छ भने आम्दानी नै नभएको सङ्ख्या पनि बढी नै रहेको छ।

### ४.१४.२. मासिक आम्दानीको अवस्था

गन्धर्व जातिको परम्परागत पेशामा आएको परिवर्तनले आम्दानीको अवस्था राम्रो नै देखिन्छ। पहिलाको दाँजोमा हाल धेरै नै सुधार आएको देखिन्छ, जसलाई तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.११

मासिक आम्दानीको अवस्था

| क्र.सं. | मासिक आम्दानी | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३००० भन्दा तल | २ | ३.७० |
| २ | ३०००-५००० सम्म | १२ | २२.२२ |
| ३ | ५०००-७००० सम्म | २२ | ४०.७४ |
| ४ | ७०००-१०००० सम्म | ५ | ९.२६ |
| ५ | १०००० भन्दा माथि | ४ | ७.४१ |
| ६ | आम्दानी नभएका | ९ | १६.६७ |
| | जम्मा | ५४ | १००.०० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथि उल्लेख गरिएको तालिकाअनुसार मासिक आम्दानीको आधारमा वर्गीकरण गरिएअनुसार ३००० भन्दा तल २ जना अर्थात् ३.७० प्रतिशत रहेको छ। ३०००-५००० सम्म आम्दानी हुने सङ्ख्या १२ जना अर्थात् २२.२२ प्रतिशत रहेको छ। साथै ५०००-७००० सम्म आम्दानी हुने २२ जना अर्थात् ४०.७४ प्रतिशत र ७०००-१०००० सम्म आम्दानी हुने ५ जना अर्थात् ९.२६ प्रतिशत रहेको छ। त्यस्तै १०००० भन्दा माथि आम्दानी हुने ४ जना अर्थात् ७.४१ प्रतिशत रहेको छ भने आम्दानी नहुनेको सङ्ख्या ९ जना अर्थात् १६.६७ प्रतिशत रहेको छ। यसमा घरपरिवारका अविवाहित छोराछोरीको आम्दानी समावेश गरिएको छैन।

## ४.१५. सारांश

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विशेषतायुक्त राष्ट्र हो। विभिन्न जात, जनजाति र दलित उत्पीडित जातिमध्ये गन्धर्व जाति पनि एक हो। नेपालको पहाडी जिल्लामा गन्धर्व जातिको बसोबास रहेको छ। त्यसमा पनि पश्चिमाञ्चलमा बढी जनसङ्ख्या रहेको छ। त्यसमध्ये कास्की जिल्ला पनि एक हो। यस जिल्लाको बाटुलेचौरको गन्धर्व बस्ती नेपालको सबैभन्दा ठूलो बस्ती हो। कास्की जिल्ला प्राकृतिक सौन्दर्य, पर्यटकीय स्थल र विभिन्न भौगोलिक अवस्थाले भरिपूर्ण जिल्ला हो।

कास्की जिल्लामा गन्धर्वहरू राजा जगती खानसँग आएका हुन्। गन्धर्व जातिको उत्पत्ति कसरी भयो, कहाँ हुन, कहाँबाट नेपाल प्रवेश गरे भन्ने कुरा अझै पनि गर्भमा नै रहेको छ। धार्मिक कुरा अनुसार यिनीहरू गन्धर्व ऋषिका सन्तानहरू हुन् भन्ने भनाइ छ। यिनीहरू नाच्ने गाउने र माग्ने पेशा लिएर आएका छन्।

अध्ययन क्षेत्रका दुवै लिङ्ग र सबै उमेर समूहका व्यक्तिहरूसँग तथ्याङ्क सङ्कलन गरिएको छ । यिनीहरूलाई शिक्षाका रूपमा निरक्षर, साक्षर, माध्यामिक र एस.एल.सी. पास गरी विभाजन गरिएको छ । यिनीहरूको परम्परागत पेशामा परिवर्तन आएर हाल जागिर र व्यापार गर्ने पेशा रहेको छ । परम्परागत पेशामा परिवर्तन आउनमा विविध कारणले भूमिका खेलेको पाइन्छ । जस्तो, गुजारा चलाउन गाह्रो, माग्दा हीनताबोध आदि । यसलाई समयको परिवर्तन शिक्षा र धन आर्जन गर्ने महत्त्वाकाङ्क्षाले प्रभाव पारेको पाइन्छ । दैनिक आम्दानीमा १००-३०० सयभन्दा बढी कमाउने देखिन्छ भने मासिक रू. ३००० देखि रू. १०००० भन्दा माथि कमाउने गरेको पाइन्छ । यसले गर्दा पेशामा आएको परिवर्तनले गन्धर्वहरूको सामाजिक, आर्थिक, सांस्कृतिक क्रियाकलापमा पनि परिवर्तन आएको छ ।

# अध्याय - पाँच

# गन्धर्व जातिको विवाह प्रणाली

### ५.१. परिचय

समाजमा विद्यमान विभिन्न गतिविधिहरूमध्ये विवाह पनि एक सामाजिक तथा सांस्कृतिक संस्था हो, जसले आजको समाजलाई जीवन्तता प्रदान गरिरहेको छ। मानव समाजमा विवाह जीवनको महत्त्वपूर्ण संस्कार हो। यो संस्कार सबै समाजमा सार्वभौम रूपमा रहेको छ भने यो संस्कार सम्पन्न गर्ने विधिहरू मात्र आ-आफ्नो प्रकारको चलनअनुसार हुन्छ। यस आधारमा परिवारमात्र नभई व्यवस्थित समाजको सिर्जना हुन कठिन हुन्छ। त्यस कारण समाजको लागि परिवार चाहिन्छ र विवाहगत क्रियाकलाप नभइकन परिवारको निर्माण हुन पनि सक्दैन। प्रकृतिको विभिन्न आवश्यकतामध्ये यौन पनि एक महत्त्वपूर्ण पक्ष हो। यस आधारमा यौन प्राणीको नैसर्गिक चाहना हो जसले जैविक इच्छाको साथै सामाजिक तथा सांस्कृतिक इच्छालाई पनि प्रतिनिधित्व गर्दछ। मानव सभ्य र विकसित प्राणी भएकाले छाडा यौन सम्बन्धलाई नकार्दै सुव्यवस्थित र नियन्त्रित ढङ्गबाट सम्पन्न गर्न मानव समाजले अपनाएको वैधानिक संस्था नै विवाह हो भन्न सकिन्छ। यसका रूप अनेक हुन सक्दछन् तर यो सार्वभौम र सर्वव्यापी संस्था हो।

हिन्दू धर्मशास्त्रअनुसार शास्त्रीय विधिपूर्वक वरले कन्यालाई पत्नीको रूपमा ग्रहण गर्ने क्रियालाई विवाह भनिन्छ। जसबाट दुई प्राणको बन्धनकारी र पवित्र आन्तरिक संयोग हुन्छ। यस्तो विवाह एक महत्त्वपूर्ण संस्कारमध्ये एक मानिन्छ। सामान्यतया महिला र पुरुषलाई पति-पत्नीको रूपमा समाजले मान्यता दिनुलाई नै विवाह भनिन्छ। विवाह अगाडि कुनै पनि महिला र पुरुषबीचको यौन सम्बन्धलाई नेपाली समाजमा मान्यता दिएको पाइँदैन। त्यसैले यौन सम्बन्धको साथ साथै सन्तान जन्माउन सामाजिक तथा वैधानिक रूपमा अधिकार पाउन गरिने संस्कारको नाम विवाह हो। विवाहलाई सामाजिक बन्धनका रूपमा पनि लिइन्छ किनभने यसले दुई हाडका सदस्यहरूलाई एक सूत्रमा बाँध्ने काम गर्दछ भने यसबाट नयाँ जीवन र सहयोगको नयाँ क्षेत्रको थालनी पनि हुन्छ। पहिलेदेखि नै विवाहले व्यक्तिगत पारिवारिक जीवनमा नयाँ घरपरिवारको निर्माण तथा परिवारहरूको बीचमा सुमधुर सम्बन्ध कायम राख्दै आएको छ। पारिवारिक सम्बन्ध र विवाहिता जोडीले आपसमा खेल्ने भूमिकाले नै वास्तवमा

हरेक समाजको सामाजिक पद्धतिलाई स्थिर राख्ने गर्दछ। एउटा अपरिपक्व पुरुष विवाहपश्चात् परिपक्व र व्यावहारिक हुन्छ भन्ने हाम्रो सामाजिक तथा पारिवारिक धारणा रहेको पाइन्छ।

विवाहको प्रार्दुभाव हुनुभन्दा अगाडि एक समूहको स्त्रीमाथि अर्को समूहको पुरुषले यौन सम्बन्ध राख्दथे जसले गर्दा स्त्री र पुरुषबीच विवाहको रूप विकास भयो भन्ने धेरै समाजशास्त्रीहरूको भनाइ छ। त्यही विवाहले पछि आएर विभिन्न रूप लियो विभिन्न समूह र जातिमा विवाहसम्बन्धी आफ्नै किसिमको परम्पराको विकास हुँदै गयो। त्यसैको परिणामस्वरूप पनि विभिन्न जातजातिहरूको वैवाहिक रीतिरिवाज आफ्नै किसिमको पाइन्छ। त्यस्तै गन्धर्व जातिमा पनि विवाह प्रणाली आफ्नै किसिमको भएको पाइन्छ। यिनीहरूको समाजमा प्रचलित विवाह प्रणाली विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ। जस्तो मागी विवाह, जबरजस्ती विवाह, जारी विवाह, विधवा विवाह, प्रेम-विवाह आदि विवाहमध्ये बाटुलेचौरका गन्धर्व समुदायमा प्रचलित रूपमा मागी विवाह नै प्रमुख रूपमा रहेको छ भने हाल युवा वर्गमा प्रेम-विवाह गर्ने प्रचलन बढ्दो छ। माथि उल्लेख गरेका अन्य विवाह भने भएको पाइँदैन।

यहाँ गन्धर्व जातिमा आफ्नै हाडनाताभित्र विवाह गर्ने चलन छैन। यिनीहरूले हाडनाताभन्दा बाहिरको नाता पर्नेसँग मात्र विवाह गर्दछन् यिनीहरूमा एउटै गोत्रभित्र पनि विवाहवारी चल्दैन। पहिला यिनीहरूमा मामा छोरी फुपू छोराबीच विवाह गर्ने चलन बढी थियो। हाल यस्तो कार्यमा कमी आएको छ। यिनीहरूमा मामाकी छोरी र फुपूको छोराबीच विवाह हुन्छ भने फुपूकी छोरी मामाको छोराबीच विवाह हुँदैन।

## ५.२. विवाहका लागि केटा-केटी खोज्ने विधि

गन्धर्व समुदायमा विवाह एक महत्त्वपूर्ण सामाजिक संस्कार हो। पुरुष वा महिला एक्लैले मात्र घरगृहस्थी चल्न सक्दैन त्यसैले हर सुखदुःखमा सजिलो तथा साथ दिनको लागि विवाह गर्नु नितान्त आवश्यक देखिन्छ। अपरिपक्व पुरुष वा महिला विवाहपश्चात् परिपक्व र समाजमा सक्षम व्यक्तिको रूपमा चिनिन्छ। 'श्रीमान श्रीमती एउटा सिक्काका दुई पाटा हुन्' भन्ने नेपाली उखान पनि हरेक समाजमा सार्थक देखिन्छ। त्यसैले विवाह हाम्रो नेपाली समाजमा एउटा सामाजिक संस्थाका रूपमा स्थापित भएको पाइन्छ। त्यसकारण समाजलाई अग्रगमनतिर लैजान विवाह संस्थाले महत्त्वपूर्ण भूमिका खेलेको छ। त्यसकारण यो संस्थाले बाटुलेचौरको गन्धर्व समुदायमा आफ्नो क्षेत्रमा प्रकार्यत्मक नै रहेको छ। यिनीहरूको विवाह आफ्नै जातभित्र मात्र हुन्छ। यिनीहरूको विविध थरहरू छन्। त्यसैले एउटै थरभित्र विवाह चल्दैन। यिनीहरूले आफ्नै नाताभित्र वा बाहिर विवाह गर्दछन्। नाता भन्नाले मामा छोरी फुपूछोराबीच हुने

विवाह हो । गन्धर्वले मामाकी छोरी र फुपूको छोराबीच विवाह गर्दछन् फूपूकी छोरी र मामाको छोराबीच विवाह गर्दैनन् ।

गन्धर्व समुदायमा छोरा छोरीको उमेर पुगेपछि विवाह गर्ने तरखर हुन्छ । पहिला-पहिला सानै उमेरमा विवाह गर्दथे भने हाल परिपक्व भएपछि वा अलि बढी उमेर पुगेपछि विवाह गर्दछन् । केटी खोज्नुभन्दा पहिला ब्राह्मणसँग कुन दिशाकी केटी विवाह गरे राम्रो र कुन दिशातिर गरे नराम्रो भनी हेरिन्छ । यिनीहरूमा केटी पक्षबाट भन्दा केटा पक्षबाट केटी खोज्ने बढी चलन छ । फलाना ठाउँमा फलानाकी छोरी छ भन्ने थाहा पाएपछि केटा पक्षका नातेदार, लमी वा स्वयं केटा पक्षका अभिभावकले कुरा चलाउन केटीका अभिभावकलाई भेट्छन् र कुरा चलाउँछन् । केटी छ भन्ने थाहा पाएपछि त्यस बारेमा सबै कुरा बुझ्छन् र ठीक लागे कुरा चलाउन जान्छन् । पहिला-पहिला त केटाले सारङ्गी बजाउन नजाने त्यस्ता केटाले केटी पाउन पनि गाह्रो हुन्थ्यो । त्यसैले केटाले सारङ्गी बजाउन जान्छ वा जान्दैन भनेर पहिला नै सोध्दथे । सबै कुरा मिलेपछि अन्य प्रक्रियाहरू अगाडि बढ्छ ।

गन्धर्व समुदायमा विवाह गर्नका लागि लमीको महत्त्वपूर्ण भूमिका रहेको छ । लमीलाई गन्धर्व जातिले 'कारोबारी' भनेर भन्दछन् । केटा केटी पक्षका कुराहरू एक अर्को पक्षलाई सुनाउने र कुरा मिलाउन दौडधुप गर्दछन् । लमीले केटा-केटी फलाना ठाउँमा छन् भनेर अभिभावकलाई जानकारी पनि दिन्छन् । लमीमार्फत् कुरा चलाएर विवाह भएपश्चात् केटा पक्षबाट फेता, कपडा, टोपी दिन्छन् । सम्मान साथ राखेर रक्सी, मासु खुवाउँदछन् । कसै-कसैले त आफ्नो गच्छेअनुसार पैसा पनि दिन्छन् ।

## ५.३. विवाह छिन्दा गरिने विधि

दुवै पक्षका अभिभावकहरूलाई चित्त बुझेपछि टीकाटाला गर्ने दिन तोकिन्छ । केटा पक्षको केटी पक्षका आमालाई दुद्यौली (दूधको भारा) वापत १ रूपैयाँ दिन्छन्, जसलाई गन्धर्वले साइपाटा भनेर भन्दछन् । त्यसका साथै भुड्को पनि दिन्छन् । जसमा तान्द्रेकर्कलाको अचार, जाँड, रक्सी हुन्छ । यी दुवै चीज केटी पक्षका अभिभावकले स्वीकारे विवाह पक्का हुन्छ । एक रूपैयाँ लिएपश्चात् यदि केटी अर्को कसैसँग भागेमा घरको धुरीमा सिन्दुर हाल्न अधिकार पाउँछ भन्ने किम्वदन्ती रहेको छ । कि एक रूपैयाँ फर्काउने वा अर्की छोरी सोधभर्ना वापत दिनुपर्दछ । दुवै पक्षका इष्टमित्र र अभिभावक मिलेर भुड्को खान्छन् जसलाई भुड्को फोर्ने भनेर भनिन्छ । त्यसपश्चात् केटी पक्षकाले केटापक्षकालाई दही चामलको टीका लगाइदिन्छन् र विवाहको लागि दिन तोकिन्छ । विवाहको दिनको लागि ब्राह्मणसँग दिन हेरिन्छ । दिनको पक्का गरी केटा पक्ष घर फर्कन्छन् ।

विवाहको लागि नयाँ कपडा किन्नको लागि दुवै पक्ष एउटै गाउँका छन् भने सँगै बजार जान्छन्। आफ्नो गच्छेअनुसार कपडा किनेर ल्याउँछन्। कपडा किनेर ल्याएपछि घर भित्र्याउनुभन्दा पहिला बीच बाटोबाटै माहाल मङ्गल गीत गाउँदै सारङ्गी, अर्वाजो, मादल बजाउँदै ल्याउँछन् र घरको पिढींमा राखेर चामलको अक्षताले पुजी भित्र्याउँछन्। यिनीहरू सोमबारबाहेक अन्य दिन कपडा किन्नका लागि राम्रो दिन मान्दछन्। कपडा किनेर ल्याउँदा गाइने माहाल यस प्रकार छ :

माहाल-बटौलीको कपडु पहाडको वरमन
पर्सिदेउन वरमनले भलै अछिता ....... ।

(स्रोतः स्थलगत सर्वेक्षण २०६५)

## ५.४. विवाह गर्ने विधि

गन्धर्व जातिको विवाहमा ज्वाइँ/भान्जालाई पुरोहित राखिन्छ। ब्राह्मणले दिएको लगनको साइतमा कार्य गर्न पहिला-पहिला पानीमा पाला राखी ब्राह्मणले हेरेर बस्दछन्। ब्राह्मणले यति पाला गयो यो गर्न पर्‍यो भन्दछन् र त्यसअनुसारको काम गरिन्छ। हाल घडीको विकासले गर्दा त्यसैको समयअनुसार गर्दछन्। घडी पालाको पानीले दुलाहालाई छर्केर चोखाइन्छ। त्यसपछि केटाको छुराकर्म गरिन्छ, जसमा केटाको कपाल खौरिन्छ र कन्या केटीले फुरौला, रोटी, जाँड, मासु खुवाउँदछन्। दुलाहालाई 'बुकुवा' भन्ने दलिन्छ। त्यसपछि माहाल गाइन्छ, जुन यस प्रकार छ :

मधेशको तोरी पहाडको वरमन
लगाइदेउन बाली कन्य भलै बुकुवा ... ।

(स्रोत : स्थलगत सर्वेक्षण, २०६५)

बुकुवा दलेर माहाल गाएपछि केटालाई कपडा लगाउन शुरु गरिन्छ। यसरी कपडा लगाउँदा पनि माहाल गइन्छ।

बटौलीका कपडु पहाडको वरमन
लगाइदेऊन वरमन भलै कपडु ।

(स्रोत : स्थलगत सर्वेक्षण, २०६५)

कपडा पहिरिसकेपछि टीकाटाला लगाउन शुरु गरिन्छ। टीका लगाउने बेलामा पनि माहाल गाइन्छ, जुन यस प्रकार छ :

सिलिधानका चामलु माली गाईको दही

लगाई देउन नरलोक भलै अछिता .... ।

(स्रोत : स्थलगत सर्वेक्षण, २०६५)

पहिला दुलाहाका बावुआमाले टीका लगाइदिन्छन् त्यसपछि छरछिमेक र इष्टमित्रले टीका लगाउँदै फूल (पैसा) लगाइदिन्छन् । त्यसै पैसाका माला बनाएर दुलाहालाई लगाइदिन्छन् । टीकाटाला सकेपछि एकजना महिलाले माटाको भाँडोमा जाँड, टपरीमा तान्द्रेकर्कलो र न्यूरोको तरकारी लिन्छिन् र अगाडि लगाउछन् र दुलाहालाई काँधमा राखी नजिकैको मन्दिर घुमाइन्छ । सारङ्गी, अर्वाजो, मादल, मुजुरा बजाई नाचगान गरिन्छ । त्यस बेला तरबार नाच नाचिन्छ । यस नाचमा दुई जनाले तरवार लिई नाच्छन् । यस नाचको गीत यस प्रकार छ :

तवारीको पर्‍यो घमासान

माइला जर्नेल बबरशमशेर

तरवारीको पर्‍यो घमासान

सत्र भाइको सत्र अंश

मुलुक बाँडी दिया

भाइ-भाइलाई औंस बाँडी

जिल्ला-जिल्ला सबै खटाई दिया

माइला जर्नेल बबरशमशेर

तरवारीको पर्‍यो घमासान .... ।

(स्रोत : स्थलगत सर्वेक्षण, २०६५)

दुलाहालाई घरमा ल्याएर राखिन्छ । सगुन खाने काम पनि गरिन्छ । यसै बेला रक्सी माग्नको लागि बूढापाकाहरूले 'प्याला' गीत गाउँछन् । त्यसपश्चात् दुलाहा अन्माइन्छ । दुलाहा अन्माउँदा पनि मङ्गल गाइन्छ, जुन यस प्रकार छ :

(सक्यो नानी)[३]

मागी देउन बाबा,

डोलाय चुलठी मायैं लाग्यो ।

पूर्वमा देशको एउटी केटी

चुल्ठी देख्दा मायै लाग्यो ।

(स्रोत : स्थलगत सर्वेक्षण, २०६५)

दुलाहालाई अन्माएपछि बाटामा सारङ्गी, अर्वाजो, मादल, मुजुरा बजाउँदै जन्ती दुलहीको घरतर्फ लाग्छन् । दुलाहाको घरबाट जन्ती जानु भन्दा पहिला एक जना व्यक्तिलाई काठको भाडामा भातीजाँड राखेर दुलहीको घरमा पठाइन्छ । जसलई भत्कौरो भनेर भनिन्छ । दुलहीको घरमा जन्ती आएपछि स्वागतार्थ माहाल गाइन्छ ।

सिलिधानको अछिता माली गाईको दही

जन्ती पर्सिदेऊन बाबै फूलकी त डोलिया ।

(स्रोत : नेपाली, २०६० : १८१)

सबै जन्तीलाई सम्मान साथ गुन्द्री काम्लोमाथि राखिन्छ । दुलहीको घरतर्फको कार्जे शुरु हुन्छ । त्यसमा पहिला स्वयंबर गरिन्छ, जसमा केटाकेटीबीच टीका, माला र औंलामा औंठी लगाइन्छ । जन्ती पर्सिने कार्यको सुरुआत हुन्छ । त्यसबेला पनि माहाल गाइन्छ ।

सिलिधानको चामलु माली गाईको दही

पर्सिदेउन बर्माजी भलै अछिता ।

(स्रोत : ऐजन, १८०)

ब्राह्मणले दिएको टिपोटअनुसार यो-यो पला (समय) मा यो - यो काम गर्न भनेअनुसार ज्वाइँ/भान्जाले दुलाहा-दुलहीलाई जगियाको कार्जे गराउँछन् । ब्राह्मण नै बसेर वेद पढेर कार्जे गर्ने चलन हुँदैन । ब्राह्मणले दिएको पलामा दुलाहा दुलहीको गोडा धोइन्छ । यस बेला निम्न व्यहोराको माहाल गाइन्छ :

सुनै कलशे झारीमा त गङ्गाजल सारी नि

धोउन हो रे मेरा बाबा सिरीरामका पाउ

कति मुरी खाए बाबा झिनुवाका भुजा

कति खाए मुसुरीको दाल

नवै मुरी खाए चेली झिनुवाका भुजा

नवै पाथी मुसुरीको दाल

(स्रोत : ऐजन, १८५)

कन्यालाई आफ्नो गोत्र टुटाएर दिनुलाई कन्यादन भनिन्छ। यस बेला पनि माहाल गाइन्छ ।

मुरी मुरी घिवै तेल होमिसके वर्माले
किन धन भयो विलम्ब
वर भ्कै तपे बहु दुवो मौलिए
आशिष वरदान तिमीलाई वहु
थपै माथि पुत्र कल्यान होस् ।

(स्रोत : ऐजन, १८२)

ब्राह्मणले दिएको लगन छोपेर जग्गेमा दाहिने व्रत गरेर दुलाहा दुलहीलाई तीन पटक घुमाइन्छ यसलाई माडो घुम्ने भनिन्छ । त्यस बेला निम्न व्यहोराको मङ्गल गाउँछन् ।

उठ उठ स्वामी मेरा
भाङ्ग भ्किङ्ग खाई रे
दाहिने व्रत गरी घुम्यौ
एक्लै गौरा रानी रे ।

(स्रोत : जि.सी., २०४४: ६१)

माडो घुम्ने काम सकिएपछि लगन पारेर सिन्दुर हाल्ने कार्य गरिन्छ । जुनसुकै जातिको पनि विवाहमा सिन्दुर हाल्ने काम महत्त्वपूर्ण हुन्छ । यसैको माध्यमले नै केटा र केटी श्रीमान र श्रीमतीको रूपमा स्थापित हुन्छन् । गन्धर्व जातिको विवाहमा पनि सिन्दुर हाल्ने कामको महत्त्व बढी नै हुन्छ । यस बेला पनि महादेवको मङ्गल गाइन्छ । जुन निम्न व्यवहोराको छ :

वम महादेव सदा शिवनाथ
रंगविरंग अफिमले मात
गावित्रीका पुत्र वृख वाहान चढी
तीर्थ चले सँग साथ

ब्रह्माण्ड फोरी तिर्खन्न भया
त्यहाँदेखि तीन भाइ प्रकष्ट उदाय
ब्रह्मा विष्णु महेश्वर तीनै र जात
तीनै र लोक र तीनै र गुनका शास्त्र जमाया .... ।

(स्रोत : स्थलगत सर्वेक्षण, २०६५)

सिन्दुर हाल्ने कार्य सकिएपछि माहुर चटाउने कार्य हुन्छ । यसमा एउटा थालमा दही राखिन्छ र त्यसलाई दुलहीले आधा-आधा गरेपछि एक अर्कोतर्फ छर्किन्छन् । दिनको लगन भए

साँझतिर र बेलुकाको लगन भए बिहान पख डोली दिने गरिन्छ। डोली थाप्ने बेलामा पनि गीत गाइन्छ। जुन यसप्रकार छः

तिम्री छोरी रुवाइ लैजाम्ला
हैन माइती राजै तिम्री छोरी रुवाई-रुवाई लैजाम्ला
डोली थाप जन्ती हो दिनै लागे दिनै लागे
दिनै लागे दिनै लागे डोली थाप जन्ती हो
दिनै लागे दिनै लागे डोली थाप जन्ती हो।
दिनै लाग दिनै लागे .....।
माया मारी गइजाउँला विरानोको देश
आमा-बावु रुन लागे धुरुधुरु त्यही
डोली .....।

(स्रोत : नेपाली, २०६०: २०६)

डोली लिएर हिँड्दा पनि पुनः तरवार नाच नाच्दै र सक्यो नानी गीत गाउँदै दुलाहाका घरतर्फ फर्किन्छन्।

यसरी नाचगानका साथ दुलाहाको घरमा फर्केपछि दुलहीलाई भित्र्याउने कार्य गरिन्छ। त्यसबेला ढोकादेखि भित्रसम्म धानको मुट्ठी राखिन्छ त्यसमा बत्ती बालिन्छ त्यसमाथि टेक्दै दुलही भित्रिन्छिन्। त्यसबीचमा दुलाहाका दिदी वा बहिनीले दुलहीको बाटो छेक्ने काम हुन्छ र दुलहीले तिम्रो भाग कपडा दिउँला भनेपछि जान दिन्छन्। दुलाहा-दुलही बसेपछि पहिला सासू र बुहारीको चुल्ठो जोर्ने गरिन्छ र टीकाटाला गर्दै फूल लगाउँदै मुख हेर्ने काम हुन्छ।

भोलिपल्ट बिहान चतुर्कर्म गर्दा तामाको ताउलोमा भरी पानी हाल्ने र त्यसमा कटुसका पात र झारपात हाल्ने र एउटा सिङ्गो सुपारीलाई काचो धागोले बेरेर त्यस ताउलोमा हाल्ने। त्यसपछि दुलाहा दुलहीलाई तीन पटकसम्म खोज्न लगाउने कार्य गरिन्छ, जसलाई सुपारी छाम्ने कार्य भनिन्छ। त्यसपश्चात दुलहीलाई दुलाहाको जुठो खुवाउने कार्य गरिन्छ र त्यस बेला इच्छाअनुसारको पैसा नपाएमा दुलाहाको जुठो पनि नखाने र ढोग गरेपछि दुलाहाको खुट्टा पनि नछाड्ने गरिन्छ र पैसा पाएपछि छोडिन्छ। त्यसपछि विवाह कार्य सम्पन्न हुन्छ।

यस दिन हलेदीको कपडा (विवाहमा लगाएका कपडा) धुने कार्य गरिन्छ। नजिक भए ससुराल जान्छन् भने टाढा भए गाउँको इष्टमित्रकहाँ दुरानी जान्छन्। पञ्चरात बस्न भनेर पाँच दिनपछि फेरि ससुराली जान्छन्।

विवाहको दिन दुलाहालाई अन्माएपश्चात सबै महिलाहरू जम्मा भएर रत्यौली खेल्दछन् । त्यहाँ महिलाले पुरुषको भेष लगाएर नाच्ने गर्दछन्, जसलाई लुठो भन्दछन् । त्यति बेला पनि विभिन्नखालका गीत गाउँछन् । बढी प्रचलनमा रहेको गीत यस प्रकार छ :

उजेलो भएको छइन झुक्यायो जुन पापी ताराले

राम राम बिस्नु बिस्नु हो नि मया

जलनधारे केश

छोड्न पऱ्यो जन्मभूमि हो नि मया

लाउन पऱ्यो देश

उजेलो ...... ।

(स्रोत : ऐजन, २५०)

रत्यौली खेल्नेलाई सबै इष्टमित्र र दुलाहका घरका परिवारले पैसा दिन्छन् । पहिला-पहिला त्यो पैसा सबै मिलेर बाँडेर खान्थे भने हाल समूहमा राखिन्छ । गन्धर्व जातिको विवाहमा दुवैतर्फ भोजभतेर गरिन्छ ।

यिनीहरूको विवाहमा जग्गे (यज्ञ) बनाउने, चदुवा राख्ने कलश पुज्ने आदि गर्दछन् । जग्गे कर्मकाण्ड ॐ कार विधिमा हुन्छ । जुन यस प्रकार छ :

ॐ नमोः नारायणको नाम नित्य लिनु

सदा ध्यान घरी ज्ञान गुण पामु पदारत

(ॐ नमोः)[३]

(जि.सी., २०४४: ६१)

आजभोलि गन्धर्व जातिको विवाह रीत पुऱ्याएर गरिँदैन । प्रेमविवाह गर्ने प्रचलन बढेको छ । घरमा भन्दा बढी मन्दिरमा गएर विवाह गर्ने प्रचलन बढेको पाइन्छ । गन्धर्व समुदायमा विधवा विवाह, चोरी विवाह, जारी विवाह प्रचलनमा छैन । बहुपत्नी र बहुपति विवाह पनि प्रचलनमा छैन । १-२ जनाले बहुपत्नी विवाह गरेको पाइयो । पहिला-पहिला बाल-विवाह गर्ने चलन थियो भने अहिले त्यो चलन हटिसकेको छ । अहिले त अन्तर्जातीय विवाह गर्ने प्रचलन पनि बढेको पाइन्छ ।

## ५.५. विवाह गरेको उमेरको विवरण

नेपाली समाजका हरेक जातजातिको समुदायमा सानै उमेरमा विवाह गरिदिने चलन रहेको थियो, जसले गर्दा बालविवाह बढी हुने गर्दथ्यो । समयको परिवर्तन, चेतनाको विकास र

कानुनी बन्देजका कारण हाल कुनै पनि समाजमा बालविवाह गर्ने परिपाटी हटेको पाइन्छ। सर्वेक्षण गरिएका ५४ जोडीको विवाह गर्दाको उमेर तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५.१

उत्तरदाताहरूको विवाह गर्दाको उमेर

| क्र.सं. | उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ८ - १५ वर्षसम्म | ८ | १४.८ |
| २ | १६ - २० वर्षसम्म | ३० | ५५.६ |
| ३ | २१ - २५ वर्षसम्म | १४ | २५.९ |
| ४ | २६-३१ वर्ष | २ | ३.७ |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथिको तालिका हेर्दा ८-१५ वर्षमा विवाह गर्ने ८ जना अर्थात् १४.८ प्रतिशत देखियो। १६-२० वर्षमा ३० जना अर्थात् ५५.६ प्रतिशत देखियो। २१-२५ वर्षमा विवाह गर्ने १४ जना अर्थात् २५.९ प्रतिशत देखियो भने २६-३१ वर्षमा विवाह गर्ने २ जना अर्थात् ३.७ प्रतिशत देखियो। गन्धर्व समाजमा सानो उमेरमा विवाह गरिने प्रचलन हटेको देखिन्छ।

## ५.६. विवाह संस्कार

### ५.६.१. मागी-विवाह

परम्परादेखि नै गन्धर्व समाजमा मागी विवाह नै प्रचलनमा रहेको पाइन्छ। विवाह प्रणालीमध्ये केटा तथा कन्याको स्वीकृतिभन्दा पनि केटाका बाबुआमा र कन्याका बावुआमा बीचमा भएको सम्झौताबाट सम्पन्न विवाहलाई मागी विवाह भनिन्छ। यिनीहरूको मागी विवाहमा केटी दिन्छन् कि दिँदैनन् भनी पहिला कुनै व्यक्तिमार्फत कुरा बुझ्न लगाउँछन्। यदि दिने जस्तो भएमा कारोबारी, इष्टमित्र वा स्वयं केटाका अभिभावकमार्फत कुरा चलाइन्छ। कुरा चलाएर पक्कापक्की भएपछि भुड्को फोरिन्छ। औपचारिक रूपमा कन्यालाई मागेर विवाह गर्ने प्रचलन रहेको छ। पहिला-पहिला बालविवाह हुँदा यस प्रकारको विवाह बढी नै प्रचलनमा थियो। हाल मागीभन्दा बढी प्रेम-विवाह गर्ने प्रचलन बढेको पाइन्छ।

### ५.६.२. प्रेम-विवाह

केटा र केटीको दुई आत्माको मिलन भएर विवाह गर्ने प्रचलनलाई प्रेम-विवाह भनिन्छ। बाटुलेचौरका गन्धर्व समुदायमा प्रेम-विवाह पनि प्रचलनमा रहेको पाइन्छ। पहिले यो विवाहलाई

समाजमा हेयको दृष्टिले हेरिन्थ्यो तर हाल यिनीहरूको समाजमा प्रेम-विवाहलाई स्वीकृति दिएको पाइन्छ तर पनि मागी विवाहको समकक्षमा राखिँदैन। प्रेम-विवाहमा यहाँ केटाले केटीलाई भगाएर लैजान्छ र केही दिनपछि घरका परिवारले बोलाएर भित्र्याउने काम गर्दछन्। केटाको घरमा भित्र्याएपछि छोराबुहारीको रूपमा यिनीहरूलाई स्वीकार गरिन्छ। केही समयपश्चात् केटीको घरतर्फ पनि बोलाएर टीकाटाला गरी भित्र्याएपछि छोरी-ज्वाइँको रूपमा स्वीकार गर्दछन्। स्थलगत सर्वेक्षणअनुसार मागी तथा प्रेम-विवाहलाई तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५.२

माागी तथा प्रेम-विवाहको अवस्था

| क.सं. | विवाह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मागी विवाह | २७ | ५०.० |
| २ | प्रेम-विवाह | २६ | ४८.१ |
| ३ | चोरी विवाह | १ | १.९ |
| | जम्मा | ५४ | १००.० |

स्रोत स्थलगत सर्वेक्षण, २०६५

अध्ययन क्षेत्रमा सर्वेक्षण गरिएका ५४ जना जोडीमा मागी विवाह गर्ने २७ जना अर्थात् ५०.० प्रतिशत रहेको छ भने प्रेम-विवाह गर्ने २६ जना अर्थात् ४८.१ प्रतिशत रहेको छ। यस तालिकाअनुसार चोरी विवाह गर्ने १ जना अर्थात् १.९ प्रतिशत रहेको छ। गन्धर्व समुदायमा मागी-विवाह र प्रेम-विवाह गर्ने प्रचलन बराबरी देखिन्छ। यसले के देखाउँछ भने हाल प्रेम-विवाह गर्ने प्रचलन बढी नै रहेको छ।

### ५.६.३. सजातीय तथा विजातीय विवाह

सजातीय विवाह भन्नाले आफू जुन समूहको व्यक्ति हो त्यही समूहको अर्को व्यक्तिसँग वैवाहिक सम्बन्ध राख्नु हो। यसमा एउटै वर्ग, जात, प्रजाति, जनजाति, आदिवासी तथा धार्मिक समूहहरू पर्दछन्। जस्तै क्षेत्रीले क्षत्रीसँगै विवाह गर्ने, बाहुनले बाहुनसँग विवाह गर्ने, गुरुङले गुरुङसँग नै विवाह गर्ने हो। आफ्नो समूहबाहिर गएर विवाह गर्न समाजले स्वीकृति दिएको हुँदैन। गन्धर्व जातिभित्र पनि विवाह गर्दा आफ्नै जातभित्र गरिन्छ। यस जातिभित्र आफ्नो थर र गोत्रभित्र गरिँदैन भने अन्य गन्धर्व जातसँग वैवाहिक सम्बन्ध कायम गरिन्छ। यद्यपि वर्तमान गन्धर्व समाजमा अन्तर्जातीय विवाहमा पनि विकास भइरहेको छ।

विजातीय विवाह भन्नाले आफ्नो समूहभन्दा बाहिर गएर विवाह गर्नुलाई जनाउँछ।

यसमा आफ्नो गोत्रभन्दा बाहिरको र आफ्नो नाता-सम्बन्धभन्दा बाहिर विवाह गरिन्छ। गन्धर्व समुदायमा यस्तो खालको विवाह गर्ने प्रचलन रहेको छ। अन्तर्जातीय विवाह पनि यसअन्तर्गत रहेको देखिन्छ।

तालिका नं. ५.३

सजातीय तथा विजातीय विवाहको विवरण

| क.सं. | विवाह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सजातीय | ४२ | ७७.८ |
| २ | विजातीय | १२ | २२.२ |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षणका आधारमा सजातीय विवाह गर्नेको सङ्ख्या ४२ जना अर्थात् ७७.८ प्रतिशत रहेको छ भने विजातीय विवाह गर्नेको सङ्ख्या १२ जना अर्थात् २२.२ प्रतिशत रहेको छ। यसरी हेर्दा विजातीयभन्दा सजातीय विवाह गर्ने प्रचलन नै बढी देखिन्छ। विजातीय विवाह पनि बढ्न थालेको देखिन्छ।

### ५.६.४. नातागत विवाह

यस प्रकारको विवाहमा मामाकी छोरी र फुपूको छोराबीच हुने विवाह पर्दछ। नेपालका केही जनजाति समुदायमा यस प्रकारको विवाह प्रचलनमा रहेको छ। गन्धर्व जातिमा पनि यस प्रकारको विवाह गर्ने प्रचलन रहेको छ। यिनीहरूमा मामाकी छोरी र फुपूको छोराबीच विवाह हुन्छ भने फुपूकी छोरी र मामाको छोरीबीच विवाह गर्न सख्त मनाही छ। पहिला-पहिला यस खालको विवाह बढी हुने गर्दथ्यो भने हाल यस्तो खालको विवाह गर्ने चलनमा कमी आएको छ। सर्वेक्षणको आधारमा यस्तो खालको विवाह तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५.४

नातागत विवाहको विवरण

| क.सं. | विवाह | द्धद्द | प्रतिशत |
|---|---|---|---|
| १ | नाताभित्र विवाह | ७ | १३.० |
| २ | नाताबाहिर विवाह | ४७ | ८७.० |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

यसरी माथिको तालिकाबाट नाताभित्र विवाह गर्नेको सङ्ख्या ७ जना अर्थात् १३.० प्रतिशत देखियो भने नाताबाहिर विवाह गर्नेको सङ्ख्या ४७ जना अर्थात् ८७.० प्रतिशत देखियो। यसरी हेर्दा नाताभित्र विवाह गर्ने पाउने अधिकार हुँदाहुँदै पनि नाताबाहिर गर्नेको सङ्ख्या बढी नै रहेको छ। नाताभित्रको विवाहलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५.५

नाताभित्र गरिएको विवाहको विवरण

| क.सं. | नाता सम्बन्ध | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मामाकी छोरी | ६ | ८५.७ |
| २ | फुपूकी छोरी | १ | १४.३ |
| | जम्मा | ७ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

यसरी हेर्दा गन्धर्व समुदायमा सर्वेक्षण गरिएका ५४ जोडीमा नाताभित्र विवाह गर्ने सङ्ख्या ७ जना देखिन्छ। मामाकी छोरीसँग विवाह गर्नेको सङ्ख्या ६ जना अर्थात् ८५.७ प्रतिशत रहेको छ भने फुपूकी छोरीसँग विवाह गर्नेको सङ्ख्या १ जना अर्थात् १४.३ प्रतिशत रहेको छ। फुपूकी छोरीसाग विवाह गर्न नहुने हुँदा पनि गरिएको छ भने मामाकी छोरीसँग विवाह गर्ने सङ्ख्या बढी नै रहेको छ।

**५.६.५. अन्तर्जातीय विवाह**

आफ्नो जातभन्दा अर्को जातसँग गरिने विवाह यस विवाहअन्तर्गत पर्दछ। पहिला-पहिला गन्धर्व समुदायमा यस खालको विवाह कम हुने गर्दथ्यो भने हाल युवा पिढीमा अन्तर्जातीय विवाह गर्ने प्रचलन बढेको छ। समयको परिवर्तनसँगै यस खालको विवाह गर्ने प्रचलन बढेको छ। यस समुदायका छोरीहरू पनि गुरुङ, क्षत्री, मगर, ब्राह्मण, राई, विश्वकर्मा, नेपाली र भारतीय नागरिकसँग विवाह गरेको पाइन्छ भने छोराहरूले पनि विभिन्न जातिसँग विवाह गरेको पाइन्छ। अन्तर्जातीय विवाहलाई स्पष्ट पार्न तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ५.६

अन्तर्जातीय विवाहको अवस्था

| क.सं. | जात | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विश्वकर्मा | २ | १६.७ |
| २ | ब्राह्मण | ३ | २५.० |
| ३ | क्षत्री | २ | १६.७ |
| ४ | गुरुङ | २ | १६.७ |
| ५ | नेपाली | २ | १६.७ |
| ६ | परियार | १ | ८.३ |
| | जम्मा | १२ | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०६५

यसरी हेर्दा गन्धर्व समुदायका ५४ जोडीमध्ये १२ जोडीले अन्तर्जातीय विवाह गरेको देखिन्छ। जसमा विश्वकर्मासँग २ जना अर्थात् १६.७ प्रतिशत, ब्राह्मणसँग ३ जना अर्थात् २५.० प्रतिशत, क्षत्रीसँग २ जना अर्थात १६.७ प्रतिशत, गुरुङसँग २ जना अर्थात् १६.७ प्रतिशत, नेपालीसँग २ जना अर्थात १६.७ प्रतिशत देखिन्छ भने परियारसँग १ जना अर्थात् ८.३ प्रतिशतले अन्तर्जातीय विवाह गरेको देखिन्छ। यस्ता खालका अन्तर्जातीय विवाहलाई धेरै परिवारले स्वीकार गरेको पाइन्छ भने केही परिवारले स्वीकार नगरेको पाइन्छ। गन्धर्व समुदायमा अन्तर्जातीय विवाहलाई कस्तो रूपमा लिइन्छ भन्ने धारणा तलको तालिकामा देखाइएको छ।

तालिका नं. ५.७

अन्तर्जातीय विवाहप्रतिको धारणा

| क.सं. | धारणा/विचार | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | राम्रो | १४ | २५.९ |
| २ | ठीकै | २६ | ४८.१ |
| ३ | नराम्रो | १३ | २४.१ |
| ४ | थाहा नभएको | १ | १.९ |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षणअनुसार अन्तर्जातीय विवाहलाई राम्रो रूपमा लिने सङ्ख्या १४ जना अर्थात् २५.९ प्रतिशत पाइयो भने ठिकै लिने सङ्ख्या २६ जना अर्थात् ४८.१ प्रतिशत पाइयो। नराम्रो रूपमा लिने सङ्ख्या १३ जना अर्थात् २४.१ प्रतिशत देखियो भने

धारणा नै व्यक्त नगरेको सङ्ख्या १ जना अर्थात् १.९ प्रतिशत रहेको देखियो । यसरी हेर्दा अन्तर्जातीय विवाहलाई राम्रो र नराम्रो रूपमा लिने सङ्ख्या लगभग बराबरी देखियो भने ठिकै भन्ने सङ्ख्या बढी नै देखियो । यसरी हेर्दा यस समुदायमा अन्तर्जातीय विवाह बढी प्रचलनमा रहेको र आगामी दिनमा यस्तो खालको विवाह गरे परिवार र समाजले सहर्ष स्वीकार गर्ने प्रवृत्ति पाइयो । अन्तर्जातीय विवाहलाई राम्रो रूपमा लिने कारणहरूमध्ये प्रेम, दुई संस्कृतिको मिलन र वर्तमान समाज शिक्षित भएको कारण पाइयो । यसरी नै ठिकै रूपमा लिने कारणहरूमध्ये सबै जात बराबर, सांस्कृतिक सम्बन्ध, विजातीय विवाह गर्न राम्रो र सन्तानको विकास भन्ने पाइयो । भिन्न खालको संस्कृति हुने, समाजले स्वीकार नगर्ने र विजातीय विवाह ठीक नभएको नकारात्मक धारणा रहेको पाइयो ।

## ५.७. विवाहमा लागेको खर्च

गन्धर्व जातिले आफ्नो विवाहमा गच्छेअनुसार खर्च गरेको पाइन्छ । अध्ययन क्षेत्रमा सर्वेक्षण गरिएका ५४ जोडीको विवाहमा लागेको खर्चलाई निम्नानुसार उल्लेख गरिएको छ ।

तालिका नं. ५.८

उत्तरदाताको विवाहमा लागेको खर्च विवरण

| क्र.सं. | खर्च (रू.) | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३०,००० सम्म | ३२ | ५९.३ |
| २ | ३०,००० -५०,००० सम्म | १२ | २२.२ |
| ३ | थाहा नभएको | १० | १८.५ |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

यसरी माथिको तालिकाबाट रू. ३०,००० सम्म खर्च गर्ने ३२ जना अर्थात् ५९.३ प्रतिशत देखियो भने रू. ३०,००० देखि रू. ५०,००० सम्म खर्च गर्ने १२ जना अर्थात् २२.२ प्रतिशत देखियो । विवाह खर्च थाहा नभएका १० जना अर्थात् १८.५ प्रतिशत देखियो । आफ्नो गच्छेअनुसार थोरै नै खर्च गर्ने बढी देखियो । सामान्यत हाल गन्धर्व जातिको विवाहमा गरिने खर्चको विवरण तल उल्लेख गरिएको छ ।

तालिका नं. ५.९

हाल विवाहमा गरिने खर्चको विवरण

| क्र.सं. | खर्च (रू.) | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ३०,००० सम्म | १८ | ३३.३ |
| २ | ३०,००० -५०,००० सम्म | २४ | ४४.४ |
| ३ | ५०,०००-७०,००० सम्म | १० | १८.५ |
| ४ | ७०,०००-१,००,००० सम्म | २ | ३.७ |
| | जम्मा | ५४ | १००.० |

स्रोत स्थलगत सर्वेक्षण, २०६५

यसरी हेर्दा गन्धर्व समुदायमा हाल विवाहमा गरिने खर्च अनुसार रू. ३०,००० सम्म गर्ने भन्ने १८ जना अर्थात् ३३.३ प्रतिशत रहेको छ। रू. ३०,००० देखि रू. ५०,००० सम्म खर्च गर्ने भन्ने २४ जना अर्थात् ४४.४ प्रतिशत रहेको छ भने रू. ५०,००० देखि रू. ७०,००० खर्च गर्ने भन्ने १० जना अर्थात् १८.५ प्रतिशत रहेको छ। रू. ७०,००० देखि रू. १,००,००० सम्म खर्च गर्ने भन्ने २ जना अर्थात् ३.७ प्रतिशत रहेको छ। वर्तमानमा गरिने गन्धर्व विवाहमा बढी खर्च गर्ने प्रवृत्ति देखियो।

## ५.८. दाइजो प्रथा

गन्धर्वहरूको विवाहमा पनि आफ्नो चलन र क्षमताअनुसार दाइजो दिने गरेको देखियो। गन्धर्व विवाहमा दाइजो दिने नदिने विवरण तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५.१०

दाइजोसम्बन्धी विवरण

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | दिने | ३१ | ५७.४ |
| २ | नदिने | २२ | ४०.७ |
| ३ | थाहा नभएको | १ | १.९ |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

अध्ययन क्षेत्रमा गरेको सर्वेक्षणको आधारमा दाइजो दिने सङ्ख्या ३१ जना अर्थात् ५७.४ प्रतिशत देखियो भने नदिने सङ्ख्या २२ जना अर्थात् ४०.७ प्रतिशत र थाहा नभएको १ जना अर्थात् १.९ प्रतिशत देखियो। गन्धर्व विवाहमा दाइजो दिने नदिने भन्दा बढी नै देखियो।

जसअनुसार दाइजो प्रथा बढी नै रहेछ भन्ने देखियो । पहिला-पहिला दाइजो बापत भाँडाकुँडा, जस्तो तामाको ताउलो, गाग्री, थाल, कचौरा, अंखरा आदि दिइएको पाइयो भने हाल भाँडाकुँडा वा कसैकसैले त पैसा पनि दिने चलन बढेको छ । यस कारण गन्धर्व विवाहमा दाइजो प्रथा कुनै न कुनै रूपमा रहेको पाइयो ।

## ५.९. भोजभतेर

गन्धर्व विवाहमा भोजको पनि आयोजना गरिन्छ । आफ्नो छिमेक, इष्टमित्र सबैलाई बोलाएर खुवाइन्छ । यसमा पनि आफ्नो क्षमताअनुसारको खर्च गरेको पाइन्छ । भोजमा पुग्ने गरी राँगो काटिन्छ । पहिला भोजमा कम खर्च गरिन्थ्यो भने हाल बढी खर्च गर्ने र भोजको लागि व्यावसायिक रूपमा खोलिएका क्याटरिङलाई बोलाएर भोज गर्ने प्रचलन पनि बढेको छ । हाल आफ्नो विवाह-व्रतबन्धको भोजमा छिमेकका अन्य जातिलाई पनि बोलाउने गरेको पाइन्छ तर उनीहरूका लागि भने छुट्टै खाने व्यवस्था मिलाइएको हुन्छ ।

## ५.१०. सारांश

समाजमा विद्यमान विभिन्न गतिविधिहरूमध्ये विवाह पनि एक सामाजिक तथा सांस्कृतिक संस्था हो । मानवजीवनमा विवाह महत्त्वपूर्ण संस्कार हो । समाजैपिच्छे फरक-फरक विधि भए पनि यो सार्वभौम र सर्वव्यापी संस्था हो । हिन्दू धर्मशास्त्रअनुसार शास्त्रीय विधिपूर्वक वरले कन्यालाई पत्नीको रूपमा ग्रहण गर्ने क्रियालाई विवाह भनिन्छ । महिला र पुरुषलाई पति-पत्नीको रूपमा समाजले मान्यता दिनुलाई नै विवाह भनिन्छ । विवाहपश्चात् अपरिपक्व व्यक्ति परिपक्व हुन्छ भन्ने मान्यता रहेको छ र यौनसम्बन्ध राख्ने, बच्चा जन्माउने कार्यलाई समाजले अधिकार दिएको पाइन्छ ।

गन्धर्व जातिमा आफूलाई आवश्यकता परेको केटीको खोजी गर्दछन् । त्यहीअनुसार इष्टमित्र, कारोवारी वा अभिभावकमार्फत् केटीका घरतर्फ कुरा चलाउँदछन् । एक रूपैयाँ साइपाटावापत दिइन्छ र भुड्को फोरेपछि विवाह पक्का हुन्छ । लगनको लागि ब्राह्मणसँग दिन हेर्दछन् । गन्धर्व जातिमा ब्राह्मणको रूपमा भान्जा/ज्वाइँलाई राखिन्छ । यिनीहरूको विवाहमा ब्राह्मण क्षेत्रीको जस्तो जगियामा पुरोहित राखेर गरिने विवाह हुँदैन । ब्राह्मणले दिएको पला (समय) मा सम्पूर्ण कार्य गराउँदछन् । यसरी कार्य गर्दा विभिन्न खालका विवाहसँग सम्बन्धित गीतहरू पनि गाइन्छ । यिनीहरूको विवाह गीतै गीतमा शुरु हुन्छ र त्यसैमा अन्त पनि हुन्छ । यिनीहरूको विवाहमा मुख्य-मुख्य कार्य मात्र गर्दछन् ।

बाटुलेचौरका गन्धर्वमा मागी विवाह नै प्रचलनमा छ। वर्तमान समयमा प्रेम-विवाह पनि बढी प्रचलनमा रहेको छ भने त्यसमा अन्तर्जातीय विवाह पनि बढेको छ। गन्धर्वले सजातीय विवाहलाई बढी जोड दिएको पाइन्छ भने विजातीय विवाह पनि बढेको छ। यस समुदायमा पहिला मामा छोरी, फुपू-छोराबीच विवाह गर्ने प्रचलन थियो तर वर्तमानमा यस्तो खालको विवाहमा कमी आएको छ।

परम्परागत पेशा भएको बेलामा आफ्नो क्षमताअनुसार विवाहमा खर्च गरेको पाइन्छ भने हाल पेशागत परिवर्तनले बढी खर्च गर्ने प्रवृत्तिको विकास भएको छ। हाल तडकभडक खालको विवाह गर्ने र भोज भतेरमा पनि बढी खर्च गर्ने प्रचलनको विकास भएको पाइन्छ। गन्धर्व समुदायमा परम्परादेखि नै दाइजो लिने-दिने प्रचलन थियो। पहिला-पहिला भाँडाकुडा दिने गरेका थिए भने हाल पैसा पनि दिने गरेको पाइन्छ। यसबाट कुनै पनि रूपमा गन्धर्व समुदायमा दाइजो प्रथा रहेको देखिन्छ।

# अध्याय – छ

# गन्धर्व जातिको विवाह प्रणालीमा आएका परिवर्तनहरू

गन्धर्व जातिको विवाह प्रणाली एक महत्त्वपूर्ण सामाजिक संस्कारका रूपमा गन्धर्व समाजमा स्थापित रहेको छ। यस संस्कारलाई गन्धर्वहरू आफ्नो क्षमताअनुसार हर्षोल्लासका साथ सम्पन्न गर्दछन्। त्यसकारण गन्धर्व समुदायमा विवाह सामाजिक संस्थाका रूपमा क्रियाशील रहेको छ। त्यस समुदायमा परम्परागत पेशा हुने बेलामा हुने विवाह र अहिले गरिने विवाह प्रणालीमा विविध कारणले धेरै नै अन्तर रहेको छ अथवा परिवर्तन आएको छ।

## ६.१. विवाहको प्रचलनमा आएको परिवर्तन

गन्धर्व समुदायमा पहिला-पहिला मागी विवाह गरिने प्रचलन थियो। छोराछोरीको विवाह गर्ने उमेर भएपछि आमा-बावुले निर्णय गरी विवाह गरिन्थ्यो। मागी-विवाहमा निर्णय गर्ने अधिकार अभिभावकमा थियो। वर्तमान समयमा यस्तो खालको विवाह प्रणालीमा परिवर्तन आएको छ। मागी-विवाह गर्दा अभिभावकको साथ-साथै केटा-केटीले पनि निर्णय लिने प्रवृत्तिको विकास भएको छ। गन्धर्व समुदायका युवा-युवतीहरूमा प्रेम-विवाह गर्ने प्रचलन बढेको छ। अभिभावकको इच्छाभन्दा आफ्नो इच्छाले विवाह गर्ने गरेको पाइन्छ। दुवै जनाको मन मिलेपछि भागेर मन्दिरमा गएर विवाह गर्ने गरेको पाइन्छ। पहिला-पहिला मागी विवाह गर्दा घरबाट रातको लगनमा विवाह गरिन्थ्यो। आधुनिक समयमा मागी विवाह गरे पनि घरबाट भन्दा मन्दिरमा गर्ने र रातको भन्दा दिनको लगनमा विवाह गर्ने गरेको पाइन्छ।

वर्तमान समयमा प्रेम-विवाह गर्ने प्रचलन बढेको र त्यसअन्तर्गत अन्तर्जातीय विवाह गर्ने चलन चलेको छ। गन्धर्व जातिका छोरीहरूले क्षत्री, गुरुङ, मगर, ब्राह्मण, राई आदिसँग विवाह गरेका छन् भने छोराहरूले पनि गुरुङ, ब्राह्मण आदिसँग विवाह गरेका छन्।

## ६.२. विवाह गर्ने उमेरमा आएको परिवर्तन

परम्परागत पेशा अवलम्बन गरेको समयमा गन्धर्व समुदायमा सानो उमेरमा विवाह गर्ने प्रथा बढी थियो, जसलाई बाल-विवाह भनेर भनिन्छ। सर्वेक्षण गर्ने क्रममा पनि कतिपय उत्तरदाताहरूले बाल-विवाह गरेको पाइएको छ। समयको परिवर्तन, बाल-विवाहविरुद्धको कानुनी व्यवस्था र बाल-विवाह गरेपछिका विभिन्न अप्ठेराहरूले गर्दा त्यस्तो खालको विवाहमा परिवर्तन आएको छ। हाल केटा-केटीको विवाह गर्दा उमेर पुऱ्याएर वा परिपक्व भएपछि गरिने

प्रचलनको विकास भएको छ । हाल विवाह गर्ने उमेरमा आएको परिवर्तनलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६.१

हाल विवाह गरिने उमेर

| क्र.सं. | उमेर समूह | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १५-२० वर्ष | २३ | ४२.६ |
| २ | २०-२५ वर्ष | ३१ | ५७.४ |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

अध्ययन क्षेत्रका ५४ जनामा गरिएको सर्वेक्षणको आधारमा हाल विवाह गर्ने उमेर १५-२० वर्ष भन्ने २३ जना अर्थात् ४२.६ प्रतिशत देखियो भने २०-२५ वर्ष भन्ने ३१ जना अर्थात् ५७.४ प्रतिशत देखियो । यसरी हेर्दा परिपक्व उमेर पुऱ्याएर विवाह गर्ने प्रचलन बढी देखिन्छ ।

## ६.३. आधुनिक शिक्षा

गन्धर्वहरूको कमजोर आर्थिक अवस्थाले गर्दा समयसापेक्ष शिक्षा हासिल गर्न नपाएको अवस्था थियो । त्यस अवस्थामा परम्परागत पेशाका आधारमा जीवन यापन गर्नुपर्ने बाध्यता थियो । परम्परागत पेशामा आएको परिवर्तन, समयसापेक्ष शिक्षाको महत्त्वले गर्दा गन्धर्व समुदायमा शिक्षा-दीक्षा दिने प्रचलन बढेको छ । हाल सरकारी विद्यालयभन्दा निजी विद्यालयमा पढ्नेको सङ्ख्या बढेको छ ।

युवा-युवतीको नव पिढीमा आधुनिक शिक्षाको कारणले विवाह प्रणालीमा पनि परिवर्तन आएको छ । यसले गर्दा मागी-विवाहमा पनि केटाकेटीको निर्णय लिने-दिने चलन, प्रेम-विवाह गर्ने सङ्ख्यामा वृद्धि र अन्तर्जातीय विवाह गर्ने अवस्थाको विकास भएको छ । शिक्षित युवा-युवतीहरूले आफ्नो जातको परम्परागत विवाह प्रणालीमा परिवर्तन ल्याएका छन् ।

## ६.४. पेशामा आएको परिवर्तन

गन्धर्व जातिको परम्परागत पेशा गाउने, बजाउने र नाच्ने थियो । गाउँ-गाउँमा डुली गीत गाएर र नाचेर मागेर ल्याएको अन्नपातको भरमा जीवन गुजारा चलाएका थिए । त्यस बेला पनि आफ्नो संस्कारलाई क्षमता वा गच्छेअनुसार गरेका थिए । परम्परागत पेशा हुँदा गरिने विवाह कम खर्च र साधारण खालका हुन्थे । परम्परागत पेशामा आएको परिवर्तनपश्चात गरिने विवाहको विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६.२

आधुनिक पेशा हुँदा गरिने विवाहको अवस्था

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बढी खर्च | ४७ | ८७.० |
| २ | आधुनिक खालको विवाह | ३ | ५.६ |
| ३ | साधारण | १ | १.९ |
| ४ | अन्य | ३ | ५.६ |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

अध्ययन क्षेत्रमा गरिएको सर्वेक्षणको आधारमा बढी खर्च गर्ने सङ्ख्या ४७ जना अर्थात् ८७.० प्रतिशत देखियो । आधुनिक खालको विवाह गर्ने ३ जना अर्थात् ५.६ प्रतिशत देखियो भने साधारण विवाहमा १ जना अर्थात् १.९ प्रतिशत देखियो । परिवर्तनको आभास नभएका अन्य ३ जना अर्थात् ५.६ प्रतिशत देखियो । पेशामा आएको परिवर्तनले गर्दा बढी खर्च गर्ने प्रवृत्ति देखियो । हाल गरिने विवाह र भोजभतेरमा बढी खर्च गर्ने र तडकभडक बढी गर्ने चलनको विकास भएको छ ।

## ६.५. विवाह गर्ने विधिमा आएको परिवर्तन

गन्धर्व जातिले पहिला-पहिला विवाह गर्ने क्रममा आफ्नो संस्कृतिअनुसार पूर्ण रूपमा विधिपूर्वक गरेको पाइन्छ । त्यस बेला आफ्नो जातिको र संस्कृतिको पहिचान गरेको पाइन्छ । गन्धर्व जातिको विवाह प्रणालीअन्तर्गत गरिने विधि अन्य जातिको भन्दा फरक खालको पाइन्छ । जुन विधिले गन्धर्व जातिको सांस्कृतिक पहिचान गर्न टेवा दिएको छ ।

गन्धर्व जातिको सामाजिक, आर्थिक, सांस्कृतिक गतिशीलता बढ्दै गयो । त्यसपछि विवाह गर्ने विधिमा परिवर्तन आएको छ । वर्तमान युवा पिढीले परम्परागत विधि अपनाएर विवाह गरेको पाइँदैन । मागी-विवाहभन्दा बढी प्रेम-विवाह तथा अन्तर्जातीय विवाह गर्ने प्रचलन बढ्यो । त्यस्ता खालका विवाह गर्दा विधिपूर्वक गरिँदैन । आजकल मागी-विवाह गर्दा पनि जुन गन्धर्व जातिको विवाह गर्ने विधि थियो त्यसअनुसार गरिदैन । विवाहमा गाइने गीतहरू आजकल गाउन छाडिएको छ । दुलाहा लिएर दुलहीको घरमा जन्ती जाने चलन हटेको छ । विवाहमा सारङ्गी, अर्बाजो, मादल, मुजुरा बाजा बजाउन छाडिएको छ । त्यसको सट्टा पश्चिमी शैलीका गीत बजाउने गरेको पाइन्छ । विवाहका हरेक लगनमा गइने माहाल, मङ्गल लोप हुँदै गएको पाइन्छ । पहिला-पहिला कसैको छोरालाई छोरी दिनुपूर्व सारङ्गी बजाउन जाने-नजानेको बारेमा

सोधिन्थ्यो र नजान्नेलाई छोरी दिन गाह्रो मान्थे । अहिले सारङ्गी बजाउन जान्नेलाई भन्दा अन्य पेशा भएको केटा खोजिने चलन चलेको छ ।

पहिला-पहिला विवाह आमा-बाबुको इच्छाले हुने प्रचलन थियो तर वर्तमान समयमा अभिभावकको इच्छाभन्दा आफ्नो इच्छाको कारणले विवाह हुने गरेको पाइन्छ। माथि उल्लेख गरिएका कुरालाई प्रष्ट्याउन तल तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ६.३

विवाह गर्ने इच्छाको विवरण

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अभिभावक | २७ | ५०.० |
| २ | आफ्नै | २४ | ४४.४ |
| ३ | दुवै | ३ | ५.६ |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

प्रस्तुत तालिकाको आधारमा अभिभावकको इच्छाले २७ जना अर्थात् ५०.० प्रतिशत रहेको छ भने आफ्नै इच्छाले २४ जना अर्थात् ४४.४ प्रतिशत रहेको छ। साथै दुवैको इच्छाले ३ जना अर्थात् ५.६ प्रतिशत रहेको छ। यसरी हेर्दा अभिभावक र आफ्नै इच्छाले हुने विवाह लगभग बराबर देखिन्छ। विवाह गर्ने क्रममा अभिभावकको इच्छाबाट हुनेमा परिवर्तन आएको देखिन्छ ।

पहिला-पहिला जोडीको खोजी अभिभावकले वा इष्टमित्रले मात्र खोज्ने चलन थियो। हाल आफैले खोज्ने प्रचलन बढेको छ। यस कुरालाई स्पष्ट पार्न तल तालिकामा देखाइएको छ।

तालिका नं. ६.४

जोडी खोज्ने बारेको विवरण

| क्र.सं. | विवरण | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अभिभावकले | २० | ३७.० |
| २ | लमी/इष्टमित्रले | ८ | १४.८ |
| ३ | आफैले | २६ | ४८.१ |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

यसरी हेर्दा सर्वेक्षण गरिएको आधारमा अभिभावकले खोजेको सङ्ख्या २० जना अर्थात्

३७.० प्रतिशत देखियो भने लमी/इष्टमित्रले खोजेको सङ्ख्या ८ जना अर्थात् १४.८ प्रतिशत रहेको छ। साथै आफैले खोजेको २६ जना अर्थात् ४८.१ प्रतिशत देखियो। त्यस कारण विवाह गर्दा अभिभावक र इष्टमित्रले भन्दा हाल आफैले जोडी खोज्नेको सङ्ख्या नै बढी देखिन्छ। यसले गर्दा जोडी खोज्ने विधिमा परिवर्तन आएको प्रष्ट हुन्छ।

## ६.६. विवाह गर्ने निर्णयमा महिलाको स्थानमा आएको परिवर्तन

गन्धर्व समाजमा पहिला विवाह गर्दा केटा-केटीलाई नसोधी दुवै पक्षका परिवारले वा अभिभावकले उनीहरूको विवाह गरिदिने प्रचलन थियो। कतिपय केटाभन्दा पनि केटीको आफूले थाहा नै नपाइकन विवाह हुने गर्दथ्यो। वर्तमान समयमा त्यस्तो प्रचलन छैन। मागी विवाह गर्दा अभिभावकले केटा-केटीको मञ्जुरी लिने गर्दछन्। त्यसैले गर्दा आफ्नो जीवनसाथी रोज्ने मौका पाएको अवस्था छ।

विवाहको निर्णयमा महिलाको स्थानमा पनि परिवर्तन आएको छ। आफ्नो जीवनसाथी यस्तो हुनुपर्छ भनेर रोज्ने प्रचलन बढेको छ। पहिला विवाह निर्णयमा केटीलाई वञ्चित गरिन्थ्यो भने अहिले त्यस्तो अवस्था छैन। उनीहरू खुलेरै आफ्नो विवाहको निर्णय आफै गर्न सक्छन्। पहिला-पहिला केटा वा केटीकी आमाको विवाहको निर्णयमा खासै भूमिका थिएन तर हाल उनीहरूको निर्णय गर्ने अधिकारमा वृद्धि भएको छ। जसले गर्दा पहिलाको दाँजोमा विवाह निर्णयमा महिलाको भूमिकामा वृद्धि भएको पाइन्छ। सर्वेक्षण गरेको आधारमा महिलाको भूमिका वा स्थानलाई तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ६.५

विवाह निर्णयमा महिलाको स्थान

| क्र.सं. | महिलाको स्थान | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कम स्थान | ७ | १३.० |
| २ | समान स्थान | ३५ | ६४.८ |
| ३ | बढी स्थान | १२ | २२.२ |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

माथि उल्लेख गरिएको तालिकाको आधारमा विवाहको निर्णयमा महिलाको कम स्थान भन्नेमा ७ जना अर्थात् १३.० प्रतिशत देखियो। समान स्थान भन्नेमा ३५ जना अर्थात् ६४.८ देखियो भने बढी भन्नेमा १२ जना अर्थात् २२.२ प्रतिशत देखियो। यस तालिकाबाट के स्पष्ट हुन्छ भने विवाहको निर्णयमा महिलाको भूमिका पुरुषको दाँजोमा कम र बढीभन्दा समान

खालको हुन्छ भन्नेको सङ्ख्या बढी देखियो। त्यसैले महिलाको स्थान समानखालको रहेको देखिन्छ।

## ६.७. दाइजो तथा भोजमा आएको परिवर्तन

नेपालका जुनसुकै जातजाति, भाषाभाषी भएको समाजमा दाइजो प्रथाले कुनै न कुनै रूपमा जरा गाडेको छ। हाम्रो समाजमा दाइजो दिने प्रक्रियाहरू फरक-फरक भए पनि दाइजो दिएको पाइन्छ। दाइजोकै कारणले कतिपय महिलाहरूले आत्महत्या गरेका छन् भने कतिपयको हत्या गरिएका घटनाहरू प्रशस्तै छन्। हरेक समाजमा धेरै र थोरै मात्र फरक हो तर मूल रूपमा दाइजो प्रथा प्रचलनमा छ। त्यस्तै गरी गन्धर्व समुदायमा पनि यस प्रथाले जरा गाडेको छ। परम्परागत पेशा हुँदा यिनीहरूले भाँडाकुँडा दाइजोको रूपमा दिने प्रचलन थियो। आफ्नो क्षमताअनुसार छोरीलाई दाइजो दिने गरिन्थ्यो। वर्तमान समयमा भाँडाकुँडाको साथै नगद पैसा दिने प्रचल पनि बढेको पाइन्छ।

गन्धर्व जातिको विवाहमा भोजमा बढी खर्च गर्ने चलन चलेको छ। तडकभडकपूर्ण रूपमा भोजको आयोजना गर्ने गरेको पाइन्छ। भोजको लागि व्यवसायिक रूपमा चलेका क्याटरिङलाई बोलाउने गरेको पनि पाइन्छ। पहिला सामान्य किसिमको भोज हुने प्रचलन थियो। पहिला भोजमा अन्य जातिहरूलाई बोलाउने गर्दैनथे भने हाल अन्य जातिलाई पनि बोलाउने गर्दछन्।

## ६.८. विधुर/विधवा विवाहप्रतिको धारणामा आएको परिवर्तन

यो संसारमा जन्मेपछि मर्नुपर्दछ, यो ध्रुवसत्य कुरा हो। त्यसैले श्रीमान् र श्रीमती सँगसँगै मर्दा पनि मर्दैनन्। एउटा अगाडि एउटा पछाडि अवश्य हुन्छन्। अपवादको रूपमा कहिलेकाहीँ दुवैजनाको एकैचोटि मृत्यु भएका उदाहरणहरू पनि धेरै छन्। यसरी एकल भएका पुरुषलाई विधुर भनिन्छ भने महिलालाई विधवा वा एकल महिला भनिन्छ। गन्धर्व समाजमा पहिला-पहिला विधवा विवाह गर्नु राम्रो होइन भन्ने धारणा थियो। विविध कारणले गर्दा गन्धर्व जातिमा त्यस्तो खालको धारणामा परिवर्तन आएको पाइन्छ। विधुर/विधवा विवाह गरे राम्रो हुन्छ भन्ने खालको धारणाको विकास भएको पाइन्छ। विधुर/विधवा विवाहप्रति हेर्ने धारणामा आएको परिवर्तनलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ६.६

विधुर/विधवा विवाहप्रतिको धारणा

| क्र.सं. | धारणा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अति सकारात्मक | २१ | ३८.९ |
| २ | सकारात्मक | २६ | ४८.१ |
| ३ | नकारात्मक | ७ | १३.० |
| | जम्मा | ५४ | १००.० |

स्रोत : स्थलगत सर्वेक्षण, २०६५

यसरी माथिको तालिकालाई हेर्दा विधुर/विधवा विवाहलाई अति सकारात्मक रूपमा लिनेको सङ्ख्या २१ जना अर्थात् ३८.९ प्रतिशत देखियो भने सकारात्मक रूपमा लिनेको सङ्ख्या २६ अर्थात् ४८.१ प्रतिशत देखियो। साथै यस्तो विवाहप्रति नकारात्मक धारणा राख्नेको सङ्ख्या ७ जना अर्थात् १३.० प्रतिशत देखियो। त्यसकारण विधुर/विधवा विवाहलाई हेर्ने दृष्टिकोणमा नकारात्मकभन्दा सकारात्मक नै बढी देखिन्छ।

## ६.९. संस्कृतीकरण

गन्धर्व जातिमा अन्य जातिको संस्कृतिको प्रभाव परेको पाइन्छ। समाजमा गन्धर्व भएका कारणले हेयको भावना जागृत भएको छ। आफूलाई माथिल्ला जातसरह बनाउने संस्कृतिको विकास भएको पाइन्छ। माथिल्ला जातका संस्कृतिलाई अवलम्बन गर्ने प्रवृत्तिको विकास भएको छ। जसलाई संस्कृतीकरण भनिन्छ। गन्धर्व जातिले विवाह गर्ने क्रममा पनि अन्य जातिको संस्कृतिलाई अवलम्बन गरेको पाइन्छ। आफ्नो परम्परागत खालका वा गन्धर्व जातिको संस्कृतिबमोजिम विवाह प्रणालीभन्दा अन्य जातिको विवाह प्रणालीलाई अवलम्बन गरेको देखिन्छ। विवाहमा बढी खर्च गर्ने, तडकभडक पन देखाउने, आधुनिक खालका विवाह गर्ने, पश्चिमी शैलीलाई अवलम्बन गर्ने कारणले गर्दा यिनीहरूमा अन्य जातिको प्रभाव परेको पाइन्छ।

## ६.१०. राजनीतिक चेतनाको विकास

गन्धर्व समाजमा राजनीतिक प्रभाव परेको पाइन्छ। यिनीहरू विभिन्न किसिमका दलगत राजनीतिमा संलग्न रहेको पाइन्छ। यिनीहरूमा शिक्षा तथा राजनीतिक चेतनाको कारणले अन्य समाजका सामाजिक, आर्थिक तथा सांस्कृतिक अवस्थाको जानकारी भएको पाइन्छ। अन्य समाजमा भएका नयाँ खालका सांस्कृतिक परिवर्तनलाई अवलम्बन गर्ने प्रवृत्तिको विकास भएको

पाइन्छ। राजनीतिक चेतनाको विकासको कारणले गन्धर्व जातिको विवाह प्रणालीमा पनि परिवर्तन ल्याएर महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। राजनैतिक चेतनाको कारणले हरेक ठाउँमा घुम्ने अवसर पाउनु, सभासम्मेलनमा गएर नयाँ-नयाँ कुरा जान्नुले पनि विवाह प्रणालीमा प्रभाव पारेको मान्न सकिन्छ।

राजनीतिक चेतनाको विकासले गर्दा आफ्ना समाजका विकृति-विसङ्गतिलाई हटाउने र सु-संस्कृतिलाई अवलम्बन गर्ने क्षमताको विकास भएको छ र आफ्नो समाजको विकासका लागि विभिन्न किसिमका आमा समूह र 'गन्धर्व विकास समाज' जस्ता सामाजिक संस्थाको स्थापना गरेको पाइन्छ, जसले गर्दा गन्धर्व जातिको हित हुने खालका कार्य गर्न अग्रसर भएको छ। जातीय समानता, छुवाछूतरहित मानवीय सम्बन्ध, समाजको लागि हामीले पनि केही गर्न सक्छौं भन्ने साहसको विकास भएको छ। जसले गर्दा गन्धर्व समाजको आर्थिक, सामाजिक र सांस्कृतिकलगायत अन्य कुराहरूमा परिवर्तन भएको पाइन्छ। यी परिवर्तनले गर्दा विवाह प्रणालीमा पनि प्रभाव पारेको पाइन्छ।

## ६.११. **सारांश**

गन्धर्व समुदायमा विवाह समाजिक संस्थाका रूपमा क्रियाशील रहेको छ। त्यस समुदायमा परम्परागत पेशा हुने समयमा गरिने विवाह र वर्तमान समयमा गरिने विवाह प्रणालीमा धेरै नै परिवर्तन आएको पाइन्छ। पहिला यस ठाउँमा मागी विवाह गर्ने चलन थियो। विवाह निर्णय अभिभावकले गर्ने गरेको पाइन्छ। वर्तमान समयमा प्रेम-विवाह गर्ने चलन बढेको छ भने यसअन्तर्गत अन्तर्जातीय विवाह हुने गरेको पाइन्छ। यिनीहरूका छोरा-छोरीले पनि अन्य जातिसँग विवाह गरेका छन्।

गन्धर्व समाजमा पहिला बालविवाह गर्ने चलन थियो। शिक्षा, कानूनको विकास साथै विविध अप्ठ्यारोले गर्दा वर्तमान समयमा यो चलन छैन भने उमेर पुऱ्याएर वा परिपक्व भएर विवाह गर्ने चलन बढी पाइन्छ। परम्परागत पेशाका बेलामा अभावको कारणले समयसापेक्ष शिक्षाबाट वञ्चित थिए। पेशामा आएको परिवर्तनले शिक्षामा बढी विकास भएको पाइन्छ। शिक्षित युवा-युवतीले आफ्नो परम्परागत विवाह प्रणालीमा परिवर्तन ल्याएर आधुनिक खालको विवाह गरेको पाइन्छ। त्यसमा प्रेम-विवाह, अन्तर्जातीय विवाह रहेको छन्।

गन्धर्व जातिको पेशामा आएको परिवर्तनले विवाह प्रणालीमा पनि प्रभाव पारेको छ। परम्परागत पेशा हुँदा कम खर्च, सामान्य खालको विवाह हुने गर्दथ्यो भने हाल पेशामा आएको परिवर्तनले आधुनिक विवाह, बढी तडकभडकपन र बढी खर्च गर्ने प्रवृत्तिको विकास भएको छ।

गन्धर्व जातिले पहिला विवाह गर्ने क्रममा आफ्नो संस्कृतिअनुसार पूर्णरूपमा विधिपूर्वक गरेको पाइन्छ भने हाल विवाह गर्ने विधिमा परिवर्तन आएको छ। गीत गाउन छाडिएको छ। मागी विवाहमा पनि कमी आई प्रेम-विवाह र अन्तर्जातीय विवाह बढेकाले जन्ती जाने चलन हटेको छ। विवाहमा सारङ्गी, आर्वाजो, मादल, मुजुरा बजाउन छाडिएको छ। पश्चिमी शैलीका गीतलाई प्राथमिकता दिएको पाइन्छ।

विवाह गर्ने निर्णयमा महिलाको भूमिकामा वृद्धि भएको छ। पहिला विवाह गर्दा केटीलाई थाहा नै नदिएर गरिन्थ्यो भने हाल सोध्ने र आफ्नो जोडी रोज्ने अधिकार दिने गरेको पाइन्छ। विधुर/विधवा विवाहप्रति पनि सकारात्मक धारणाको विकास भएको पाइन्छ। पहिला यस्तो विवाह गर्नु भने नराम्रो मान्ने चलन थियो। वर्तमान समयमा गन्धर्व जातिमा अन्य जातिको संस्कृति अवलम्बन गर्ने प्रवृत्तिको विकास भएको छ। विवाह गर्ने सम्बन्धमा पनि अन्य जातिको विवाह प्रणालीलाई नक्कल गरेको पाइन्छ। राजनीतिक चेतनाको विकासले पनि गन्धर्व जाति आफ्नो परम्परागत विवाह प्रणालीलाई छाडी समयसापेक्ष शैली अपनाएको पाइन्छ।

# अध्याय - सात

# सारांश, उपसंहार र सुझाव

## ७.१. सारांश

नेपाल एक बहुजातीय, बहुसांस्कृतिक, बहुभाषिक र भूपरिवेष्ठित देश भएकोले यहाँ विभिन्न प्रकारका धर्म र सामाजिक, आर्थिक, राजनीतिक विविधता भएका मानिसहरू बसोबास गर्दछन्। प्रस्तुत विशेषता मध्येको एक जाति गन्धर्व पनि हो। यिनीहरू प्राचीन समयदेखि अशिक्षा, अज्ञानतामा जकडिएको पाइन्छ। यिनीहरूको विशेष गरेर नेपालको पश्चिमी पहाडी जिल्ला लमजुङ, तनहूँ, कास्की, स्याङ्जा, बागलुङ, दाङ आदिमा बढी नै बसोबास गरेको पाइन्छ। तीमध्ये सबैभन्दा बढी जनसङ्ख्या कास्कीको पोखरा उपमहानगरपालिका वडा नं. १६ बाटुलेचौरमा रहेको छ। उनीहरूको परम्परागत पुर्ख्यौली पेशा गाउने, बजाउने, नाच्ने र मागेर खाने रहेको छ तर हाल परम्परागत पेशामा परिवर्तन आएर जागीर र दैनिक व्यापार मुख्य पेशा बनेको छ। यस अनुसन्धान प्रतिवेदनमा गन्धर्व जातिको विवाह प्रणाली र त्यसमा आएको परिवर्तनका बारेमा सूक्ष्म रूपमा अध्ययन गरिएको छ।

यसरी हेर्दा यहाँ १०२ जातजाति र समुदाय बसोबास गर्दै आएका छन्। यस देशले विश्वको कुल भू-भागको ०.०३ प्रतिशत र एशिया महादेशको ०.३ प्रतिशत भू-भाग ओगटेको छ। यो देश भौगोलिक रूपमा हिमाली प्रदेश, पहाडी प्रदेश र तराई प्रदेश गरी ३ भागमा विभाजन गरिएको छ। त्यसैले जातीय दृष्टिले पनि भोटे, पहाडी र मधेसी गरी तीन भागमा बाँडिएको पाइन्छ। यसरी जातीय रूपमा विविधता भए तापनि यिनीहरूको बीचमा एकता छ। यी सबै जातिमध्ये पहाडी जातिको रूपमा गन्धर्व जातिलाई लिइएको छ। नेपाली सामाजिक जातिवादी संरचनामा गन्धर्व जातिको अध्ययनको सैद्धान्तिक तथा व्यावहारिक महत्त्व छ। समग्र राष्ट्रिय विकासको प्रवाहमा यस जातिको स्थितिलाई अध्ययन गर्नु आजको प्रमुख आवश्यक भएको हुँदा यिनीहरूको विवाह प्रणालीको वर्तमान स्थितिको सर्वेक्षणको उद्देश्यअनुसार अध्ययन गर्ने क्रममा सान्दर्भिक साहित्यको सिंहावलोकन गरिएको छ भने समस्याको प्रस्तुतीकरण तथा व्याख्या गरिएको छ।

गन्धर्व जातिको अध्ययन गर्दा प्रयोग गरिने अध्ययन विधिअनुसार उद्देश्यमूलक नमुनाविधिअन्तर्गत अध्ययनका लागि कास्की जिल्ला, पोखरा उपमहानगरपालिका वडा नं. १६ बाटुलेचौरलाई छनौट गरिएको छ। यस अध्ययनमा प्रस्तुत तथ्याङ्कहरू प्राथमिक र द्वितीय

स्रोतअन्तर्गत सङ्कलन गरिएका छन् । यसमा नमुना छनौट विधिअनुसार बाटुलेचौरका ६० ( गन्धर्व टोल, पुरानो बस्ती, सिमलखोरिया र खोलाखेत) घरधुरीमध्ये ५४ विवाहित जोडीसँग सम्पर्क गरिएको छ । यहाँ प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्दा अनुसूची, अन्तर्वार्ता तथा अवलोकन, मुख्य व्यक्तिसँग अन्तर्वार्ता विधि अपनाई प्रश्न सोधी तथ्याङ्क सङ्कलन गरिएको छ । सङ्कलित तथ्याङ्कलाई व्याख्या, विश्लेषण गरी तथ्यपरक बनाउने प्रयास गरिएको छ । गन्धर्व जातिको विवाह प्रणालीलाई अनुसन्धानात्मक, अन्वेषणात्मक तथा वर्णनात्मक अध्ययन अनुसन्धान गरिएको छ ।

यिनीहरूको मुख्य पेशा नोकरी र दैनिक व्यापार (खेलो) रहेको छ। यिनीहरूको कृषियोग्य जमिन छैन र पशुपालन गर्दैनन् । त्यसैले यिनीहरूले जागिर र व्यापारको भरमा जीवन चलाएको पाइन्छ । अध्ययन क्षेत्रका गन्धर्वलाई शिक्षाको महत्त्व बारेमा जानकारी भएको कारणले आफ्ना छोराछोरीलाई समयसापेक्ष शिक्षा-दीक्षा दिएको पाइन्छ। जागिर र व्यापार नभएका केही व्यक्तिहरू अझै पनि मागेर गुजारा चलाउँछन् । समयसापेक्ष चल्ने भावनाको विकासको कारणले गर्दा यिनीहरूको आर्थिक अवस्थामा सुधार आएको पाइन्छ ।

यस ठाउँका गन्धर्व जातिहरूमा पहिला मागी र थोरै मात्रामा प्रेम-विवाह हुने गर्दथ्यो भने हाल मागी-विवाहको साथसाथै प्रेम-विवाह गर्ने बढी प्रचलन देखिएको छ। यस विवाहअन्तर्गत अन्तर्जातीय विवाह गर्ने प्रचलन पनि बढी देखिन्छ । यहाँका छोरीहरू ब्राह्मण, क्षत्री, गुरुङ, मगर, राई आदि जातसँग विवाह गरेर गएका छन् भने छोराहरूले पनि ब्राह्मण, गुरुङ, परियार, नेपाली आदि जातसँग विवाह गरेको पाइन्छ । गन्धर्व जातिको विवाह प्रणालीमा छुट्टै खालको संस्कृति रहेको छ । केटी माग्ने बेलामा भुड्को खाने चलन छ, जसमा रक्सी र तरकारी हुन्छ । विवाहका कपडा किनेर ल्याउँदा गाउँभन्दा केही पर बाटोबाटै माहाल-मङ्गल गाउँदै घर ल्याइन्छ र पुजेर भित्र्याइन्छ । यिनीहरूको विवाह प्रणालीमा ब्राह्मण क्षत्रीको जस्तो ब्राह्मण राखिँदैन । ज्वाइँ/भान्जाले ब्राह्मणको भूमिका खेलेको पाइन्छ । विवाहका बेलामा पनि पलअनुसार अथवा लगनअनुसारको कार्य गरिन्छ त्यस बेला पनि विभिन्न किसिमका माहाल-मङ्गल गीत गाइन्छ । यिनीहरू आफ्नो जातिभित्र मात्र विवाह गर्दछन् । यिनीहरूको विवाह निर्णयमा लैङ्गिक सहभागिता बमोजिम महिलाको स्थानमा परिवर्तन आएको देखिन्छ । गन्धर्व जातिमा मागी-विवाह र प्रेम-विवाह मात्र गरेको पाइन्छ । विधवा/विधुर विवाह, जारी विवाह, चोरी-विवाह, बहुपत्नी विवाह बहुपति विवाह प्रचलनमा छैन । पहिला-पहिला बाल-विवाह बढी प्रचलनमा थियो ।

गन्धर्व जातिको विवाह प्रणालीमा विविध कारणले परिवर्तन आएको पाइन्छ। पेशागत परिवर्तन, उमेर, आधुनिक शिक्षा, संस्कृतीकरण, राजनीतीकरण कारणले गर्दा विवाह प्रणालीको परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ। वर्तमान समयमा मागीको साथै प्रेम-विवाह गर्ने र यसमा पनि अन्तर्जातीय विवाह गर्ने प्रचलन बढेको छ। विवाहको भोज भतेर पनि बढी खर्च गर्ने र तडकभडकपूर्ण रूपमा विवाह गर्ने गरेको पाइन्छ। हालका विवाह गन्धर्व संस्कृतिअनुसार विधि पुऱ्याएर गरिएको पाइँदैन। जन्ती जाने चलन पनि लगभग छैन नै भने पनि हुन्छ। विवाहसँग सम्बन्धित माहाल-मङ्गल गाउन पनि छाडेका छन्। नयाँ पिँढीले यी गीतको बारेमा अनभिज्ञता देखाउँदछन्। विवाहमा गाउँलेहरू र इष्टमित्र सबै भेला गराएर भोज खाएर नाचेर रमाइलो गर्दछन्। बाल-विवाह भन्दा उमेर पुगेर विवाह गर्ने चलन बढेको छ। विधुर/विधवा विवाहप्रचलनमा नभए पनि सकारात्मक रूपले हेर्ने धारणाको विकास भएको पाइन्छ।

यसरी हेर्दा गन्धर्व जातिको पहिचानका रूपमा रहेको विवाह प्रणालीको संस्कृति लोप हुँदै गएको पाइन्छ। यिनीहरूले आफ्नो सांस्कृतिक पक्षलाई राम्ररी जोगाएर राख्न सकेका छैनन्। आफ्नो संस्कृति बिर्सेर अन्य जातको संस्कृति र पश्चिमी शैलीको संस्कृतिलाई बढी अवलम्बन गरेको देखिन्छ

## ७.२ उपसंहार

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक मुलुक हो। यहाँ विभिन्न आर्थिक, सामाजिक र सांस्कृतिक विविधता भएका मानिस बसोबास गर्दछन्। यीमध्ये गन्धर्व जाति पनि एक हो।

यिनीहरू कहिले कहाँबाट नेपाल प्रवेश गरे भन्ने यथार्थ प्रमाण वा विवरण पाउन सकिएको छैन। पौराणिक कालका गन्धर्व ऋषिका सन्तानको रूपमा आफूलाई चिनाउँदछन्। हिन्दू वर्णानुक्रमअनुसार नेपाली समाजमा गन्धर्व जाति अछूत जातको रूपमा रहेको पाइन्छ। यिनीहरू नेपालको पहाडी क्षेत्रका केही जिल्लामा बढी बसोबास गरेको पाइन्छ। गन्धर्व जातिहरू पनि परम्परादेखि बसोबास गरेको पाइएकाले यिनीहरूलाई आदिबासी मान्न सकिन्छ। यिनीहरू आफ्नो धर्म आफ्नो पूर्खादेखि चलिआएको रीतिरिवाज, परम्परा, संस्कृति केही हदसम्म आज पनि मान्दै आइरहेका छन्। गन्धर्व जातिहरू हिन्दू धर्मालम्बी हुन् तर अहिले केही क्रिश्चियन धर्मालम्बनी पनि रहेका छन्। यिनीहरू आफ्ना संस्कारहरू ज्वाइँ/भान्जा बोलाई सम्पन्न गर्दछन्।

यस बाटुलेचौरका गन्धर्व जातिको विवाह प्रणालीको अध्ययनअनुसार पेशागत परिवर्तन,

शिक्षा, सांस्कृतीकरण, आधुनिक विकासजस्ता कुराहरूले विवाह प्रणालीमा प्रभाव पारेको देखिन्छ। जसलाई गर्दा परम्परागत विवाह प्रणाली र वर्तमान विवाह प्रणालीमा परिवर्तन आएको देखिन्छ। विवाह प्रणालीका केही विधिहरू लोप हुँदै गएको पाइन्छ। मागी विवाहको साथै प्रेम-विवाह र अन्तर्जातीय विवाह बढी प्रचलनमा देखिन्छ।

गन्धर्व जाति नेपालको एकीकरणदेखि हरेक राजनीतिक क्रियाकलापमा संलग्न हुँदै आएको पाइन्छ। यिनीहरू परम्परागत पेशालाई छाडेर जागिर तथा व्यापारमा लागेको पाइन्छ। पहिला जस्तो सारङ्गी बजाई गीत गाएर माग्ने चलन अहिले हट्दै गएको पाइन्छ। पेशागत परिवर्तन र धनआर्जन गर्ने बाटोले गर्दा यहाँ गन्धर्वहरूले सुखी जीवन निर्वाह गरिरहेका छन्।

यसरी यस बाटुलेचौरका गन्धर्व जातिको आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक र राजनैतिक अवस्थाको उन्नति गरी अन्य ठाउँका जातिहरू भन्दा राम्रो स्थितिमा पुऱ्याउन सक्ने सम्भावना रहेकोले यस जातिलाई पनि विकासको राष्ट्रिय प्रवाहमा समाहित गराउनपर्ने प्रमुख आवश्यकता रहेका छ। त्यसैले प्रस्तुत शोधबाट प्राप्त भएका कमजोर पक्षलाई सुधार गर्नको लागि निम्न बमोजिमको सुझाव प्रस्तुत गरिएको छ।

## ७.३ सुझाव

नेपाल ४ वर्ण ३६ जातको फूलबारी भएकोले यहाँको विभिन्न जाति/जनजातिको समष्टिगत संस्कृति नै नेपालको संस्कृति हो। त्यसैले कुनै पनि जातिको संस्कृति लोप हुनु भनेको नेपाली संस्कृति लोप हुनु भएकोले मौलिक संस्कृतिको संरक्षण र सम्बर्धन हुनु अति आवश्यक छ।

त्यस्तै गरेर छत्तीस जातको फूलबारीमा आर्थिक विविधता जहिलेसम्म आर्थिक रूपमा कुनै पनि मानिस वा जाति सक्रिय हुन सक्दैन तबसम्म उसलाई आफ्नो गुजारा चलाउन गाह्रो हुन्छ। आर्थिक पक्षलाई मजबुत पार्न सीमित स्रोत र साधनलाई अधिकतम उपभोग गरेर सुधार गर्नुपर्ने आजको प्रमुख आवश्यकता छ। गन्धर्व जातिमा पहिलाको दाँजोमा आर्थिक अवस्थामा परिवर्तन आएर पनि संस्कृतिलाई जोगाउनुको साटो लोप हुँदै गएको पाइन्छ।

यसरी लोप हुन लागेको मौलिक संस्कृति यसरी नै क्रमशः छाडिदिने हो भने चाँडै नै यिनीहरूको संस्कृति समाप्त हुने देखिन्छ। यसैले यस जातिको संस्कृतिलाई खोज अनुसन्धान गरी लेखबद्ध गरिएन भने भविष्यमा एउटा अलिखित इतिहासको रूपमा मात्र रहने हुँदा संस्कृतिको संरक्षण गर्नुपर्ने अति आवश्यक देखिन्छ। यसका लागि सुझावहरू तल उल्लेख गरिएका छन्।

१. नेपालमा यस जातिको बारेमा हालसम्म व्यापक रूपमा अध्ययन अनुसन्धान नभएको हुँदा गन्धर्व जातिको बारेमा अनुसन्धान गर्न समाजशास्त्री/मानवशास्त्री लगायत अन्य बौद्धिक क्षेत्रलाई प्रोत्साहित गराउनुपर्ने आजको प्रमुख आवश्यकता रहेको छ। जसबाट यस जातिको उत्थानमा मद्दत पुग्नेछ।

२. गन्धर्व जातिको विवाह प्रणालीको रूपमा रहेको परम्परागत संस्कृतिलाई संरक्षण गर्न आवश्यकीय रूपमा कदम चाल्नुपर्ने देखिन्छ। सबै यस्तै खालका संस्कृतिहरूले जातीय पहिचान गर्न मद्दत गर्दछन्।

३. गन्धर्व समाजमा हुने तडकभडक खालको विवाह नगरी कम खर्चमा गरे आर्थिक बचत हुने देखिन्छ।

४. गन्धर्व जातिको विवाह प्रणालीका बारेमा संस्कृतिको जगेर्ना गर्नको लागि त्यस समाजमा खोलिएका सामाजिक संस्थाहरूले विभिन्न खालका 'संस्कृति बचाऔं' अभियान सञ्चालन गर्नुपर्दछ। संस्थाको पहलमा लेख, रचना, पुस्तकको प्रकाशन गर्न सके सुनमा सुगन्ध थपिने थियो।

५. बुढापाका गन्धर्वहरूले विवाह प्रणालीका बारेमा आफूले जानेका परम्परागत संस्कृतिलाई नयाँ पुस्ताका मानिसहरूलाई सिकाउनु जरुरी देखिन्छ भने नयाँ पुस्ताले पनि सिक्ने चाहना र प्रवृत्तिको विकास गर्नुपर्ने देखिन्छ।

६. यस समाजमा गरिने विवाहलाई वर्तमान समयमा पनि आफ्नो संस्कृतिअनुसार विवाह गर्न सके विवाह प्रणाली लोप हुनबाट बच्दछ।

७. यहाँका गन्धर्व जातिको संस्कृतिको संरक्षण र सम्बर्धनका लागि नेपाल सरकारले पनि कदम चाल्नुपर्दछ। शिक्षा तथा संस्कृति मन्त्रालयले गन्धर्व जातिका संस्कृतिसम्बन्धी अनुसन्धान गर्न विद्वानहरूलाई प्रोत्साहित गर्नुपर्दछ। त्यसैले आर्थिक, भौतिक, प्राविधिक सहयोग गर्नुपर्ने नितान्त आवश्यक देखिन्छ।

८. वर्तमान समयमा दलित जातिको उत्थान भनेर विभिन्न खालका गैह्रसरकारी संस्थाहरू खोलिएका छन्। गन्धर्व जातिको विवाह प्रणालीको संरक्षण र जातीय उत्थानका लागि ती संस्थाहरूले पनि कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ।

९. गन्धर्व जातिको सङ्गीत र संस्कृतिको संरक्षण र विकासको लागि सरकारी तथा निजी सञ्चारका साधनले व्यापक रूपमा प्रचार-प्रसार गर्नुपर्दछ।

# सन्दर्भ सामग्रीहरू


कार्की, मोहनबहादुर, **गाइने जातिको सामाजिक तथा आर्थिक परिवर्तन,** मानवशास्त्र विषयको स्नातकोत्तर तहको शोध-पत्र २०५९ समाजशास्त्र/मानवशास्त्र विभाग, पाटन संयुक्त क्याम्पस ।

खनाल दुर्गा, **गाइने जातिको सामाजिक, सांस्कृतिक एवं आर्थिक अवस्था,** पोखरा उपमहानगरपालिका वडा नं १६ बाटुलेचौरको एक समाजशास्त्रीय अध्ययन विषयको शोध-पत्र २०६०, पाटन संयुक्त क्याम्पस ।

खैटू, इन्द्रप्रसाद, **अ फिल्ट रिपोर्ट इन द गन्धर्व कम्युनिटी इन पोखरा एट बाटुलेचौर,** ई.सं. २००४ ।

जि.सी., राधाकुमारी (भण्डारी), **कास्की जिल्लाका गाइने जाति एक अध्ययन**, २०४४ ।

जोशी, पुष्पराज, **अनुसन्धान पद्धति,** काठमाडौं : बुद्ध एकेडेमिक पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स प्रा.लि., वि.सं. २०६१ ।

थापा, धर्मराज, **हाम्रो लोकगीत,** काठमाडौं : रेडियो नेपाल, वि.सं. २०२० ।

------------, **गण्डकीको सुसेली**, काठमाडौं : राजकीय प्रज्ञाप्रतिष्ठान, वि.सं. २०३० ।

------------, **मेरो नेपाल भ्रमण,** काठमाडौं : साझा प्रकाशन, वि.सं. २०३२ ।

दर्नाल, रामशरण, **नेपाली लोकसङ्गीत र गाइने**, वि.सं. २०४३ ।

नेपाली, पूर्ण, **गन्धर्व सङ्गीत र संस्कृति,** काठमाडौं : प्रकाशन सहयोगी युनेस्को, वि.सं. २०६० ।

म्याकडोनाल्ड, ए.डब्लु, **द गाइने अफ नेपालः द इथनोलोजी अफ नेपाल एण्ड साउथ एशिया,**, काठमाडौं : रत्न पुस्तक भण्डार, ई.सं. १९७५ ।

विष्ट, डोरबहादुर, **सबै जातको फूलबारी,** काठमाडौं : साझा प्रकाशन, वि.सं. २०३० ।

शर्मा, नगेन्द्र, **नेपाल जनजीवन**, काठमाडौं : साझा प्रकाशन, वि.सं. २०३२ ।

शर्मा, विनोद बिन्दु, **टोबाको कन्जमसन प्याट्रन एमोङ्ग उमन अफ गन्धर्व कम्युनिटी एण्ड इफेक्टिभनेस अफ एन्टी टोबागो इनेसेटिम : अ केश स्टडी अफ बाटुलेचौर कास्की नेपाल,** शोध-पत्र, वि.सं. २०६१ ।

श्रेष्ठ, हरिप्रसाद, **बाटुलेचौर पोखराका गाइनेहरूको सामाजिक र सांस्कृतिक जीवन एक अध्ययन**, नेपाली इतिहास संस्कृति तथा पुरातत्त्व विषयको शोध-पत्र २०४४, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर नेपाल ।

**राष्ट्रिय जनगणना-२०५८,** केन्द्रीय तथ्याङ्क विभाग ।

जि.वि.स. कास्की, **डकाव प्रोफाइल**, वि.सं. २०६१ ।

**नेपालको अन्तरिम संविधान,** वि.सं. २०६३ ।

**मुलुकी ऐन** (एघारौं संशोधन), वि.सं. २०५९ ।

## उत्तरदाताहरूको नामावली

| क्र.सं | नाम | उमेर | क्र.सं. | नाम | उमेर |
|---|---|---|---|---|---|
| १. | हर्कबहादुर गायक | ३९ | २८. | ओमनाथ गायक | ४३ |
| २. | बलराम गायक | ३१ | २९. | उदय गायक | २३ |
| ३. | भोजबहादुर गायक | ३९ | ३०. | विक्रम गायक | २६ |
| ४. | दिनेश गायक | २४ | ३१. | होमबहादुर गायक | २५ |
| ५. | होम गायक | २४ | ३२. | हरि गायक | ३० |
| ६. | भीमबहादुर गायक | २१ | ३३. | खिमबहादुर गायक | ७३ |
| ७. | अर्जुन गायक | २३ | ३४. | सारा गायक | २८ |
| ८. | धनबहादुर गायक | ४१ | ३५. | झुमा गायक | ६५ |
| ९. | दिलिप गायक | २४ | ३६. | विमा गायक | ७० |
| १०. | खेमबहादुर गायक | २८ | ३७. | कर्णबहादुर गन्धर्व | ५४ |
| ११. | ध्रुव गायक | ४२ | ३८. | दानबहादुर गायक | ६२ |
| १२. | प्रवीण गायक | २२ | ३९. | मिना गन्धर्व | ४५ |
| १३. | विजय गायक | २४ | ४०. | रामकृष्ण गायक | २५ |
| १४. | कष्णबहादुर गायक | ४० | ४१. | शान्ति गायक (थापा) | ३६ |
| १५. | सुमित्रा गायक | ३० | ४२. | ज्ञानु गन्धर्व | ४३ |
| १६. | पदमबहादुर गायक | ३३ | ४३. | सेती गन्धर्व | ५९ |
| १७. | अर्जुन गायक | ३४ | ४४. | पुनम गन्धर्व | २२ |
| १८. | भरत गायक | २८ | ४५. | बलबहादुर गन्धर्व | ४५ |
| १९. | बेलमान गायक | ३७ | ४६. | लक्ष्मी गन्धर्व | ४९ |
| २०. | भगवती गायक | ३४ | ४७. | मिनु गन्धर्व | ३० |
| २१. | ज्ञानेन्द्र गायक | २९ | ४८. | नैनाकला गायक | ८० |
| २२. | रामजी गायक | ३३ | ४९. | सन्तोष गन्धर्व | २५ |
| २३. | तीर्थबहादुर गायक | २८ | ५०. | दिलबहादुर गन्धर्व | ६५ |
| २४. | सूर्यबहादुर गायक | २८ | ५१. | हरि गायक | ३६ |
| २५. | किसान गायक | २९ | ५२. | सूर्यबहादुर गायक | २५ |
| २६. | भीमबहादुर गायक | ३३ | ५३. | गणेश गन्धर्व | ५० |
| २७. | उपेन्द्र गायक | २२ | ५४. | शिवमाया गायक | ६० |

# अध्ययनसँग सम्बन्धित दृश्यहरू



दुलाहा-दुलहीलाई आफन्तले टीका लगाउँदै ।



दुलाहको घर



रत्यौली खेल्ने महिलालाई पैसा दिँदै ।



रत्यौलीमा नृत्य गर्दै महिलाहरू ।



आफ्नो मौलिक बाजा बजाउँदै गन्धर्वहरू ।



मुख्य सूचनादाता गणेश गन्धर्व र शिवमाया गन्धर्वसँग शोधकर्ता ।